जातीय भेदभाव विरूद्ध राष्ट्रिय मंचद्वारा संचालित

संविधान निर्माण तथा लोकतान्त्रीकरण प्रक्रियामा वहिष्करणमा परेका समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने परियोजना

सामाजिक परिचालकको हातेकिताव

सामाजिक परिचालकको हातेकिताब

सल्लाहकार :

लेखक : नारायण निङलेखू

प्रथम संस्करण :

आवरण तथा ले-आउट : ग्राफिक वर्कशप, बागबजार

मुद्रण :

मूल्य :

प्रकाशन सहयोगी :

प्रकाशक :

ISBN No.

आभार

जातीय भेदभाव विरूद्ध राष्ट्रिय मंचले "संविधान निर्माण तथा लोकतान्त्रिकरण प्रक्रियामा वहिष्करणमा परेका समुदायहरूको प्रतिनिधित्व सुनिश्चित गर्ने परियोजना" संचालन गरिरहेको छ । यसै सिलसिलामा महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा धार्मिक अल्पसंख्यकहरू समेटिएको पूर्ण समावेशी संविधानसभा निर्माण हुन सकोस् र बहिष्करणमा परेका समुदायहरूका जल्दाबल्दा मुद्दाहरूलाई सर्वमान्य संवैधानिक सिद्धान्त र मूल्य-मान्यताका आधारमा समावेश र सम्बोधन गर्न असल संविधानको निर्माण गर्ने कार्यमा सहयोग पुग्न सकोस् भन्ने उद्देश्यले सामाजिक परिचालकहरूका लागि प्रशिक्षक-प्रशिक्षण कार्यक्रम संचालन भइरहेको छ ।

सामाजिक परिचालकहरूले प्रशिक्षक-प्रशिक्षण कार्यक्रममा भाग लिइसकेपछि आ-आनो कार्यक्षेत्रमा महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा धार्मिक अल्पसंख्यकहरूलाई संविधान भनेको के हो, संविधानसभा भनेको के हो, राज्यको पुनर्संरचना के र कस्तो हुनुपर्छ, निर्वाचन प्रणालीका किसिमहरू के कस्ता हुनसक्छन्, एकात्मक र संघात्मक व्यवस्थाका कुराहरू के हुन्, महिला, दलित, आदिवासी जनजाति, मधेसी तथा धार्मिक अल्पसंख्यकहरूले उठाइरहेका जल्दाबल्दा मुद्दाहरू के हुन्, समावेशीकरणका सवालहरू के कस्ता हुन् जस्ता विषयहरूमा प्रशिक्षण दिनेछन् । सामाजिक परिचालक, सबै किसिमका सरोकारवाला र अन्य खेलाडीहरू (Actors) संविधानसभाको निर्वाचन र संविधान निर्माणको सम्पूर्ण प्रक्रियामा व्यापक जनसहभागिता जुटाउन समुदायस्तरमा लागि पर्नेछन् । यो अभियानमा सहयोग पुग्न सकोस् भन्ने हिसावले सामाजिक परिचालकहरूका लागि यो हातेकिताब तयार गरिएको छ ।

हेर्न र उपयोग गर्न सजिलो होस् भन्नका लागि हातेकितावलाई पांच भागमा मिलाएर राखिएको छ, ती हुन्- परिचय, पाठ योजना, शव्दावलीका अर्थ/परिभाषा, उद्धृत सामग्री, र जल्दाबल्दा मुद्दाहरू ।

सामाजिक परिचालकका लागि प्रशिक्षण प्रक्रियामा प्रयोग गर्न उद्धृत गरिएका सामग्रीहरू नेपाल समसामयिक अध्ययन केन्द्रद्वारा प्रकाशित नेपालमा लोकतन्त्र र संविधानसभा – एक छलफल, फोरिड र आर्एस्डिसीको संविधानसभा– वकालत प्रशिक्षण पुस्तिका, मल्ल के. सुन्दरद्वारा तयार पारिएको र नेपाल आदिवासी जनजाति महासंघद्वारा प्रकाशित संविधानसभा प्रक्रिया र आदिवासी जनजाति दृष्टिकोण, डा.महेन्द्र लावतीद्वारा लिखित समावेशी संविधानसभा र राज्यको पुनर्संरचना बाट लिइएका छन् । यी सामग्रीलाई प्रशिक्षण सामग्रीकोरुपमा प्रयोग गरिनेछन् ।

विशेष गरेर 'मूल्याङ्कन' मासिकले अन्तरक्रियाको रूपमा प्रकाशित गरेर बजारमा उपलब्ध गराएको लेखहरूबाट उद्धृत गरिएका अंशहरु अध्ययन सामग्रीकोरुपमा हातेकितावमा समावेस गरिएका छन् । 'समय' साप्ताहिकको लेखबाट पनि उद्धृत गरिएका अंशहरु छन् । ती लेखहरूको प्रयोग गरिनु आपत्तिजनक हुने छैन भन्ने विस्वास लिएको छु । सम्बन्धित सबैप्रति धन्यवाद व्यक्त गर्दछु ।

हातेकिताव तयार गर्न सबै किसिमका सामग्रीहरू उपलब्ध गराएर, आवश्यक प्रबन्ध मिलाई सल्लाह र सुझाव दिएर सहयोग पुऱ्याउनु हुने जातीय भेदभाव विरूद्ध राष्ट्रिय मंचका आयोजना प्रबन्धक नेत्र तुम्बाहाम्फे र कार्यक्रम अधिकृत रोम विश्वकर्माप्रति आभार व्यक्त गर्न चाहन्छु । टाइपिङको सम्पूर्ण काम गरिदिएर सहयोग गर्ने विश्वराम थापालाई विषेश धन्यवाद दिन चाहन्छु ।

प्राक्कथन

आज नेपाल एक महत्वपूर्ण ऐतिहासिक मोड भएर अघि बढिरहेको छ । सबै राजनीतिक र सामाजिक शक्तिहरू लोकतन्त्रको सुदृढिकरण र राज्यको पुनःसंरचना गर्ने अभियानमा जुटेका छन् । तर बहस अझै शहरबजारका प्रबुद्धवर्गमै बढी केन्द्रित छ । भाषा, सँस्कृती र भौगोलिक दुर्गमताका व्यवधानले गर्दा विद्यमान शक्तिसमुहहरू, सँस्थापन पक्ष, प्रबुद्धवर्ग र तीनका संगठनात्मक संरचना र संयन्त्रहरू बहिष्कृत समुदायहरूसम्म पुग्न सकिरहेका छैनन् । जबकी हालसम्मका मानवअधिकार हनन, शोषण र बहिष्करणका व्यवहारबाट दलित, आदिवासी जनजाति, मधेशी, महिला, अल्पसंख्यक धार्मिक समूह र दुर्गमक्षेत्रका जनतानै बढी पीडित रहिआएकाछन् । यसरी नयाँ संविधान निर्माण र राज्यको पुनःसंरचना मार्फत बहिष्करणमा परेका यी समुदायका राजनीतिक स्वायत्तता, साँस्कृतिक पहिचान र आत्मनिर्णयको अधिकार सुनिश्चित गर्नपर्ने टड्कारो आवश्यकता छ । यहि सन्दर्भमा जातीय भेदभाव विरूद्ध राष्ट्रियमंच (NCARD) ले Danida HUGOU र RDIF को सहयोगमा संचालित 'संविधान निर्माण र लोकतान्त्रिकरणको प्रक्रियामा बहिष्करणमा परेका समुदायको प्रतिनिधित्व सुनिश्चित गर्ने' परियोजनाको कार्यान्वयन गरिरहेको छ । यस परियोजना मार्फत संविधानसभा र संविधान निर्माणका विषय र प्रक्रियाका वारेमा चेतना जगाएर राज्यको पुनःसंरचनामार्फत आफ्ना सवालहरूको समाधान निकाल्न राजनीतिक दलका साथै संविधानसभालाई प्रभावप(ार्नसक्नेगरी यी बहिष्करणमा परेका समुदायको क्षमता अभिबृद्धि गर्न जातीय भेदभाव विरूद्ध राष्ट्रियमंच (NCARD) लागिपरेको छ ।

यसरी संविधानसभा र संविधान निर्माणका विषय र प्रक्रियाका वारेमा बहिष्करणमा परेका समुदायसंग प्रत्यक्ष भेटघाट र अन्तर्क्रिया गरी चेतना जगाउने, उनीहरूलाई संगठित गर्ने र आफ्ना राजनीतिक स्वायत्तता, साँस्कृतिक पहिचान, आत्मनिर्णयको अधिकार र विशेष संरक्षण सहितका अग्राधिकार सुनिश्चित गर्ने सवालहरूलाई नयाँ संविधान निर्माण तथा राज्यको पुनःसंरचना मार्फत संबोधित गराउन परियोजनाको कार्यक्षेत्रमा पर्ने जम्मा २५ जिल्लाहरूमा जम्मा २५० सामाजिक परिचालकहरूको परिचालन गरिएको छ । यसकोलागि गाउँ-गाउँमा, टोल-टोलमा प्रभावकारी किसिमले नागरिक चेतना जागरण अभियान संचालन गर्नकोलागि सामाजिक परिचालकहरूकै क्षमता अभिवृद्धि गर्नु पहिलो आवश्यकता हो । यस सन्दर्भलाई ख्यालमा राखेर यस परियोजना अन्तर्गत देशका विभिन्न पाँच केन्द्रहरूमा सामाजिक परिचालकहरूलाई प्रशिक्षक-प्रशिक्षण तालिम दिने कार्यक्रम रहेको छ । यस प्रशिक्षक-प्रशिक्षण तालिम र सामाजिक परिचालकहरूले चलाउने नागरिक चेतना जागरण अभियान समेतलाई अवधाराणात्मक र कार्यविधिय दिक्दर्शन दिनको लागि यो हातेकिताब तयार गरिएको छ ।

यस हातेकिताबमा संविधान, संविधानसभा, संविधान निर्माण प्रक्रिया, संघीय राज्यप्रणाली, स्वशासन, आत्मनिर्णयको अधिकार र निर्वाचनप्रणाली जस्ता समसामयीक अवधारणाका वारेमा स्पष्ट हुन मद्दत पुऱ्याउने अभ्यास सामग्रीहरूको साथै नेतृत्व, जनवकालत, राज्यको पुनःसंरचना, तथा समावेशीकरण, धर्मनिरपेक्षता र बष्करणमा परेका समुदायको प्रतिनिधित्व र सहभागिता बढाउनुपर्ने सवालसंग सम्बन्धित

सेसन र सामग्रीहरू समेत समेटिएका छन् । त्यस्तै संचार तथा प्रशिक्षण सीप, गठबन्धन र प्रशिक्षकले नबिर्सनुपर्ने कुराहरू जस्ता सीप-ज्ञानसँग सम्बन्धित सेसनहरूको साथै सामाजिक परिचालकको काम-कर्तव्य र कार्ययोजना तर्जुमा जस्ता व्यबहारिक अभ्यासहरूसमेतले यस हातेकिताबलाई पूर्णता प्रदान गरेको छ । यस हातेकिताबका आधारमा प्रशिक्षित सामाजिक परिचालकहरूबाट कम्तीमा ३५ विभिन्न भाषिक आदिवासी जनजाति, दलित, अल्पसंख्यक धार्मिक समूह, मधेशी, दुर्गमक्षेत्रका समुदायका महिला र पुरूष दुबैमा समानरूपमा संविधानसभा, संविधान निर्माण र राज्यको पुनःसंरचनासँग सम्बन्धित स्पष्ट जानकारी पुगेर ती समुदायले राजनीतिक दलहरू र संविधानसभालाई प्रभाव पारी आफ्ना सवालहरूको समाधान गर्न सफलता प्राप्तगर्ने प्रश्नसंगनै यस किताबको उपादेयता जोडिएको छ । जो निकैनै चुनौतीपूर्ण छ ।

अन्त्यमा यो हातेकिताबको तयारीमा उपयोग भएका सन्दर्भसामग्रीका सबै स्रोतव्यक्तिहरू, यसको तयारीमा लागिपर्ने परियोजनाका कर्मचारीहरू, यसमा योगदान गर्ने जातीय भेदभाव बिरूद्ध राष्ट्रिय मञ्च (NCARD) का सबै सदस्यहरू यस किताबको उपयोगबाट बहिष्करणमा परेका समुदायमा आउने जागरणको श्रेयका भागिदार हुनु हुनेनै छ । जसको लागि उहाँहरूलाई हार्दिक शुभकामना व्यक्त गर्दछु । बहिष्करणमा परेका समुदायको चेतना जागरण र राज्यको पुनःसंरचनाको प्रक्रियामा उनीहरूको प्रभावकारी भूमिकाको लागि क्षमता अभिबृद्धिमा मद्दत पुऱ्याउने सामाजिक परिचालकहरूको तालिमको तर्जुमा र खाका बनाई यस हातेकिताबलाई यो रूपमा तयारगर्नुहुने विज्ञ नारायण निङलेखूजी र यसमा आंशिकरूपमा मद्दत गर्नुहुने धर्म श्रेष्ठजीलाई पनि सफलताको शुभकामनाका साथै हार्दिक धन्यवाद व्यक्त गर्दछु । यस हातेकिताब को आधारमा ज्ञान, सीप र दक्षता हासिल गरी बहिष्करणमा परेका समुदायलाई जगाउने, संगठितहुन मद्दत गर्ने र नयाँ संविधान निर्माण प्रक्रियालाई आफ्नो हक-हितको पक्षमा प्रभाव पार्नसक्ने अभियानमा जुटाउने प्रमुख जिम्मेवारी भने सामाजिक परिचालकहरूकै हो । यसको लागि दत्त-चित्तले लाग्न म सामाजिक परिचालकहरूलाई आव्हान गर्दछु ।

डा. सुमित्रा मानन्धर गुरुङ
अध्यक्ष
जातीय भेदभाव विरुद्ध राष्ट्रिय मञ्च (NCARD)
– नारायण निङलेखू

विषय सूची

परिचय

सामाजिक परिचालकहरूका लागि प्रशिक्षक-प्रशिक्षण कार्यक्रम

परिचय

समयको पावन्दीभित्र रहेर सामाजिक परिचालक सहभागीहरूले पाँचदिने प्रशिक्षण प्रक्रियामा कतिसम्म ग्रहण गर्न सक्छन् भन्ने कुरालाई ध्यानमा राखेर प्रशिक्षण विधि र समय-बजेट निर्धारण गरिएको छ । प्रशिक्षणका उद्देश्यहरु निर्दिष्ट र सरल ढंगले उल्लेख गरिएका छन् । सजिलो ढंगले बुझ्न सकिने र सिक्न सकिने बनाउन प्रशिक्षण प्रक्रियाको सिलसिलावद्ध वर्णन गरिएको छ ।

प्रशिक्षण कार्यक्रमका पाठयोजनाहरूमा तीन किसिमका प्रशिक्षणका विषय वा शीर्षकहरूलाई मिलाएर राखिएका छन् ।

पहिलो किसिमको विषयमा प्रशिक्षक वा सहजकर्तामा हुनुपर्ने न्युनतम् प्रशिक्षण तथा संचारसीपका कुराहरू छन् । दोस्रो किसिममा भोलि व्यापक सामाजिक परिचालनको अभियानमा सामाजिक परिचालकलाई आवश्यक पर्ने नेतृत्व तथा जनवकालतसम्बन्धी ज्ञान र सीपका विष(ायहरु साथै आत्मगौरवको अनुभूतिका सन्दर्भहरु छन् । तेस्रो किसिमका विषयहरु भनेको संविधान, संविधानसभा, राज्यको पुनःसंरचना, संघीयता, निर्वाचन प्रणाली, दलित, आदिवासी जनजाति, मधेसी, धार्मिक अल्पसंख्यक तथा महिलाहरूका जल्दबल्दा मुद्दाहरू हुन् ।

प्रशिक्षणसीप तथा संचारसीप विकासका लागि प्रशिक्षार्थी सहभागीहरु अभ्यास गर्नेछन् । व्याख्यानसीप, सामूहिक छलफलको सहजीकरण गर्ने सीप, राय सुझाव दिने लिने फिडब्याक वा पृष्ठपोषणसीपको विकास गर्नका लागि ध्यान दिनु पर्ने कुराहरूबारे सचेतना जगाउन तथा आवश्यक सीपको विकास गर्न सिलसिलावद्ध अभ्यास गराइनेछ ।

नेतृत्व, जनवकालत, गठबन्धन जस्ता विषयहरूमा सहभागीहरूबीच समान धारणा र समझ् बनाउन छलफल र अभ्यासका प्रक्रियाहरू अपनाइने छन् । चिन्तन र छलफलको माध्यमद्वारा आफ्ना अनुभव र विचारहरू माझेर निष्कर्षमा पुग्ने अभ्यास गरिनेछ । त्यस्तै, आत्मगौरव (Self-Esteem) सम्बन्धी सचेतना जगाउन सहभागीहरूलाई आत्मनिरीक्षण र आफ्ना सकारात्मक पक्ष्यहरूको पहिचान गर्न अभ्यास गराइनेछ ।

सहभागीहरूको सैद्धान्तिक ज्ञानमा वृद्धि गर्न, विषयगत अवधारणामा स्पष्टता ल्याउन, जल्दावल्दा मुद्दाहरूप्रतिको दृष्टिकोणमा समानता ल्याउनका लागि एकल र समूहगत अभ्यास र

अध्ययनसामग्रीहरुको अध्ययन गराइनेछ । सैद्धान्तिक ज्ञान आर्जन गर्नका लागि प्रशिक्षार्थीहरूले ती सामग्रीहरुको अध्ययन गर्न प्रशस्त समय खर्च गर्नुपर्ने हुन्छ । प्रशिक्षार्थीहरूमा धारणागत स्पष्टता ल्याउने प्रयासमा राम्रो सहयोग पुग्न सकोस भन्नका लागि स्रोतव्यक्तिहरूको सहयोग लिनुपर्ने पनि हुन सक्छ । जल्दावल्दा मुद्दाहरूका सम्बन्धमा समान बुझाई र साझा दृष्टिकोण निर्माण गर्न सामूहिक अभ्यासकार्यमा लाग्नुपर्ने हुन्छ ।

प्रशिक्षण सामग्रीको रूपमा न्युजप्रीन्ट, लेखनबोर्ड, मेटाकार्ड, पोष्टर जस्ता सजिलै उपलब्ध हुनसक्ने सामग्रीहरूलाई धेरै हदमा प्रयोग गरिनेछ । ल्यापटप/एल्सिडि, ओभरहेड प्रोजेक्टर जस्ता प्रविधिहरू प्रभावकारी, रोचक र समयको वचत हुने भएकाले त्यसको प्रयोग पनि हुनेछ ।

प्रशिक्षक-प्रशिक्षण कार्यक्रमको लक्ष्य र उद्देश्यहरू

वहिस्करणमा परेका महिला, दलित, आदिवासी जनजाति, मधेसी, धार्मिक तथा अन्य अल्पसंख्यक समुदायहरुको प्रतिनिधित्व र पहुंच सुनिश्चित गर्नका लागि सहभागीहरुलाई सबल र सकृय बनाउनु प्रशिक्षण कार्यक्रमको खास लक्ष्य हो । प्रशिक्षण कार्यक्रममा समावेश गरिएका पाठ योजनाका उद्देश्यहरु निम्न बमोजिम छन् : –

प्रशिक्षणपछि सहभागीहरुले

- नेतृत्वको अर्थ, असल नेतामा हुनुपर्ने गुण, र नेतृत्वको भूमिका बारे ब्याख्या गर्न सक्नेछन् ।
- जनवकालतको अर्थ र किसिम तथा जनवकालत गर्ने तरिकाहरु पहिचान गर्न सक्नेछन् ।
- प्रशिक्षकले जान्नुपर्ने व्याख्यान विधि र समूहगत छलफलका विधिहरुका बारेमा बताउन सक्नेछन्, व्यवहारीक अभ्यासको माध्यमद्वारा प्रशिक्षणसीप प्रदर्शन गर्न सक्नेछन् ।
- संविधानको अर्थ, उद्देश्य, सिद्धान्त के हुनु पर्छ, र अन्तरिम संविधानमा के र कस्ता प्रावधान छन् भन्नेबारे बताउन सक्नेछन् ।
- संविधानसभाको अर्थ, उद्देश्य र गठनप्रकृयाबारे वर्णन गर्न सक्नेछन् ।
- संविधान निर्माणप्रकृयामा जनताको प्रत्यक्ष सहभागिताबारे बताउन सक्नेछन ।
- संविधान निर्माणप्रकृयामा राजनीतिक दलहरु, नागरिक समाज र अन्य खेलाडीहरु (Actors) को भूमिकाबारे बिचार दिन सक्नेछन् ।
- समावेशीकरणको तात्पर्य बताउन सक्नेछन् र वहिस्करणमा पारिएका समुदायहरुको प्रतितिधित्व संविधानसभामा कस्तो हुनु पर्छ भन्नेबारे सुझाव दिन सक्नेछन् ।
- राज्यको अर्थ र संघीय प्रणालीकाबारेमा बताउन सक्नेछन् ।
- स्वशासनको कस्तो व्यवस्था हुनु पर्छ र संघीय प्रणालीमा आत्म-निर्णयको अधिकार के हुनुपर्छ भन्ने विषयमा बहस गर्न सक्नेछन् ।

- **निर्वाचन प्रणालीको अर्थ र किसिमहरु** : बढीमत/बहुमत प्रणाली, समानुपातिक प्रतिनिधित्व प्रणाली र मिश्रित प्रणालीबारे बताउन सक्नेछन् ।
- महिलाहरुका, दलितहरुका, आदिवासी जनजातिका, मधेसीहरुका, अल्पसंख्यक धार्मिक समुदायका जल्दावल्दा मुद्दाहरुको पहिचान गर्न सक्नेछन् र अव वन्ने नया संविधानमा उनीहरुका जल्दावल्दा मुद्दाहरुलाई कसरी समेट्ने भन्नेबारे सुझाव दिन सक्नेछन् ।

प्रशिक्षक-प्रशिक्षण कायक्रम कार्यान्वयन

प्रशिक्षक-प्रशिक्षण कार्यक्रम जम्मा पाँच दिनको हुनेछ । एउटा प्रशिक्षण समूहमा ५० जना सामाजिक परिचालकहरूले भाग लिनेछन् । यसप्रकार जम्मा २५० जना सहभागीहरूलाई प्रशिक्षण दिइनेछ । प्रशिक्षक-प्रशिक्षणमा भागलिएपश्चात २५० मध्य प्रत्येक सामाजिक परिचालकले आ-आफ्नो कार्यक्षेत्रमा अर्को २५० जनाका दरले दलित, आदिवासी जनजाति, मधेसी, धार्मिक अल्पसंख्यक तथा महिलाहरूलाई स्थानीयस्तरमा प्रशिक्षण दिनेछन् ।

प्रशिक्षक प्रशिक्षण कार्यक्रमका लागि जम्मा पाँच भौगोलिक केन्द्रहरू तोकिएका छन् ।

१. **काठमाडौं केन्द्र**
काठमाडौं, ललितपुर, भक्तपुर, सिन्धुपाल्चोक, रसुवा ।

२. **विराटनगर केन्द्र**
झापा, सप्तरी, तेह्रथुम, ओखलढुङ्गा, सोलु ।

३. **हेटौंडा केन्द्र**
मकवानपुर, पर्सा, रौतहट, सर्लाही, सिराहा ।

४. **बुटवल केन्द्र**
दाङ्ग, कपिलवस्तु, रूपन्देही, बागलुङ्ग ।

५. **नेपालगंज केन्द्र**
हुम्ला, जुम्ला, रूकुम, रोल्पा, कैलाली, बाँके ।

प्रशिक्षकले नबिर्सनुपर्ने कुराहरू

१. वयस्कहरूलाई प्रशिक्षण दिँदा यो बिर्सनु हुँदैन कि

- वयस्कहरूले यो संसार देखेका हुन्छन्, भोगेका हुन्छन् । त्यसैले उनीहरूसँग धेरै अनुभव, विचार र आना प्राथमिकताका कुराहरू हुन्छन् ।

- आफूले जान्नुपर्छ भन्ने कुरा वयस्कहरूले बुझेका हुन्छन् । के जान्नुपर्छ, कति जान्नुपर्छ भन्ने कुरा उनीहरू महसुस गर्न सक्दछन् ।

२. प्रशिक्षणकार्यमा प्रशिक्षकको भूमिका भनेको सिक्ने प्रक्रियालाई सहजीकरण गर्नु हो, सिक्ने प्रयासमा मद्दत गर्नु हो । यसरी सहजीकरण वा मद्दत गर्दा प्रशिक्षकले निम्न कामहरू गर्नुपर्दछ–

- सहभागीहरूलाई प्रशिक्षण प्रक्रियामा सँधै सक्रिय राख्ने ।
- प्रशिक्षण कार्यक्रमबाट सिक्ने विषयहरू उनीहरूको सामाजिक, आर्थिक, राजनीतिक, सांस्कृतिक जीवनसँग सम्वन्धित छन् भन्ने महसुस गराउने ।
- सिक्ने प्रक्रियामा सहभागीहरूलाई सकारात्मक प्रतिक्रिया र सुझावहरू दिइरहने ।
- उनीहरूले सिकेका कुराहरू तत्काल उपयोग गर्न सकिन्छ भन्ने महसुस गराउने ।
- प्रशिक्षणको सिलसिलामा छलफल गर्न उनीहरूलाई आफ्ना कुरा खुलस्त राख्न दिने ।

३. प्रशिक्षकले एकोहोरो बोलिरहँदा सिक्ने प्रक्रिया त्यति प्रभावकारी नहुन सक्छ । वयस्कहरू सामान्यतया ३० मिनेटभन्दा बढी समयसम्म कुरो सुन्नका लागि ध्यान केन्द्रीत गर्न सक्दैनन् ।

पुनश्च : प्रशिक्षण कार्यक्रमका सहभागीहरूको संख्या एउटा प्रशिक्षण समूहमा ५० हुनेछ जुन सामान्यतयाभन्दा अलि ठूलो आकारको हो । यो अवस्थामा प्रशिक्षकले होसियार भएर काम गर्नु पर्ने हुन्छ । राम्ररी ध्यान दिनुपर्ने कुराहरू हुन्- प्रक्षिकको आवाज, लेखनबोर्ड र न्युजप्रिन्टमा लेखिएका अक्षर, पोष्टर र अन्य श्रव्यदृश्यका कुराहरू सहभागीले पढ्न वा सुन्न सक्छन् सक्दैनन्, समूहगत र एकल अभ्यासका प्रक्रियाहरू कति प्रभावकारी हुन्छन्, सहभागी र प्रशिक्षकहरू आफूलाई एकआपसमा कति नजिक वा टाढा पाउँछन्, इत्यादि । यस्तो ठूलो समूहको लागि प्रशिक्षण कक्षको भौतिक व्यवस्था, फर्निचर र सहभागीहरू बस्ने प्रवन्ध के कस्तो हुनु पर्छ भन्ने कुरामा पनि विषेश ध्यान पुऱ्याउनु पर्ने हुन्छ ।

प्रशिक्षक–प्रशिक्षण कार्यक्रमको मूल्याङ्कनः

पाँचदिने प्रशिक्षक-प्रशिक्षण कार्यक्रमको अन्तमा प्रशिक्षण कार्यक्रम कति सार्थक रह्यो र सहभागीहरूले कतिसम्म कुरो बुझ्न र सिक्न सके भन्ने थाहा पाउन तथा भविष्यमा यस्तो प्रशिक्षण कार्यक्रमहरूलाई अझै प्रभावकारी बनाउनका लागि के कस्ता सुधारहरू गर्न आवश्यक हुन्छ त्यो सम्बन्धी सुझाव सल्लाह सङ्कलन गर्न मूल्याङ्कन-सामग्रीको प्रयोग गरि प्रशिक्षक-प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन गरिनेछ ।

मूल्याङ्न-सामग्री

प्रशिक्षण संचालन भएको मिति : .....

प्रशिक्षण संचालन भएको स्थान : .....

सहभागीको नाम : (लेख्नु पर्दैन)

१. **प्रशिक्षणका विषयवस्तुहरू कतिको उपयोगी छन् ?**

○ धेरै उपयोगी छन् ○ उपयोगी छन् ○ उपयोगी छैनन्

२. **यो प्रशिक्षणबाट नयाँ कुरो कुन हदमा सिके जस्तो लाग्छ ?**

○ धेरै हदमा सिकियो ○ केही हदमा सिकियो ○ सिके जस्तो लाग्दैन

३. **प्रशिक्षणको विधि/तरिका कस्तो लाग्यो ?**

○ भाषण बढी भयो ○ छलफल बढी भयो ○ जे भयो राम्रै भयो

४. **प्रशिक्षण कार्यक्रम कतिको रमाइलो लाग्यो ?**

○ धेरै रमाइलो लाग्यो ○ रमाइलो लाग्यो ○ अल्छी लाग्दो भयो

यो प्रशिक्षण कायक्रमको

१. राम्रो पक्ष्य के लाग्यो ?

.....

.....

.....

२. कमजोर पक्ष्य के लाग्यो ?

.....

.....

.....

३. प्रशिक्षण कार्यक्रमबाट सबभन्दा बढी आफूले जानकारी लिन सकेको वा सबभन्दा बढी आफू लाभान्वित भएको कुनै एक वा दुई विषय कुन ठान्नु हुन्छ र किन ठान्नु हुन्छ संक्षेपमा उल्लेख गर्नुहोस् ।

.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....
.....

४. प्रशिक्षणबारे विशेष सल्लाह/सुझाव छ भने

.....
.....
.....
.....

सामाजिक परिचालक (Social Mobilizer) को काम कर्तव्य

संविधानसभामा महिला, दलित, आदिवासी जनजाति, मधेसी, धार्मिक तथा अन्य अल्पसंख्यकहरुको प्रतिनिधित्वको मुद्दाबारे तथा संविधानसभाको प्रक्रियाबारे ती समुदायहरुलाई नागरिक शिक्षा दिनु र आना मुद्दाहरुको संबोधन गर्न गराउन सक्ने वातावरण सिर्जना गर्नु सामाजिक परिचालकको मुख्य जिम्मेवारी हुनेछ ।

काम कर्तव्य

१. आफ्नो कार्यक्षेत्र भित्र वहिस्करणमा पारिएका कम्तिमा २५० जना व्यक्तिहरुलाई संविधानसभा, संविधान निर्माण प्रक्रिया, संघीयता, राज्यको पुनर्संरचना, निवार्चन प्रणाली, वहिस्करणमा पारिएका समुदायहरुको समावेशीकरण विषयमा चेतना अभिवृद्धि गर्न प्रशिक्षण दिने ।

२. संविधानसभाको निर्वाचनलाई स्वच्छ, निष्पक्ष र निर्भयपूर्ण वातावरणमा गर्न गराउन जनजागरण गर्ने गराउने ।

३. संविधानसभा, संविधान निर्माण, संघीयता, राज्य संरचना, निवार्चन प्रणाली, समाबेशी प्रजातन्त्र, आदि सम्वन्धी पुस्तिका, ब्रोशर, पाम्प्लेट तथा अन्य सामग्रीहरु वितरण गर्ने ।

४. समान उद्देश्य बोकेका अन्य व्यक्ति, समूह, नागरिक समाज, संघसंस्था वा अन्य सरोकारवालाहरुसंग समन्वय गरेर समाजमा नागरिक शिक्षा दिने ।

५. समान उद्देश्य बोकेका अन्य व्यक्ति, समूह, नागरिक समाज, संघसंस्था वा अन्य सरोकारवालाहरुसंग मिलेर संजाल तथा गठबन्धन निर्माण गरि कार्यक्रम संचालन गर्ने ।

६. दलित, आदिवासी जनजाति, मधेसी, धार्मिक अल्पसंख्यक तथा महिलाहरुलाई संगठित गरेर जनवकालत कार्यक्रमहरु संचालन गर्ने ।

७. संविधानसभामा आनो प्रतिनिधित्व र नयां संविधानमा आना मुद्दाहरु समावेश गर्न गराउन दलित, आदिवासी जनजाति, मधेसी, धार्मिक अल्पसंख्यक तथा महिलाहरुलाई सक्षम बनाउने ।

८. आफूले प्रशिक्षण दिएको २५० जना व्यक्तिहरुको काम नियमितरुपले अनुगमन गर्ने ।

पाठयोजना

प्रशिक्षक–प्रशिक्षणका पाठ योजनामा समावेश गरिएका विषयशीर्षक/उपशीर्षकहरू

- सामाजिक परिचालकको काम कर्तव्यका सन्दर्भमा संचार तथा प्रशिक्षणसीपको महत्व ।
- नेतृत्वको अर्थ र भूमिका ।
- जनवकालतका किसिम र जनवकालत गर्ने तरिकाहरु ।
- गठबन्धनको अर्थ, फाईदा र वेफाईदाहरु ।
- आत्मगौरव (Self-Esteem)
- संविधान भनेको के हो ।
- नेपालमा भावी संविधानको मूलभूत उद्देश्य र सिद्धान्त के हुनु पर्छ ।
- अन्तरिम संविधानमा कस्ता प्रावधानहरु छन् ।
- संविधानसभा भनेको के हो ।
- नेपालमा संविधानसभाको ऐतिहासिक पृष्ठभूमि ।
- संविधानसभाको गठनप्रक्रिया ।
- संविधान बनाउने काममा जनताको प्रत्यक्ष सहभागिता ।
- वहिस्करणमा पारिएका समुदायहरुको प्रतितिधित्व संविधानसभामा कस्तो हुनु पर्छ ।
- राज्य भनेको के हो ।
- राज्यको पुनर्संरचना तथा समावेशीकरण ।
- संघीय प्रणाली भनेको के हो ।
- एकात्मक र संघात्मक प्रणाली के हुन् ।
- संघीय प्रणालीमा स्वशासनको कस्तो व्यवस्था हुनु पर्छ ।
- संघीय प्रणालीमा आत्मनिर्णयको अधिकार कस्तो हुनु पर्छ ।
- निर्वाचनका किसिमहरु : निर्वाचनको अर्थ, पहिलो हुने निर्वाचित हुने प्रणाली, समानुपातिक प्रतिनिधित्व प्रणाली र मिश्रित प्रणाली ।
- महिला, दलित, आदिवासी जनजाति, मधेसी, र धार्मिक अल्पसंख्यका जल्दावल्दा मुद्दाहरु र अव वन्ने नया संविधानमा ती मुद्दाहरुलाई कसरी समेट्ने ।

प्रशिक्षक-प्रशिक्षण पाठ योजना

पाठ योजना- १

प्रशिक्षण शीर्षक	संचार तथा प्रशिक्षणसीप
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले – संचारको अर्थ र महत्व बताउन सक्नेछन्, – प्रशिक्षण प्रक्रियामा समूहगत छलफल विधिको कहां कसरी प्रयोग गरिन्छ भन्नेबारे बताउन सक्नेछन्, – अभ्यासद्वारा प्रशिक्षणको व्याख्यान विधि पदर्शन गर्न सक्नेछन्, – फिडब्याक (फिडब्याक) को अर्थ बताउन सक्नेछन् र फिडब्याक दिने लिने तरिका प्रदर्शन गर्न सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, ओभरहेड प्रोजेक्टर, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	४ घण्टा

प्रशिक्षण विधि

१.१. **संचार भनेको के हो** भन्नेबारे सहभागीहरुलाई सोध्ने र उनिहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै प्रशिक्षकले संचारको अर्थ र महत्वबारे आफ्नो प्रश्तुति दिने ।

कुनै कुरो एक तर्फी, दुई तर्फी वा चौतर्फी रुपमा बुझ्ने बुझाउने प्रक्रियालाई संचार भनिन्छ । बोली, व्यवहार, हाउभाउ वा श्रव्यदृश्य सामग्रीको माध्यमबाट संचार गरिन्छ । सामाजिक परिचालकको भूमिकालाई हेर्दा सामाजिक परिचालकको प्रभावकारिता वा सफलता उसको संचारसीपमा निर्भर रहन्छ । प्रभावकारी संचारले मानिसको मन र मस्तिष्कलाई प्रभावित गर्दछ, मानिसको धारणा र भावनामा परिवर्तन ल्याउंछ ।

१.२. **प्रशिक्षण भनेको के हो** भन्नेबारे सहभागीहरुलाई आफ्नो बुझाई एकलरुपमा मेटाकार्डमा लेख्न लगाउने । यसरी प्रत्येक सहभागीद्वारा प्रशिक्षणको अर्थबारे चिन्तन-अभ्यासपछि प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।

यो प्रशिक्षक-प्रशिक्षण कार्यक्रमको सन्दर्भमा प्रशिक्षणको परिभाषा :

प्रशिक्षण भनेको प्रशिक्षक प्रशिक्षार्थीहरुको सामुहिक अभ्यासद्वारा समान विचारधारा र दृष्टिकोण निर्माण गर्ने प्रक्रिया हो । निर्दिष्ट ज्ञान र सीपको विकास गर्ने सिलसिलावद्ध प्रक्रिया हो ।

१.३. सामाजिक परिचालकको काम कर्तव्यको सन्दर्भमा संचार तथा प्रशिक्षणसीपको के महत्व छ भन्नेबारे स्पष्ट पार्न प्रशिक्षकले सामाजिक परिचालकको काम कर्तव्य प्रश्तुत गर्ने ।

१.४. मेटाकार्डको प्रयोगद्वारा प्रशिक्षकले प्रशिक्षण विधिहरुबारेमा चर्चा गर्ने । त्यस पश्चात, सामाजिक परिचालकको काम कर्तव्यको सन्दर्भलाई जोडेर दुई प्रमुख प्रशिक्षण विधिहरु समूहगत छलफल र व्याख्यान विधि सम्बन्धी आफ्नो प्रश्तुति दिने ।

समूहगत छलफल

समूहगत छलफल प्रशिक्षणको एउटा विधि हो । यो प्रक्रियामा प्रशिक्षकबाट भन्दा पनि प्रशिक्षार्थीहरु आपसी छलफल र सामुहिक अभ्यासबाट सिक्दछन् । यो प्रक्रियामा समय बढी लागे पनि सिक्ने काम चाहीं प्रभावकारी हुन्छ ।

कस्ता विषय वा अवस्थामा समूहगत छलफलको विधि प्रयोग गर्ने ?

- धारणा तथा दृष्टिकोण निर्माण वा परिमार्जन गर्ने अभ्यास गर्नु परेमा ।
- समस्या तथा समाधानका उपायहरु पहिचान गर्नु परेमा ।
- विचार तथा सुझावहरुको निर्माण गर्ने अभ्यास गर्नु परेमा ।
- कुनै उद्देश्य वा लक्ष्य निर्धारण गर्ने अभ्यास गर्नु परेमा ।
- कुनै विषय वा परिस्थितिको लेखाजोखा गर्ने प्रयास गर्नु परेमा ।
- अनुभव आदान प्रदान गरेर सिक्नु पर्ने विषय भएमा ।

समूहगत छलफल संचालन गर्दा ध्यान दिनु पर्ने कुराहरु

- छलफलमा सहभागीहरुको उपयुक्त संख्या (६ - १० जनासम्म) मिलाउने ।
- छलफलको विषय र उद्देश्य सबै सहभागीहरुलाई स्पष्ट पार्ने ।
- सहभागीहरुलाई छलफलमा सम्पन्न गर्नु पर्ने काम स्पष्टरुपले बताउने ।
- समूहगत काम सम्पन्न गर्ने समयावधी स्पष्ट किटान गर्ने ।
- सबै सहभागीहरुलाई छलफलमा समानरुपले भाग लिन लगाउने ।
- छलफलमा आपसी द्वेष र द्वन्द्व नहुने कुरा सुनिश्चित गर्ने ।
- छलफलका लागि हल्ला नहुने स्थान र उपयुक्त भौतिक व्यवस्था मिलाउने ।

व्याख्यान

श्रव्यदृश्य सामग्री प्रयोग गरेर वा नगरेर कुनै विषयबारे एकतर्फीरुपमा प्रशिक्षार्थीहरुलाई कुनै ज्ञान वा जानकारी दिने प्रक्रियालाई व्याख्यान विधि भनिन्छ। ज्ञान वा जानकारी संचार गर्ने माध्यमको रुपमा व्याख्यानलाई परिभाषित गर्न सकिन्छ ।

कस्तो अवस्थामा व्याख्यान विधि प्रयोग गर्ने ?

- तोकिएको काम कर्तव्य सम्पादन गर्ने सिलसिलामा हांसिल गर्नु पर्ने ज्ञान वा जानकारी दिनु परेमा ।
- सैद्धान्तिक ज्ञान प्रदान गर्नु पर्ने भएमा ।
- प्राविधिक विषयमा जानकारी गराउनु पर्ने भएमा ।
- थोरै समयमा धेरै जानकारी दिनु पर्ने अवस्था परेमा ।
- ठूलो संख्यामा सहभागीहरु भएको अवस्था परेमा ।
- व्याख्यान विधि अपनाउदा ध्यान दिनु पर्ने कुराहरु
- व्याख्यानको उद्देश्य स्पष्ट गर्ने (सिकाउन चाहेको मुख्य कुरा के हो ?) ।
- ज्ञान र अनुभवको सन्दर्भमा प्रशिक्षार्थीहरुको स्तरलाई मध्यनजर गर्ने ।
- प्रशिक्षार्थीहरुबीच विद्यमान विविधतालाई मध्यनजर गर्ने ।
- बोल्दा सरल र परिचित शव्दहरु प्रयोग गर्ने ।
- अपरिचित शब्दको प्रयोग गर्नु परेमा त्यो शव्दको ब्याख्या गर्ने ।
- व्याख्यान दिने अधिकतम समयावधीको निर्धारण गर्ने (सामान्यतया ३० मिनेट भन्दा लामो व्याख्यान प्रभावकारी हुदैन) ।
- आफुले व्याख्यान गर्ने विषयवस्तुको प्रशिक्षार्थीहरुले अनिवार्यरुपले जान्नै पर्ने पक्ष्यको निर्धारण गर्ने ।
- व्याख्यानको मुख्य मुख्य वुंदाहरु र निचोड स्पष्टरुपले टिपोट गर्ने ।
- व्याख्यान विधिमा दृश्यसामग्रीको प्रयोग
- व्याख्यान विधिबाट सिकाइएको विषयवस्तुको ३० प्रतिशत कुरा मात्र प्रशिक्षार्थीको दिमागमा रहन सक्छ। दृश्यसामग्रीको प्रयोगबाट भने ६० प्रतिशतसम्म दिमागमा रहन सक्छ। दृश्यसामग्रीको प्रयोगबाट हुने थप फाइदाहरु :
- दृश्यसामग्रीले ध्यान आकर्षण गर्छ ।
- आकर्षित ध्यानलाई कायम राख्छ ।
- प्रशिक्षार्थीको स्मरण लामो अवधिसम्म कायम रहन्छ ।

- समयको वचत हुन्छ ।
- विषयवस्तुको अर्थ बुझ्न सुगम हुन्छ ।
- प्रशिक्षणलाई रमाइलो र चाखलाग्दो बनाउंछ ।

१.५. **व्याख्यान विधिको अभ्यास** : यो विधिको प्रयोगका लागि प्रशिक्षकले प्रशिक्षार्थीहरुलाई तयार गर्ने । यस्तो तयारी गर्नका लागि प्रशिक्षार्थीहरुलाई निश्चित समय र विषय दिने । व्याख्यान अभ्यासका लागि एक प्रशिक्षार्थी बराबर कति समय दिने सो निर्धारण गर्ने (सामान्यतया ३ मिनेट उपयुक्त हुन सक्छ) ।

१.६. व्याख्यान विधिको अभ्यासका लागि तयारी पुरा भइसकेपछि प्रशिक्षकले पृष्ठपोषण (फिडब्याक) भनेको के हो र पृष्ठपोषण दिने लिने प्रभावकारी तरिकाहरु के हुन सक्छ भन्नेबारे प्रशिक्षार्थीहरुलाई जानकारी दिने ।

पृष्ठपोषण (फिडब्याक) को अर्थ

कुनै कामको सम्पादनको सिलसिलामा टिकाटिप्पणी वा राय सुझाव दिने लिने प्रक्रियालाई फिडब्याक अर्थात पृष्ठपोषण भनिन्छ । व्यक्तिले आफ्नो विकास गर्दै जाने अभ्यासमा अरुको सहयोग लिने एउटा प्रक्रिया पृष्ठपोण पनि हो ।

पृष्ठपोषण अर्थात फिडब्याक दिंदा ध्यान दिनु पर्ने कुराहरु

- पृष्ठपोषण दिंदा सकारात्मक पक्षबाट शुरु गर्नु पर्दछ ।
- पृष्ठपोषण व्यक्तिमा होईन व्यक्तिको काममा केन्द्रीत हुनु पर्दछ ।
- वविवरणात्मक हुनु पर्दछ । शव्दअलंकार र विशेषणले युक्त अमूर्त अभिव्यक्ति हुनुहुंदैन ।
- व्पृष्ठपोषण दिइनु पर्ने व्यक्तिले चाहेको वेला दिनु बढी सार्थक हुन्छ ।
- व्पृष्ठपोषण अर्थात फिडब्याक लिंदा ध्यान दिनु पर्ने कुराहरु
- व्आफ्नो विकासका लागि अरुको पनि सहयोग चाहिन्छ भन्ने तथ्यलाई आत्मसात गर्न सक्नु पर्दछ ।
- व्आफूलाई दिइएको फिडब्याक सकारात्मकरुपमा लिन सक्नु पर्दछ ।
- व्सार्थक फिडब्याकलाई हृदयङ्गम गर्न सक्नु पर्दछ र फिडब्याक दिने व्यक्तिलाई इमान्दारसाथ धन्यवाद दिनु पर्दछ ।

१.७. पृष्ठपोषण (फिडब्याक) भनेको के हो र पृष्ठपोषण दिने लिने उपयुक्त तरिकाहरु के हुन सक्छन् भन्नेबारे प्रशिक्षार्थीहरुलाई जानकारी दिइसकेपछि पालो पालो गरेर प्रशिक्षार्थीहरु व्याख्यान विधिको अभ्यास गर्छन् । प्रत्येक अभ्यासपछि प्रशिक्षक लगायत अन्य प्रशिक्षार्थी सहभागीहरुले अभ्यासकर्तालाई सहयोगको रुपमा पृष्ठपोषण दिन्छन् ।

पाठ योजना- २

प्रशिक्षण शीर्षक	नेतृत्व
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले नेतृत्वको अर्थ, असल नेतामा हुनु पर्ने गुणहरु, र नेतृत्वको भूमिकाबारे ब्याख्या गर्न सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	१ घण्टा, ३० मिनेट

प्रशिक्षण विधि

२.१. नेतृत्व भनेको के हो भन्नेबारे सहभागीहरुलाई आफ्नो बुझाई एकलरुपमा मेटाकार्डमा लेख्न लगाउने । यसरी प्रत्येक सहभागीद्वारा नेतृत्वको अर्थबारे चिन्तन-अभ्यासपछि प्रशिक्षकले आफ्नो प्रश्तुति दिने :

नेतृत्वको परिभाषा

नेतृत्व भनेको कुनै उद्देश्य प्राप्त गर्न अथवा लक्ष्यमा पुग्नका लागि सहकर्मी, व्यक्ति वा समुदायलाई प्रभावित र उत्प्रेरित गर्ने एक प्रकृया हो । व्यक्ति वा सहकर्मी वा समुद(ायको मन र मस्तिष्क जित्ने एक कला हो, सीप हो ।

२.२. असल नेतामा हुनुपर्ने विषेशताहरु के हुन भन्नेबारे सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा छलफलको माध्यमबाट सहभागीहरुले वुंदागतरुपमा साझा धारणा बनाई पूर्णसमूहमा प्रश्तुत गर्छन् । सबै उपसमूहहरुको प्रश्तुतिपछि प्रशिक्षकले सहभागीहरुको प्रश्तुतिको सन्दर्भ जोडेर आफ्नो प्रश्तुति दिने ।

असल नेतामा हुनुपर्ने विषेशताहरु

- असल नैतिक चरित्र ।
- असल सिद्धान्त तथा मूल्य-मान्यता बोकेको ।
- आफ्नो र सहकर्मीहरुको काम, कर्तव्य एवं जिम्मेवारीको स्पष्ट जानकारी भएको ।
- व्यक्ति वा मानव स्वभावको राम्रो ज्ञान भएको ।

- प्रोत्साहन र प्रेरणा दिन सक्ने ।
- दिशा निर्देस गर्न सक्ने ।
- कुशल संचारक अर्थात संचारसीप भएको ।
- २.३. नेतृत्वले खेल्नु पर्ने भूमिका भनेको के होला भन्नेबारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।
- नेतृत्वले खेल्नु पर्ने मुख्य भूमिका :
- व्यक्ति, समुह वा समुदायलाई बाटो देखाउनु ।
- गन्तव्य तर्फ अघि बढ्न सहकर्मीहरुलाई उत्साहित तथा प्रेरीत गर्नु ।
- व्यक्ति वा समूहहरुलाई साझा उद्देश्य प्राप्तीका लागि एकजुट राख्नु ।
- सहकर्मीबीच आपसी समझदारी र सहयोगको वातावरण बनाउनु ।
- आफ्नो समूह र बाहिरी शक्तिबीच सम्बन्ध संयोजन गर्नु ।

प्रशिक्षकको नमुना प्रश्तुति १

नेतृत्व

जन्मले मानिस नेता वा अगुवा हुँदैन...

निरन्तर अध्ययन, अभ्यास र अनुभवले मानिसलाई असल नेता वा अगुवा बनाउँदै लान्छ

नेतृत्व भनेको के होला .....

नेतृत्व भनेको : कुनै कार्य सम्पादन गर्न वा निश्चित लक्ष्य प्राप्त गर्न आफ्ना सहकर्मी, व्यक्ति वा समुदायलाई प्रभावित र उत्प्रेरित गर्ने एक जटिल प्रक्रिया हो ।

नेतृत्वले खेल्ने भूमिका

व्यक्ति, समूह वा समुदायलाई बाटो देखाउनु र गन्तव्य तर्फ अघि बढ्न प्रेरणा दिनु

व्यक्ति वा समूहहरुलाई साझा उद्देश्य प्राप्तिका लागि एकजुट राख्नु

आफ्ना सहकर्मीबीच आपसी समझदारी र सहयोगको वातावरण बनाउनु

असल नेता वा अगुवामा तीन किसिमका विषेशताहरु हुन्छन् ....

- ☐ असल नैतिक चरित्र भएको ।
- ☐ असल मुल्य-मान्यता बोकेको ।
- ☐ आफ्नो तथा सहकर्मीहरुको भूमिका एवं जिम्मेवारीको स्पष्ट जानकारी भएको ।

- ☐ व्यक्ति वा मानव स्वभावको राम्रो ज्ञान भएको ।
- ☐ प्रोत्साहन र प्रेरणा दिन सक्ने ।
- ☐ दिशा निर्देश गर्न सक्ने ।

त्यो व्यक्ति मात्र असल नेता वा अगुवा हुन सक्दछ जस्ले एक निश्चित लक्ष्य बोकेको छ, चरित्र निर्माण गरेको छ र सम्मान कमाएको छ ।

पाठ योजना- ३

प्रशिक्षण शीर्षक	जनवकालत
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले – जनवकालतको अर्थ भन्न सक्नेछन्, – जनवकालत गर्ने तरिकाहरु पहिचान गर्न सक्नेछन्, – जनवकालत गर्दा ध्यानमा राख्नु पर्ने कुराहरु वताउन सक्ने छन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	३ घण्टा

प्रशिक्षण विधि

३.१. **जनवकालत भनेको के हो** भन्नेबारे सहभागीहरुलाई सोध्ने र उनिहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै प्रशिक्षकले जनवकालतको अर्थबारे आफ्नो प्रश्तुति दिने ।

जनवकालतको अर्थ

जनवकालत भनेको नागरिक अधिकार प्राप्तीका लागि प्रयोग गरिने प्रभावकारी हतियार हो । जल्दावल्दा सवाल वा मुद्दाहरुको समर्थनमा निर्णयकर्ता, नीतिनिर्माता, नेता तथा सबै किसिमका सरोकारवालाहरुलाई प्रभावित पार्ने प्रक्रिया हो ।

३.२. **जनवकालत गर्ने तरिकाहरु** बारे सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा छलफलको माध्यमबाट सहभागीहरुले वुंदागतरुपमा साझा धारणा बनाई पूर्णसमूहमा प्रश्तुत गर्छन् । सबै उपसमूहहरुको प्रश्तुतिपछि प्रशिक्षकले सहभागीहरुको प्रश्तुतिको सन्दर्भ जोडेर जनवकालतका तरिकाहरुबारे आफ्नो प्रश्तुति दिने ।

जनवकालत गर्ने तरिकाहरु :

- जनवकालत गर्दा उद्देश्य हांसिल गर्न सकिने किसिमको हुनु पर्दछ ।
- उद्देश्यको छनौट सरोकारवालाहरुसंग छलफल गरेर गर्नुपर्दछ ।

- जनवकालतले प्रभाव पार्न चाहेको नीति निर्माता र निर्णयकर्ता जस्ता लक्षित वर्गको स्पष्ट पहिचान गर्नु पर्दछ ।
- कुन नीतिनिर्माता र निर्णयकर्ताको कस्तो भूमिका छ, उनीहरु के कति
- प्रभावशाली छन् सो यकिन गर्नु पर्दछ र सोही बमोजिम लक्षित वर्गको प्राथमिकता सूची बनाउनु पर्दछ ।
- नीतिनिर्धारक र निर्णयकर्ताहरुलाई दिनुपर्ने संदेश सरल, स्पष्ट र तर्कसंगत हुनुपर्दछ ।
- एकै किसिमको उद्देश्य बोकेका संघसंस्थाहरु वा सरोकारवाला व्यक्तिहरुलाई गठबन्धनमा ल्याउनु पर्दछ ।
- व्यवहारिक र कार्यान्वयन गर्न सकिने संचार रणनीति अख्तियार गर्नु पर्दछ ।

३.३. **जनवकालत गर्दा ध्यानमा राख्नु पर्ने कुराहरु** के हुन् भन्नेबारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने । ध्यानमा राख्नु पर्ने कुराहरु :

उदेश्य कस्तो हुनुपर्दछ ?

- जनवकालतका उदेश्यहरु निश्चित समय अवधिभित्र प्राप्त गर्न सकिने हुनु पर्दछ ।
- जनवकालतका उदेश्यहरु सबैले बुझ्ने किसिमको हुनु पर्दछ ।
- बढी भन्दा बढी जनसमर्थन जुटाउन सकिने हुनु पर्दछ ।
- अन्य संघसस्थाहरुलाई पनि गठबन्धनमा ल्याउन सकिने किसिमको हुनु पर्दछ ।

लक्षित वर्ग कसरी पहिचान गर्ने ?

- जनवकालत गर्नेहरुले समूहगत छलफल गरेर लक्षित वर्ग पत्ता लगाउने ।
- जावकालतका मुद्दाहरुलाई सम्बोधन गर्नका लागि नीतिनिमार्ता र निणर्यकर्ताहरुको सूची तयार गर्ने ।
- आफुलाई नीतिनिमार्ता वा निणर्यकर्ताहरुका बारेमा जानकारी नभए अरुबाट भएपनि जानकारी लिने ।
- लक्षित वर्गको सूची प्राथमिकताको आधारमा बनाउने ।

संदेश कस्तो हुनु पर्दछ ?

- जनवकालतबाट के खोजिएको हो भन्ने कुरो स्पष्ट हुनु पर्दछ ।
- चाहिने भन्दा बढी शब्दहरु हुनु हुदैन ।
- संदेश सरल र स्पष्ट बुझिने हुनुपर्दछ ।
- संदेश तथ्यांकमा आधारित र विश्वसनीय हुनु पर्दछ ।

प्रशिक्षकको नमुना प्रश्तुति २

जनवकालत

जनवकालत भनेको नागरिक अधिकार प्राप्तिका लागि प्रयोग गरिने प्रभावकारी हतियार हो । जल्दावल्दा सवाल वा मुद्दाहरुको समर्थनमा निर्णयकर्ता, नीतिनिर्माता, नेता तथा सबै किसिमका सरोकारवालाहरुलाई प्रभावित पार्ने प्रक्रिया हो ।

जनवकालत भन्नाले निम्न कुराहरु बुझ्नु पर्दछ :

- जल्दाबल्दा मुद्दाहरुका बारेमा सार्वजनिक ध्यान आर्कषण गर्ने र नेता, नीतिनिर्माता र निर्णयकर्ताहरुलाई ती सवालहरुको संबोधन गर्न दवाव दिनु ।
- कुनै मुद्दाको समाधानका लागि व्यक्ति वा संघ संस्थाहरुलाई सहयोग दिनु वा उत्प्रेरित गर्नु ।
- आर्थिक, राजनितिक सामाजिक, धार्मिक, सांस्कृतिक जीवनमा प्रभाव पार्ने निर्णय प्रक्रियाहरुमा जनतालाई सुसूचित गर्नु तथा सहभागी तुल्याउनु ।
- सामाजिक, आर्थिक, राजनैतिक, धार्मिक, सांस्कृतिक क्षेत्रका जल्दाबल्दा मुद्दाहरुलाई सक्रिय समर्थन गर्नु वा समर्थन जुटाउनु ।

जनवकालत गर्ने तरिकाहरु

- जनवकालत गर्दा उद्देश्य हाँसिल गर्न सकिने किसिमको हुनु पर्दछ । उद्देश्यको छनौट सरोकारवालाहरुसंग छलफल गरेर गर्नुपर्दछ ।

- कुन नीति निर्माता र निर्णयकर्ताहरुको कस्तो भूमिका छ, उनीहरु के कति प्रभावसाली छन् सो यकिन गर्नु पर्दछ र सोही बमोजिम लक्षित वर्गको प्राथमिकता सूची बनाउनु पर्दछ ।
- नीतिनिर्धारक र निर्णयकर्ताहरुलाई दिनु पर्ने संदेश सरल, स्पष्ट र तर्कसंगत हुनु पर्दछ ।

- एकै किसिमको उद्देश्य बोकेका संघ संस्थाहरु वा सरोकारवाला व्यक्तिहरुलाई गठबन्धनमा ल्याउनु पर्दछ ।
- व्यवहारिक र कार्यान्वयन गर्न सकिने संचार रणनीति अख्तियार गर्नु पर्दछ ।

जनवकालत गर्दा ध्यानमा राख्नु पर्ने कुराहरु

- जनवकालतका उद्देश्यहरु प्राप्त गर्न सकिने हुनु पर्दछ ।
- जनवकालतका उद्देश्यहरु सबैले बुझ्ने हुनु पर्दछ ।

लक्षित वर्ग कसरि पहिचान गर्ने ?

- जनवकालत गर्नेहरुले समूहगत छलफल गरेर लक्षित वर्ग पत्ता लगाउने ।
- जावकालतका मुद्दाहरुलाई सम्बोधन गर्नका लागि नीति निमार्ता र निणर्यकर्ताहरुको सूची तयार गर्ने ।

संदेश कस्तो हुनु पर्दछ ?

- जनवकालतबाट के खोजिएको हो भन्ने कुरो स्पष्ट हुनु पर्दछ ।
- चाहिने भन्दा बढी शब्दहरु हुनु हँदैन ।
- संदेश सरल र स्पष्ट बुझिने हुनुपर्दछ ।
- संदेश तथ्यांकमा आधारित र विस्वसनिय हुनु पर्दछ ।

संदेश प्रवाह र प्रस्तुति कसरी गर्ने ?

- संदेश प्रवाह गर्ने माध्यम यकिन गर्ने ।
- संदेश दिने उपयुक्त स्थान र समयको यकिन गर्ने ।
- निश्चित समय सम्म निरन्तर संदेश प्रवाह गर्ने ।
- विभिन्न माध्यमबाट लक्षित वर्गलाई एउटै संदेश दि
- आफ्ना कुरा प्रश्तुत गर्दा दृश्य सामग्रीको प्रयोग ग
- जल्दावल्दा मुद्दा वा सवालहरुको संबोधन गर्दाको फ र नगर्दाको वेफाईदा बताउने ।

- आफूलाई नीति निमार्ता वा निर्णयकर्ताहरुका बारेमा जानकारी नभए अरुबाट भएपनि जानकारी लिने ।
- लक्षित वर्गको सूची प्राथमिकताको आधारमा बनाउने ।

३.४. **गठबन्धन भनेको के हो** भन्नेबारे पहिले सहभागीहरुलाई उनीहरुको बुझाई सोध्ने । केही सहभागीहरुले आना बुझाई व्यक्त गरेपछि गठबन्धनको अर्थबारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।

गठबन्धनको अर्थ

साझा उद्देश्य प्राप्तीका लागि समन्वयात्मक तरिकाले सहकार्य गर्ने व्यक्तिहरु वा संस्थाहरुको सामुहिक रुपलाई गठबन्धन भनिन्छ ।

३.५. **गठबन्धनका फाईदा र बेफाईदाहरु** बारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने :

गठबन्धनका फाईदाहरु

- "म" भन्दा निश्चय नै "हामी" बलियो हुन्छ ।
- गठबन्धनले सानो विस्वास ठूलो विस्वासमा परिणत हुन्छ ।
- जनवकालतका लागि स्रोत र साधनहरु आवश्यक मात्रामा जुट्न सजिलो हुन्छ ।
- आपसी सहयोग र समर्थनले काम सजिलो र गतिलो ढंगले अघि बढ्न सक्छ ।
- जनवकालतमा लागेका व्यक्ति वा संघसंस्थाहरु बढी सुरक्षित रहन्छन् ।

गठबन्धनका बेफाईदाहरु

- नेतृत्वको होडले गठबन्धनका सहकर्मी संस्थाहरुबीच खिचलो पैदा हुन सक्छ ।
- सहकर्मी संस्थाहरुको स्वार्थले गर्दा पूर्णरुपले उद्देश्य प्राप्त नहुन सक्छ ।
- गठबन्धन टुट्न गएमा सबै सहकर्मी संस्थाहरुले नोक्सानी व्यहोर्नु पर्ने हुन सक्छ ।

प्रशिक्षकको नमुना प्रश्तुति ३



गठबन्धनका फाईदाहरु :

- "म" भन्दा निश्चय नै "हामी" बलियो हुन्छ ।
- सानो विस्वास ठूलो विश्वासमा परिणत हुन्छ ।
- श्रोत र साधनहरु जुट्न सजिलो हुन्छ ।
- काम सजिलो र गतिलो ढंगले अघि बढ्न सक्छ ।
- जनवकालतमा लागेका व्यक्ति वा संघसंस्थाहरु बढी सुरक्षित रहन्छन् ।

गठबन्धनका बेफाईदाहरु :

- नेतृत्वको होडले गठबन्धनका सहकर्मी संस्थाहरुबीच खिचलो पैदा हुन सक्छ ।
- सहकर्मी संस्थाहरुको स्वार्थले उद्देश्यमा सम्झौता गर्नु पर्ने हुन सक्छ ।
- गठबन्धन टुट्न गएमा सबै सहकर्मी संस्थाहरुले नोक्सानी व्यहोर्नु पर्ने हुन सक्छ ।

बर्तमान समयमा स्वच्छ गठबन्धनले महत्वपूर्ण परिवर्तन ल्याउन सकेको देखिन्छ । नोक्सानी व्यहोर्नु नपरोस भन्नाका लागि गठबन्धन गर्दा राम्ररी ध्यान पुऱ्याउन जरुरी हुन्छ ।

३.६. **सामूहिकताकताको भावना र व्यवहार** गठबन्धनको सन्दर्भमा ज्यादै महत्वपूर्ण भएको कुरा दर्शाउदै प्रशिक्षकले कऱ्याङकुरुङको उदाहरण प्रश्तुत गर्ने । पृथ्वीको उत्कृष्ट जीव भनिने मानिसजातिले पशुपंक्षीहरुबाट पाठ सिक्न सक्छ भनेर प्रशिक्षकले भूमिका बांध्ने । भूमिकापछि प्रशिक्षकको प्रश्तुति :

प्रशिक्षकको नमुना प्रश्तुति- ४

आहा .....सहयात्री भएर .....हामी .....
आकासमा उडिरहेका कऱ्याङकुऱ्युङ जस्तो भै
दिएको भए .....

आउँदो हिउँदे जाडो छल्न कऱ्याङकुऱ्युङहरु न्यानो पाउन
उत्तरबाट दक्षिणतर्फ उडान भर्नेछन् . . .

कन्याङकुन्युङहरुले त्यसबेला
अंग्रेजीको **V** आकारमा
उडान भर्नेछन् . . .

→

त्यो आकारमा तिनीहरुले किन
उडान भरेका होलान् भन्ने
लागेको होला तपाई लाई . . .

कन्याङकुन्युङहरुले **V** आकारमा
किन उडान भरेका हुन् भने ....

→

एक्लो उडनु भन्दा यो आकारमा
एकैसाथ उडदा ७१ प्रतिशतले
उडानकौशल बढ्दछ ...

सिक्नु पर्ने पाठ १

एउटै दिशामा संगसंगै अघि बढ्यौं
भने हामी छिटै र सजिलै आफ्नो
लक्ष्यमा पुग्न सक्छौं. . . .

→

यदि कुनै एउटा कन्याङकुन्युङ
एकलै उड्न थाल्यो भने के होला ....

त्यो कन्याङकुन्युङले कडा हावाको सामना गर्नुपर्ने हुन्छ, र उसको एकलो उडान गाह्रो हुनेछ ....

→

त्यसैले फेरि उ आफ्नै समूहमा मिसिन्छ, अनि समूहमा उसलाई बल मिल्छ...

सिक्नु पर्ने पाठ २

- साथीहरुसंग ताल मिलाएर अघि बढ्यौं भने थोरै मात्र बल गरे पुग्छ
- सजिलो र रमाईलो साथ लक्ष्यमा पुग्न सकिन्छ
- आपसमा सहयोग लिनेदिने काम हुन्छ

→

अगुवा कन्याङकुन्युङलाई थकाई लाग्यो भने . . .

त्यो अगुवा कन्याङकुन्युङ V आकारको पुछारमा जान्छ, अर्को कन्याङकुन्युङले उसको ठाउँ लिन्छ .....

→

सिक्नु पर्ने पाठ ३

- नेतृत्वको जिम्मा एक आपसमा लिने दिने गर्नु पर्दछ र एकले अर्कोलाई आदर गर्नु पर्दछ
- गाह्रो काम र समस्याहरु एक आपसमा बाँड्ने गर्नु पर्दछ
- क्षमताको विकास गर्दै जाने र प्रतिभालाई समेटदै जानु पर्दछ

V आकारमा उडिरहेका कन्याङकुन्युङहरु अगुवा साथीहरुलाई आवाज दिन्छन्, हौसला दिन्छन्, र एउटै गतिमा अघि बढ्छन् ...

→

सिक्नु पर्ने पाठ ४

- आफ्मा साहस छ र सहकर्मीहरुबाट प्रोत्साहन मिल्यो भने धेरै प्रगति गर्न सकिन्छ
- समय अनुसार प्रोत्साहनका दुई शब्दले प्रेरणा, सहयोग र शक्ति प्रदान गर्दछ

कुनै एउटा कन्याङकुन्युङलाई थकाई लाग्यो, चोट लाग्यो वा उ विरामी भयो भने .....

→

त्यो कन्याङकुन्युङ V आकारबाट हट्दछ

यो अवस्थामा साथीलाई सहयोग र सुरक्षा दिनको लागि केही कन्याङकुन्युङहरु V आकारबाट हट्दछन्

विरामी साथी ठिक नभएसम्म वा उसको मृत्यु नभएसम्म ती साथीले उसलाई छोड्दैनन्

ती साथीहरु आफ्ना समूहमै फिर्छन वा अर्को V आकार बनाउँछन्

→

सिक्नु पर्ने पाठ ५

खास गरेर कठिनाई र चुनौतिका वेला आफ्ना मतभेदहरुलाई छोडेर कांधमा कांध मिलाऔं


आपसी मतभेदका वावजुद हामीले
काँधमा काँध मिलाउन सक्यौं भने...
सामूहिकताको भावना लियौ भने...
हामी अवश्य चुनौतिहरुको सामना
गर्न सक्छौं

साथी हो . . .
हामी पनि कन्याङकुन्युङहरु जस्तै हुन सक्नु पर्दछ

पाठ योजना- ४

प्रशिक्षण शीर्षक	आत्मागौरव (Self-Esteem)
प्रशिक्षणको उद्देश्य	प्रशिक्षण अभ्यासको अन्तसम्ममा सहभागीहरुले आफूमा अन्तरनिहित क्षमताको सूची बनाउनेछन् र आफूले सोचेभन्दा धेरै क्षमता आफुमा छ भन्ने अनुभव समूहमा व्यक्त गर्नेछन् ।
प्रशिक्षण सामग्रीः	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर अभ्यास-सामग्रीहरु (क्षमताचक्र र क्षमतासूची), ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री आदि ।
समय-बजेट	१ घण्टा

प्रशिक्षण विधि

४.१. सहभागीहरु आफूलाई लागेअनुसार आफ्ना क्षमता/खुवीहरु अभ्यास-सामग्रीमा अभिलेखन गर्न एकल अभ्यास गर्छन् ।

४.२. सहभागीहरु आ-आफ्नो जोडी मिलाएर एक अर्काले देखेको एक अर्काको क्षमता/खुवीहरु अभ्यास-सामग्रीमा टिप्ने टिपाउने काम गर्छन् ।

४.३. प्रशिक्षकबाट वितरण गरिएको क्षमतासूचीको सहभागीहरुले अध्ययन गर्छन् र आफ्ना मिल्दाजुल्दा खुवीहरुको पहिचान गर्छन् ।

४.४. यो अभ्यासपछि सहभागीहरु पूर्णसमूहमा आ-आफ्ना अनुभव/अनुभूति आदान प्रदान गर्छन् । सहभागीहरुको अनुभव/अनुभूतिहरुलाई सन्दर्भमा गांस्दै प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।

यो अभ्यासबाट सिक्नु पर्ने पाठ :

- आफूले सोचेको भन्दा बढी क्षमता हामीमा विद्यमान छ ।
- आफूमा भएको क्षमताको आडमा हामीले अघि बढ्नु पर्छ ।
- सफल व्यक्तिहरु आफूमा भएको क्षमतामा भर गर्दछन् ।
- हामीमा उच्च आत्मगौरव भएन भने हामी अगाडी बढ्न सक्दैनौं ।

जीवनका चुनौतीहरुलाई अगाल्न सक्नु र सन्तुष्टीको अनुभूति लिन सक्नु नै आत्मगौरव हो । आफ्नो क्षमताको विकास गर्न हामीमा उच्च आत्मगौरव हुन आवश्यक छ । मानिसका अनेक खुबी र क्षमता हुन सक्छन् तर यदि आत्मगौरवको अभाव भयो भने उस्ले आफ्ना खुबी र क्षमताको उपयोग गर्न सक्दैन । अतः हामीमा उच्च आत्मगौरव हुन आवश्यक छ ।

प्रशिक्षकको नमुना प्रश्तुति ५



सिक्नु पर्ने पाठ

आफूले साचेभन्दा धेरै क्षमता छ हामीमा । आफ्नो क्षमताको आड लिएर अगाडी बढ्नु पर्छ हामीले । विजेताहरु आफ्ना क्षमताको विकास गर्दै अगाडी बढ्दै जान्छन् ।

हामीमा उच्च आत्मगौरव भएन भने हामी अगाडी बढ्न सक्दैनौं ।

आफ्नो क्षमताको विकास गर्न हामीमा उच्च आत्मगौरव हुनु आवश्यक छ ।

मानिसका अनेक खुबी र क्षमता हुन सक्छन, तर यदि उनीहरुमा उच्च आत्मगौरव भएन भने आफुमा भएका ती खुबी र क्षमताको उपयोग गर्न सक्ने छैनन् ।

धन्यवाद

पाठ योजना- ५

प्रशिक्षण शीर्षक	संविधान
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले संविधानको अर्थ, आधारभूत संवैधानिक सिद्धान्त र अन्तरिम संविधानमा भएका प्रावधानहरुबारे बताउन सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, नेपालको अन्तरिम संविधान २०६३, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	३ घण्टा

प्रशिक्षण विधि

५.१. **संविधान भनेको के हो** भन्नेबारे प्रशिक्षार्थी सहभागीहरुलाई आफ्नो बुझाई एकलरुपमा मेटाकार्डमा लेख्न लगाउने । त्यसपछि प्रत्येक सहभागीले आ-आनो जोडी बनाउने र जोडीले छलफल गरेर संविधानको परिभाषा बनाउने । त्यसपछि चार-चार जोडी मिलाएर आठ-आठजनाको समूह बनाउने र प्रत्येक समूहले संविधानको परिभाषा लेख्ने । समूहहरुले तयार गरेका परिभाषाहरुलाई पूर्णसमूहमा प्रश्तुत गराउने । अन्तमा प्रशिक्षकले पनि आनो परिभाषा प्रश्तुत गर्ने :

संविधानको परिभाषा :

संविधान देशको मूल कानुन हो र यसमा राज्यको संरचना र कार्यप्रणाली उल्लेख गरिएको हुन्छ । राज्यको राजनीतिक प्रणाली, राज्यका अङ्गहरूको गठन, राज्यशक्तिको प्रयोग सम्बन्धी लिखतलाई नै संविधान भनिन्छ ।

५.२. **आधारभूत संवैधानिक सिद्धान्त तथा मूल्य-मान्यता** बारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।

आधारभूत संवैधानिक सिद्धान्त तथा मूल्य-मान्यता

- राजकीयसत्ता र सार्वभौमसत्ताको स्रोत नेपाली जनता
- लोकतान्त्रिक शासन व्यवस्था
- वहुदलीय शासनप्रणाली
- नागरिकको मौलिक हक र मानव अधिकारको ग्यारेन्टी

- विधिको शासन र स्वतन्त्र न्यायपालिका
- **प्रेस स्वतन्त्रता**
- जातीय, क्षेत्रीय, लिङ्गीय आधारमा समावेशीकरण सहित राज्यको अग्रगामी पुनर्संरचना
- धर्मनिरपेक्षता
- सामाजिक न्याय तथा सुरक्षा

५.३. **नेपालको अन्तरिम संविधान** २०६३ मा के कस्ता प्रावधानहरु छन् भन्ने पहिचान गर्न सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा अन्तरिम संविधानमा भएका संवैधानिक प्रावधानहरुको टिपोट बनाउंछन् र भित्ते प्रश्तुति गर्छन् । सहभागीहरुले एक अर्काको भित्ते प्रश्तुति अवलोकन गर्ने ।

प्रशिक्षकको नमुना प्रश्तुति ६

पाठ योजना

संविधान भनेको के हो ?

संविधान भनेको राज्य संचालन सम्बन्धी आधारभूत कुराहरु र तिनको कार्यान्वयन बारे लिपिवद्ध गरिएको कानुनी दस्तावेज हो । संविधानलाई देशको मूल कानून भनिन्छ । यसले राज्य संचालनको प्रक्रिया र विधिलाई वैधानिकता प्रदान गर्दछ ।

संविधानले सामान्यतया निम्न कुराहरुलाई समेटेको हुन्छ

- यसले राज्य र नागरिकको सम्बन्धलाई परिभाषित गर्दछ ।
- यसमा राज्यको मूलभूत उद्देश्य र नागरिकका हक/अधिकार एवं कर्तव्यको उल्लेख गरिएको हुन्छ ।
- यसले शासन संचालनका केन्द्रीय, क्षेत्रीय र स्थानीय निकायहरुबीच शक्तिको बाँडफाँड गर्दछ ।

- यसले आवधिक निर्वाचनका माध्यमबाट अभिव्यक्त जनादेशका आधारमा सरकारको परिवर्तन एवं शान्तिपूर्ण सत्ता हस्तान्तरणको प्रक्रिया निर्धारण गरेको हुन्छ ।
- यसमा सरकारका अंगहरु– व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका साथै अन्य संवैधानिक अंगहरुको कार्यक्षेत्र र अधिकार उल्लेख गरिएको हुन्छ ।
- यसमा स्वतन्त्र संवैधानिक निकायहरु – जस्तै, निर्वाचन आयोग, लोकसेवा आयोग, अख्तियार दुरुपयोग निवारण आयोग, आदिको व्यवस्था गरि उत्तरदायी शासनको प्रत्याभूति गरिएको हुन्छ ।
- संविधान राज्यको मूल कानुन हो तसर्थ यस संग बाझिएका/नमिलेका ऐन, नियम र कानुनहरु स्वतः अमान्य/खारेज हुन्छन् ।
- भावी पुस्ताको आवश्यकता र चाहनालाई संबोधन गर्न र गतिशील बनाउन संविधानमा आवश्यकता अनुसार संशोधनका प्रावधानहरु व्यवस्था गरिएका हुन्छन् ।

संवैधानिक सिद्धान्त र उद्देश्यहरु

- राज्यशक्ति, राजकीयसत्ता र सार्वभौमसत्ताको स्रोत नेपाली जनता ।
- प्रतिस्पर्धात्मक बहुदलीय शासनप्रणाली ।
- नागरिकको मौलिक हक र मानव अधिकारको ग्यारेन्टी ।
- विधिको शासन र स्वतन्त्र न्यायपालिका ।
- प्रेस स्वतन्त्रता ।
- जातीय, क्षेत्रीय, लिङ्गिय आधारमा समावेशीकरण सहित राज्यको अग्रगामी पुनर्संरचना ।
- धर्मनिरपेक्षता ।
- सामाजिक न्याय/सुरक्षा ।

पाठ योजना

पाठ योजना- ६

प्रशिक्षण शीर्षक	संविधानसभा
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछिसहभागीहरुले – संविधानसभाको अर्थ, उद्देश्य र गठनप्रक्रियाबारे वर्णन गर्न सक्नेछन्रु – संविधान निर्माणप्रक्रियामा जनताको प्रत्यक्ष सहभागिताबारे बताउन सक्नेछनरु – संविधान निर्माणप्रक्रियामा राजनीतिक दल, नागरिक समाज तथा अन्य खेलाडीहरु (Actors) को भूमिकाबारे आफ्नो बिचार दिन सक्नेछन् । प्रशिक्षण सामग्रीः मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	४ घण्टा

प्रशिक्षण विधि

६.१. **संविधानसभा भनेको के हो** भन्नेबारे सहभागीहरुलाई सोध्ने र उनीहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै प्रशिक्षकले संविधानसभाको अर्थबारे आफ्नो प्रश्तुति दिने ।

संविधानभाको अर्थ र उद्देश्य :

संविधानसभा नयां संविधान निर्माण गर्ने उद्देश्यका लागि निर्वाचन वा अरु कुनै माध्यमबाट गठन गरिएको सभा हो । यो नयां संविधान वनाउने भेला हो, थलो हो, र प्रक्रिया हो ।

६.२. नेपालमा संविधानसभाको गठनप्रक्रिया बारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।

संविधानसभाको गठनप्रक्रिया

नेपाली जनता आफैले नयां संविधानको निर्माण गर्न नेपालको अन्तरिम संविधान २०६३ को अधिनमा रही एक संविधानसभा गठन हुनेछ, । संविधानसभामा कानुनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित ४०९ जना र मनोनित १६ जना गरि देहायबमोजिमका ४२५ जना सदस्यहरु रहने व्यवस्था गरिएको छ । जस अनुसार –

(क) यो संविधान प्रारम्भ हुनुअगाडी प्रचलित कानुन बमोजिम कायम रहेको प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित २०५ सदस्य,

(ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने २०४ सदस्य,

(ग) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रीपरिषदबाट मनोनित हुने १६ जना सदस्य रहने व्यवस्था गरिएको छ ।

६.३. संविधान निर्माण प्रक्रियामा जनताको प्रत्यक्ष्य सहभागिता बारे सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा छलफलको माध्यमबाट सहभागीहरुले वुंदागतरुपमा विचार बनाउंछन् र पूर्णसमूहमा प्रश्तुत गर्छन् । सबै उपसमूहहरुको प्रश्तुतिपछि प्रशिक्षकले सहभागीहरुको प्रश्तुतिको सन्दर्भ जोड्दै आफ्नो प्रश्तुति दिने ।

जनताको प्रत्यक्ष्य सहभागिता किन आवश्यक छ ?

संविधान भनेको जनताहरुबीच आपसी संझौता र सहमतिको दस्तावेज हो, जनताको सम्पत्ति हो । त्यसैले संविधान निर्माणको प्रक्रियामा जनताको प्रत्यक्ष्य सहभागिता हुन नितान्त जरुरी हुन्छ । यसो भएमा सामाजिक न्यायका कुराहरु अग्रभागमा आउंछन्, उपेक्षित समुदायहरुले आफ्ना कुरा राख्न पाउंछन्, साझा हित र सहअस्तित्वको सवालले ठाउं पाउंछ ।

जनताको प्रत्यक्ष्य सहभागिता कसरी हुनसक्ला ? :

- संविधानको मूलभूत सिद्धान्त र उद्देश्यहरु निर्क्योल गर्ने बहसहरुमा भाग लिएर,
- संविधानसभाको निर्वाचनमा भाग लिएर,
- औपचारिक अनौपचारिकरुपमा आफ्ना सुझावहरु सम्वन्धीत इकाईहरुमा दिएर,
- आफ्ना सामाजिक समस्याहरु र विगतका अनुभवहरु सार्वजनिक गरेर,
- आफ्ना विचार र दृष्टिकोण सार्वजनिक गरेर,
- संविधानको मस्यौदाउपर हुने छलफलहरुमा भाग लिएर,
- जनमत संग्रह भए त्यसमा आफ्नो अभिमत दिएर, आदि ।

संविधानसभा

लोकतन्त्रमा संविधान बनाउने जनताको सार्वभौम अधिकार मानिन्छ। यसका लागि जनताले आफ्ना प्रतिनिधिहरुको निर्वाचन गर्दछन्। यसरी निर्वाचित प्रतिनिधिहरु रहने सभालाई नै संविधानसभा भनिन्छ। संविधान बनाउने काम जननिर्वाचित सभा, जसलाई संविधानसभा भनिन्छ, त्यसका सदस्यहरुले गर्दछन्।

संविधान सभाको गठनप्रक्रिया

नेपालको अन्तरिम संविधान २०६३ मा संविधानसभाको गठन प्रक्रियाबारे यस प्रकार उल्लेख गरिएको छ –

- यो संविधान प्रारम्भ हुनुअगाडी प्रचलित कानुन बमोजिम कायम रहेको प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणालीअनुसार निर्वाचत २०५ सदस्य,
- सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने २०४ सदस्य,
- राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रिपरिषदबाट मनोनित हुने १६ जना सदस्य रहने व्यवस्था गरिएको छ।

संविधान बनाउने काममा जनताको प्रत्यक्ष सहभागिता किन आवश्यक छ ?

- संविधान भनेको जनताको सम्पत्ति भएको हुनाले यसको निर्माण प्रक्रियामा जनताको प्रत्यक्ष सहभागिता हुन नितान्त जरुरी छ ।
- यसो भएमा सामाजिक न्यायका कुराहरु अग्रभागमा आउँछन् ।
- उपेक्षित समुदायहरुले आफ्ना कुरा राख्न पाउंछन् ।
- साझा हित र सहअस्तित्वको सवालले ठाउं पाउंछ ।

संविधान बनाउने काममा जनताको प्रत्यक्ष सहभागिता कसरी हुन सक्छ ?

- संविधानको मूलभूत सिद्धान्त र उद्देश्यहरु निर्क्योल गर्ने बहसहरुमा भाग लिएर ।
- संविधानसभाको चुनावमा भाग लिएर ।
- औपचारिक अनौपचारिकरुपमा आफ्ना सुझावहरु सम्वन्धीत इकाईहरुमा दिएर ।
- आफ्ना सामाजिक समस्याहरु र विगतका अनुभवहरु सार्वजनिक गरेर ।
- आफ्ना विचार र दृष्टिकोण सार्वजनिक गरेर ।
- संविधानको मस्यौदाउपर हुने छलफलहरुमा भाग लिएर ।
- जनमत संग्रह भए त्यसमा आफ्नो अभिमत दिएर ।

पाठ योजना

६.४. **संविधान निर्माण प्रक्रियामा राजनीतिक दल, नागरिक समाज, पेशागत संघ संगठन तथा अन्य गैरसरकारी संस्थाहरुको भूमिका के हुनु पर्छ** भन्ने बारे सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा छलफलको माध्यमबाट सहभागीहरुले संविधान निर्माण प्रक्रियामा राजनीतिक दल, नागरिक समाज, पेशागत संघ संगठन तथा अन्य गैरसरकारी संस्थाहरुको भूमिकाबारे वुंदाहरु तयार गर्छन् । तयार गरीएका वुंदाहरुको भित्ते प्रश्तुति हुन्छ । समूहहरु एकअर्काको भित्ते प्रश्तुति अवलोकन गर्छन् । भित्ते प्रश्तुतिको आधारमा अन्तिम वुंदाहरु तयार गर्न कार्यदल गठन हुन्छ । कार्यदलले अर्को दिन पूर्णसमूहमा अन्तिम वुंदाहरु प्रश्तुत गर्ने र त्यसको अभिलेखन गर्ने ।

पाठ योजना- ७

प्रशिक्षण शीर्षक	राज्यको पुनर्संरचना तथा समावेशीकरण
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले
	– राज्यको पुनर्संरचना तथा समावेशीकरणको तात्पर्य तथा आधारहरु बताउन सक्नेछन्, – वहिस्करणमा पारिएका समुदायहरुको प्रतितिधित्व संविधानसभामा कस्तो हुनु पर्छ भन्नेबारे सुझाव दिन सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	३ घण्टा

प्रशिक्षण विधि

७.१. **राज्य भनेको के हो** भन्नेबारे सहभागीहरुलाई आफ्नो बुझाई एकलरुपमा मेटाकार्डमा लेख्न लगाउने । यसरी प्रत्येक सहभागीद्वारा राज्यको अर्थबारे चिन्तन-अभ्यासपछि प्रशिक्षकले राज्यको अर्थबारे आफ्नो प्रश्तुति दिने ।

राज्यको अर्थ

राज्य त्यो इकाई वा अस्तित्व हो जस्को निश्चित भू-भाग हुन्छ, त्यस भू-भागमा बस्ने निश्चित जनसंख्या हुन्छ, जस्को आफ्नो सांगठनिक संरचना वा सरकार हुन्छ र आफ्नो राज्यभित्र सबै अधिकारहरु प्रयोग गर्न सक्ने सर्वोच्च शक्ति (सार्वभौमसत्ता) सम्पन्न हुन्छ ।

७.२. **राज्यको पुनर्संरचना को अर्थ र पुनर्संरचना**का आधारहरुबारे प्रशिक्षकले प्रश्तुति दिने ।

राज्यको पुनर्संरचनाको अर्थ

शासनप्रणालीको वर्तमान केन्द्रीकृत स्वरुपको परिवर्तन वा हेरफेर गरी राज्यका सबै गतिविधिहरु आम नागरिकको पहुंच तथा नियन्त्रणमा ल्याउने प्रक्रियानै राज्यको पुनर्संरचना हो । वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको

अन्त्य गरेर आदिवासी जनजाति, दलित, मधेसी र महिलाहरूको भावना अनुरुप राज्यको पुर्नगठन गर्नुलाई नै राज्यपुर्नसंरचना भनेर बुझ्नु पर्दछ ।

राज्यको पुनर्संरचनाका आधारहरु

१ संघीय प्रणाली

२ वहुभाषिक राज्यनीति

३ प्रतिनिधित्व र निर्वाचन प्रणाली

४ राज्य शासन प्रणाली

५ सामाजिक न्याय तथा सुरक्षा

६ धर्मनिरपेक्षता

७.३. **समावेशीकरण भनेको के हो** भन्नेबारे पहिले सहभागीहरुलाई उनीहरुको बुझाई सोध्ने । केही सहभागीहरुले आना बुझाई व्यक्त गरेपछि समावेशीकरणको अर्थ र आधारहरुबारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने ।

समावेशीकरणको अर्थ

राज्य संचालनप्रकृया तथा सार्वजनिक जिम्मेवारीमा समावेस नगरिएका आदिवासी जनजाती, दलित, मधेसी, धार्मिक तथा अन्य अल्पसंख्यक, महिलाहरुलाई नीति निर्माण र कार्यान्वयनको तहमा सहभागी हुन सक्ने अवस्थाको सिर्जना गर्नु नै समावेशीकरण हो ।

समावेशीकरणका आधारहरु

- सबै विशेषताहरु (वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय) को पहिचान ।
- सबै (आदिवासी जनजाति, दलित, मधेसी, महिलाहरू लगायत) को प्रतिनिधित्व ।
- नीति निर्माण र कार्यान्वयनको तहमा सबै (आदिवासी जनजाति, दलित, मधेसी, महिलाहरू लगायत) को पहुंच ।

समावेशीकरण किन ?

- समानता तथा न्यायका लागि,
- लोकतन्त्रको जगलाई वलियो बनाउन,
- हिंसात्मक जातीय द्वन्द्वबाट मुक्त रहन,
- देशलाई खण्डित हुनबाट बचाउन,
- राज्यमा समानुपातिक प्रतिनिधित्व गर्न,
- देशको समानुपातिक विकास गर्न ।

प्रशिक्षकको नमुना प्रश्तुति ८



राज्यको पुनर्संरचना

पुनर्संरचनाको अर्थ भैरहेको स्वरुप वा ढांचालाई परिवर्तन गर्नु हो । शासनप्रणालीको वर्तमान केन्द्रीकृत स्वरुपको परिवर्तन वा हेरफेर गरी राज्यका सबै गतिविधिहरु आम नागरिकको पहुंच तथा नियन्त्रणमा ल्याउने प्रक्रिया नै राज्यको पुनर्संरचना हो ।

राज्यपुनर्संरचनाका आधारहरु

१ संघीय प्रणाली
२ बहुभाषिक राज्यनीति
३ प्रतिनिधित्व र निर्वाचन प्रणाली
४ राज्य शासन प्रणाली (बहुमतीय/सहमतीय)
५ सामाजिक न्याय
६ धर्मनिरपेक्षता

समावेशीकरण भनेको के हो ?

राज्य संचालन प्रक्रिया तथा सार्वजनिक जिम्मेवारीमा समावेश नगरिएका आदिवासी जनजाति, दलित, मधेसी, धार्मिक तथा अन्य अल्पसंख्यक, महिलाहरुलाई नीति निर्माण र कार्यान्वयनको तहमा सहभागी हुन सक्ने अवस्थाको सिर्जना गर्नु नै समावेशीकरण हो ।

समावेशीकरणका आधारहरु

१ सबै विशेषताहरु (जाति, भाषा, धर्म, भूगोल) को पहिचान

२ सबैको प्रतिनिधित्व

३ नीति निर्माण र कार्यान्वयनको तहमा सबैको पहँच

समावेशीकरण किन ?

१ समानता तथा न्यायका लागि

२ लोकतन्त्रको जगलाई बलियो बनाउन

३ हिंसात्मक जातीय द्वन्द्वबाट मुक्त रहन

४ देशलाई खण्डित हुनबाट बचाउन

५ राज्यमा समानुपातिक प्रतिनिधित्व गर्न

६ देशको समानुपातिक विकास गर्न

७.४. **वहिस्करणमा पारिएका समुदायहरुको प्रतिनिधित्व संविधानसभामा कस्तो हुनु पर्छ** भन्नेबारे सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा छलफलको माध्यमबाट सहभागीहरुले वहिस्करणमा पारिएका समुदायहरुको प्रतिनिधित्व संविधानसभामा कस्तो हुनु पर्छ भन्ने विषयमा वुंदाहरु तयार गर्छन् । तयार गरीएका वुंदाहरुको भित्ते प्रश्तुति हुन्छ । समूहहरु एकअर्काको भित्ते प्रश्तुति अवलोकन गर्छन् । भित्ते प्रश्तुतिको आधारमा अन्तिम वुंदाहरु तयार गर्न कार्यदल गठन हुन्छ । कार्यदल गठन गर्न प्रशिक्षकले सहजीकरण गर्ने । कार्यदलले अर्को दिन पूर्णसमूहमा अन्तिम वुंदाहरु प्रश्तुत गर्ने र त्यसको अभिलेखन गर्ने ।

पाठ योजना- ८

प्रशिक्षण शीर्षक	संघीयता
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले – संघीय प्रणालीका विषेशताहरुकाबारेमा व्याख्या गर्न सक्नेछन् । – स्वायत्तताको व्यवस्था कस्तो हुनु पर्छ र संघीय प्रणालीमा आत्मनिर्णयको अधिकार के हुनु पर्छ भन्ने विषयमा बहस गर्न सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	४ घण्टा, ३० मिनेट

प्रशिक्षण विधि

८.१. **सरकार भनेको के हो** भन्नेबारे सहभागीहरुलाई आफ्नो बुझाई एकलरुपमा मेटाकार्डमा लेख्न लगाउने । यसरी प्रत्येक सहभागीद्वारा सरकारको अर्थबारे चिन्तन-अभ्यासपछि प्रशिक्षकले सरकारको अर्थबारे आफ्नो प्रश्तुति दिने ।

सरकारको अर्थ

राज्यको सर्वोच्च शक्तिको प्रयोग गर्ने तीनवटै अङ्गहरु विधायिका, कार्यपालिका र न्यायपालिका मिलेर बनेको राज्यको चाहना र भावना अभिव्यक्त गर्ने र कार्यान्वयन गर्ने वैधानिक शक्ति नै सरकार हो । सार्वभौमसत्तासम्पन्न जनताको समर्थनमा संविधानको उद्देश्य र भावनाअनुरुप शासन संचालन गर्ने राजकीय संयन्त्र हो ।

८.२ एकात्मक र संघात्मक राज्य प्रणालीबारे प्रशिक्षकले परिचयात्मक प्रश्तुति दिने ।

एकात्मक शासन प्रणाली

राज्यसत्तामा अन्तरनिहीत सम्पूर्ण शक्ति र शासनको वागडोर एउटै इकाइ वा केन्द्रीय निकायमा मात्र निहित रहने सरकारको स्वरूपलाई एकात्मक सरकार भनिन्छ । यस प्रकारको शासन व्यवस्थामा सम्पूर्ण मुलुकमा एउटै कार्यपालिका, व्यवस्थापिका र

न्यायपालिका केन्द्रीय स्तरमा रहन्छ । सरकारका अङ्गहरू केन्द्रीयस्तरमा क्रियाशील रहन्छन् । एकात्मक प्रणालीमा शक्तिको सवै स्रोत केन्दीयस्तरमै निहित रहन्छ ।

संघात्मक शासन प्रणाली

संघात्मक शासन प्रणालीमा संविधानद्वारा केन्द्र र प्रदेश वा प्रान्तीय राज्यबीचको अधिकारक्षेत्र छुट्याइएको हुन्छ । संघीय सरकार र प्रदेश वा प्रान्तीय सरकार आ-आफ्नो क्षेत्रमा अधिकार सम्पन्न हुन्छन् र सामान्यतया एकले अर्कोको अधिकारक्षेत्रमा शासन र हस्तक्षेप गर्न पाउँदैन । देशको मूल कानुनद्वारानै संघीय सरकार र राज्य सरकारबीच काम, कर्तव्य र अधिकारको बाँडफाँड भएको हुन्छ र अलग अलग रही स्वतन्त्रतापूर्वक काम गर्दछन् ।

८.३ भूत देखि वर्तमानसम्म संचालन हुँदै आइरहेको **केन्द्रीकृत स्वरुप भएको नेपालको शासन प्रणाली** कस्तो रहि आएको छ ? सहभागीहरुलाई सोध्ने र उनिहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै प्रशिक्षकले आफ्नो प्रश्तुति दिने । खेलको माध्यमबाट प्रश्तुतिलाई अझ रोचक बनाउन सकिन्छ :

नेपाल जस्तो जातीय, भाषिक, साँस्कृतिक, धार्मिक तथा क्षेत्रीय विविधता भएको देशमा वर्षौंदेखि निश्चित जाति, वर्ग र परिवारको एकोहोरो वर्चस्व रहेको छ । यो कारणबाट आदिवासी जनजाति, दलित, मधेसी, महिला, धार्मिक तथा अन्य अल्पसंख्यक समुदाय बहिस्करणमा पारिएका छन् । देशको राज्य संयन्त्र अहिले पनि एकल जात, भाषा, धर्म र संस्कृतिको प्रभुत्वमा रहेको छ । यसले गर्दा अन्य क्षेत्र, जात, भाषा, धर्म र संस्कृतिको पहिचान हुन सकेको छैन । स्रोत साधनमा पहुंच छैन । राज्य संचालन तहमा प्रतिनिधित्व छैन । मन्त्रीपरिषद्, निजामति सेवा, सर्बोच्च अदालत, प्रहरी, सेना र सर्वत्र एकै जातिको प्रभुत्व रहेको अवस्था छ ।

८.४ यस्तो अवस्थाको अन्त्य गर्न **कस्तो शासन प्रणाली राम्रो होला ?** भन्नेबारे सहभागीहरु उपसमूहगत छलफल गर्छन् । छलफलका निष्कर्षहरु पूर्णसमूहमा प्रश्तुत गर्छन् । त्यसपछि सहभगीहरुबीच भएको छलफललाई प्रशंगमा ल्याउँदै प्रशिक्षकले शासन प्रणालीको वर्तमान केन्द्रीकृत स्वरुप परिवर्तन गरि राज्यका सवै गतिविधिहरु आम नागरिकको पहुंच तथा नियन्त्रणमा ल्याउनका लागि संघीय शासन प्रणाली आवश्यक रहेकोबारे आफ्नो प्रश्तुति दिने । उदाहरण स्वरुप :

संघीयताले राजनीतिक सत्तालाई जनतानजिक पुऱ्याउँछ । संघीय प्रणालीमा संविधानले नै केन्द्र र प्रान्त वा प्रदेशहरूबीच शक्ति विभाजन गर्दछ । यसले गर्दा जनताको सर्वोच्चता कायम रहन्छ र हरेक नागरिकको मानवीय तथा सामाजिक हकहरू सुनिश्चित रहन्छन् ।

केन्द्रले न्यूनतम रूपमा मौद्रिक नीति, परराष्ट्र र सुरक्षा हेर्दछ । अन्य सबै बाँकी पक्षहरू

प्रदेशहरूले हेर्न सक्दछन् । नेपालको विभिन्न भूभागमा सघनरूपले एकत्रित समुदायहरूलाई यस प्रणालीले स्वायत्तत्ता प्रदान गर्न सक्दछ ।

यसले विभिन्न समुदायहरूलाई स्वायत्तत्ता दिने मात्र होइन, देशलाई जातीय दंगाबाट पनि जोगाउछ । सयभन्दा बढी देशहरूको अध्ययन गर्ने प्राज्ञहरूले ध्वंसात्मक विद्रोहहरू एकात्मक प्रणाली भएको देशहरूमा बढी र संघीय राज्यहरूमा कम पाएका छन् ।

८.५ प्रशिक्षकको सल्लाह बमोजिम सहभागीहरु तोकिएको निश्चित समयसम्म (लगभग ३० मिनेटसम्म) **अध्ययन सामग्री पढ्छन् ।**

८.६ **स्वायत्तता भनेको के हो ?** भन्नेबारे सहभागीहरुलाई सोध्ने र उनिहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै प्रशिक्षकले स्वायत्तताको अर्थबारे आफ्नो प्रश्तुति दिने ।

स्वायत्तताको अर्थ

स्वायत्तता भनेको स्थानीय तहमा शासन गर्ने अधिकार हुनु हो, स्रोत-सम्पदामाथिको पहुँच र नियन्त्रण गर्ने हक स्थानीय तहमानै स्थापित हुनु हो । हाम्रो जस्तो बहुजातीय, बहुभ(ाषिक, बहुसांस्कृतिक समुदायहरूले भरिएको राष्ट्रमा स्वायंत्तता र स्वशासन नभईकन जनताले प्रजातन्त्रको अनुभूति गर्न सक्दैनन् ।

८.७ **आत्म-निर्णयको अधिकार भनेको के हो ?** भन्नेबारे सहभागीहरुलाई आफ्नो बुझाई एकलरुपमा मेटाकार्डमा लेख्न लगाउने । यसरी प्रत्येक सहभागीद्वारा आत्म-निर्णयको अधिकारको अर्थबारे चिन्तन-अभ्यासपछि प्रशिक्षकले आत्म-निर्णयको अधिकारको अर्थबारे आफ्नो प्रश्तुति दिने ।

आत्म-निर्णयको अधिकारको अर्थ

व्यक्तिहरू वा समुदायहरूले छुट्टै स्वायत्तता चाहेमा वा अरू समुदायहरूसँग मिलेर बस्न चाहेमा सोही मुताविक निर्णय गर्न सक्ने व्यवस्थालाई आत्मनिर्णको अधिकार भन्न सकिन्छ । आत्मनिर्णयको अधिकारलाई मुख्य आधार मानिँदा जनता नै सर्वैसर्वा हुन्छन् ।

प्रशिक्षकको नमुना प्रश्तुति- ९

सरकार

राज्यको सार्वभौम शक्तिको प्रयोग गर्ने तीनवटै अङ्गहरु विधायिका, कार्यपालिका र न्यायपालिका मिलेर बनेको राज्यको चाहना र भावना अभिव्यक्त गर्ने, कार्यान्वयन गर्ने वैधानिक शक्ति वा संयन्त्र नै सरकार हो । व्यापक अर्थमा सरकार भन्नाले राज्यको प्रतिनिधि हो, राज्यको प्रतिक हो ।

एकात्मक सरकार

राज्यसत्तामा अन्तरनिहीत सम्पूर्ण शक्ति र शासनको वागडोर एउटै इकाई वा देन्द्रीय निकायमा मात्र निहित रहने सरकारको स्वरुपलाई एकात्मक सरकार भनिन्छ । यस प्रकारको शासन व्यवस्थामा सम्पूर्ण मुलुकमा एउटै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहेको हुन्छ । यसमा सरकारका अङ्गहरु केन्द्रीय स्तरमा कृयाशील रहन्छन् । एकात्मक प्रणालीमा शक्तिको सवै स्रोत केन्द्रीयस्तरमै निहित रहन्छ ।

संघात्मक सरकार

संघीय व्यवस्थामा संविधानद्वारा नै केन्द्र र प्रदेश वा प्रान्तीय राज्यबीचको अधिकारक्षेत्र छुट्याइएको हुन्छ । देशको मूल कानुनद्वारा नै संघीय र राज्य सरकारबीच काम, कर्तव्य र अधिकारको बाँडफाँड भएको हुन्छ । संघीय सरकार र राज्य सरकारबीच शासन प्रशासनको सिलसिलामा विवाद भएमा त्यस्को निरुपण सर्वोच्च अदालतले गर्दछ ।

पाठ योजना

स्वशासन

स्वशासनको अर्थ आफ्नो शासनव्यवस्था आफै मिलाउन पाउने अधिकार हो । तर, स्वायात्तता र आत्मनिर्णको अधिकार विनाको स्वशासनको कुनै अर्थ रहँदैन । राज्य संरचनाका अन्य प्रणालीहरुसँग स्वशासनलाई अलग राखेर बुझ्न खोज्यो भने त्यो अमूर्त वा बुझ्न नसकिने हुन्छ ।

स्वायत्तता

स्वायत्तता भनेको स्थानीय तहमा शासन गर्ने अधिकार हुनु हो । हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक समुदायहरूले भरिएको राष्ट्रमा स्वायत्तता र स्वशासन नभईकन जनताले लोकतन्त्रको अनुभूति गर्न सक्दैनन् । स्वायत्ततारहित स्वशासन हुन सक्दैन । स्वायत्ततामा आत्मनिर्णको अधिकार पनि निहित रहेको हुन्छ ।

आत्मनिर्णयको अधिकार

व्यक्तिहरु वा समुदायहरूले छुट्टै स्वायत्तता चाहेमा वा अरू समुदायहरूसँग मिलेर बस्न चाहेमा सोही मुताबिक निर्णय हुन सक्ने व्यवस्थालाई आत्मनिर्णको अधिकार भन्न सकिन्छ । आत्मनिर्णयको अधिकारलाई मुख्य आधार मानिँदा जनता नै सर्वेसर्वा हुन्छन् ।

८.८ संघीय प्रणलीमा **स्वायत्तता कस्तो किसिमको हुनु पर्छ र आत्म-निर्णयको अधिकार कस्तो हुनु पर्छ** भन्नेबारे सहभागीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो उपसमूहमा छलफलको माध्यमबाट सहभागीहरुले बुंदाहरु तयार गर्छन् । तयार गरीएका बुंदाहरुको भित्ते प्रश्तुति हुन्छ । समूहहरु एकअर्काको भित्ते प्रश्तुति अवलोकन गर्छन् । भित्ते प्रश्तुतिको आधारमा अन्तिम बुंदाहरु तयार गर्न कार्यदल गठन हुन्छ । कार्यदलले अर्को दिनको पूर्णसमूहमा ती अन्तिम बुंदाहरु प्रश्तुत गर्ने र त्यसको अभिलेखन गर्ने ।

पाठ योजना- ९

प्रशिक्षण शीर्षक	निर्वाचन प्रणाली
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले निर्वाचन प्रणालीको अर्थ र किसिमहरु : पहिलो हुने निर्वाचित हुने (बढीमत/बहुमत) प्रणाली, समानुपातिक प्रतिनिधित्व प्रणाली र मिश्रित प्रणालीबारे बताउन सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, ल्यापटप/एल्सिडि, अध्ययन-सामग्री, आदि ।
समय-बजेट	२ घण्टा, ३० मिनेट

प्रशिक्षण विधि

९.१. **निर्वाचन भनेको के हो** भन्नेबारे सहभागीहरुलाई सोध्ने र उनिहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै प्रशिक्षकले निर्वाचन प्रणालीबारे आफ्नो प्रश्तुति दिने ।

निर्वाचनको परिभाषा

निर्वाचन भनेको शासनको वैधता पुष्ट्याई गर्ने माध्यम हो, राजनितिको लोकतान्त्रीक आधार हो । निर्वाचनको माध्यमबाट जनताको सार्वभौमशक्ति जनप्रतिनिधिमा हस्तान्तरण हुन्छ । जनप्रतिनिधि चयन गर्ने पद्धतीलाई निर्वाचन प्रणाली भनिन्छ । निर्वाचन प्रणालीका विभिन्न किसिमहरु हुन्छन् ।

९.२. निर्वाचनका किसिमहरुबारे सहभागीहरुलाई सोध्ने र उनिहरुले जानेका कुराहरु व्यक्त गर्न लाउने । सहभागीहरुद्वारा व्यक्त विचार वा जानकारीलाई समेट्दै निर्वाचनका किसिमबारे प्रशिक्षकले आफ्नो प्रश्तुति दिने । नेपालको सन्दर्भमा जान्नु पर्ने तीन किसिमका निर्वाचनका प्रणालीहरु :

पहिलो हुने निर्वाचिन हुने प्रणाली

पहिले हुने निर्वाचित हुने प्रणाली एक सदस्यीय निर्वाचन क्षेत्र तथा उम्मेद्वार-केन्द्रीत मतदानमा प्रयोग हुने बढीमत/बहुमत प्रणालीको एक सरल रुप हो । यो प्रणालीमा मतदाताले उमेद्वारहरुको नामावली हेर्छ र कुनै एकलाई छनोट गरी मतदान गर्दछ । यो तरिका मार्फत सबभन्दा बढी मत पाउने उम्मेद्वार विजयी हुन्छ ।

समानुपातिक प्रणाली

समानुपातिक प्रतिनिधित्व प्रणाली भनेको जुन राजनीतिक दल वा समूहले जति प्रतिशत मत पाउँछन् सोही अनुपातमा प्रतिनिधी पठाउने प्रणाली हो । यस प्रणालीमा व्यक्ति चुनावमा खडा नभइ दललाई नै प्रस्तुत गरिन्छ । दलले जति प्रतिशत मत पाउँछ सोही अनुपातमा उसले प्रतिनिधी पठाउँछ । यहां बुझ्नु पर्ने गांठो कुरो के छ भने सार्थक समानुपातिक प्रतिनिधित्व हुन्छ हुँदैन भन्ने कुरो राजनीतिक दलहरुले बनाउने उम्मेद्वारहरुको सूचीको ढाँचा (ठाडो वा तेर्सो) मा निर्भर हुन्छ ।

मिश्रित प्रणाली

मिश्रित निर्वाचन प्रणाली भनेको हरेक निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणालीका निश्चित पक्षहरुलाई मिलाइएको चुनाव प्रणाली हो । यो निर्वाचन प्रणालीमा भिन्नाभिन्नै तरिकाद्धारा हुने दुई अलग-अलग निर्वाचन प्रणालीलाई मिसाएर एकसाथ प्रयोगमा ल्याइने भएको हुनाले यसलाई मिश्रित निर्वाचन प्रणाली भनिएको हो ।

मिश्रित निर्वाचन प्रणालीका किसिम दुइवटा छन्-

मिश्रित सदस्य समानुपातिक

यो प्रणाली अन्तरगत दुई भिन्नाभिन्नै निर्वाचन प्रणालीलाई एक साथ प्रयोग गरेर परिणामलाई एक-आपसमा आवद्ध गरि क्षतिपूर्ति दिने उपायद्वारा चुनावको अन्तिम परिणामलाई समानुपातिक बनाइन्छ । यसमा पहिलो हुने निर्वाचित हुने चुनाव प्रणालीको र समानुपातिक प्रतिनिधित्व प्रणालीलाई एकसाथ प्रयोग गरिन्छ ।

समानान्तर

मिश्रित सदस्य समानुपातिक प्रणालीमा झै यो समानान्तर प्रणालीमा पहिलो हुने निर्वाचित हुनेको परिणाम र समानुपातिक निर्वाचनको परिणामबीच कुनै सम्बन्ध रहँदैन । संविधानसभाका लागि नेपालमा अपनाइने निर्वाचन प्रणाली भनेको समानान्तर प्रणाली हो । यो प्रणालीअन्तर्गत दलले आफ्नो उम्मेद्वारको सूची पहिले नै प्रकाशित गर्नु पर्दछ । मत प्राप्त गरेको अनुपातमा दलले पहिले नै प्रकाशित गरेको सूचीबाट क्रमानुसार निर्वाचित घोषणा गरिन्छ । फेरि पनि यहां बुझ्नु पर्ने कुरो के हो भने सार्थक प्रतिनिधित्व हुन्छ हुँदैन भन्ने कुरो राजनीतिक दलहरुले बनाउने उम्मेद्वारहरुको सूचीको ढाँचामा निर्भर हुन्छ । सार्थक प्रतिनिधित्व हुनका लागि राष्ट्रिय सूची (तेर्सो) समानुपातिक निर्वाचन प्रणाली अपनाउनु पर्ने हुन्छ ।

९.३. **राष्ट्रिय सूची (तेर्सो) समानुपातिक निर्वाचन प्रणाली** किन उपयुक्त छ भन्नेबारे प्रशिक्षकले प्रश्तुति दिने ।

राष्ट्रिय सूची (तेर्सो) समानुपातिक निर्वाचन प्रणाली

नेपाल बहुजातीय, बहुभाषिक, बहुधार्मिक र बहुसांस्कृतिक मुलुक भएको हुनाले यहाँका लागि सबैभन्दा उपयुक्त निर्वाचन प्रणाली भनेको राष्ट्रिय सूची (तेर्सो) समानुपातिक निर्वाचन प्रणाली नै हुन्छ । यस्तो प्रणालीबाट पूर्णसमानुपातिक प्रतिनिधित्व कायम गर्न सकिन्छ । यसका लागि दलहरुले जातीय, भाषिक, सांस्कृतिक, धार्मिक तथा क्षेत्रीय जनसंख्याको आधारमा उम्मेद्वारको तेर्सो बन्द सूची तयार गर्नुपर्दछ ।

९.४. प्रशिक्षकले राष्ट्रिय सूची (तेर्सो) समानुपातिक निर्वाचन प्रणालीका सन्दर्भमा निम्न बमोजिम दिइएको प्रश्तुतिलाई व्याख्या गर्ने ।

बुझ्न सजिलो होस भनेर नमुनाका लागि दुई ठूला पार्टीहरुको सन्दर्भमा ठाडो सूची र तेर्सो सूचीबीच तुलना गरेर हेर्दा :

उम्मेदवारहरुको ठाडो सूची, ने.का.

१ गिरिजा कोइराला

२ सुशील कोइराला

३ रामचन्द्र पौडेल

४ रामशरण महत

५ रामवरण यादव

६ महन्थ ठाकुर

आदिवासी जनजाति, दलित, मधेसी, धार्मिक तथा अन्य अल्पसंख्यक समुदाय र महिलाहरुको आन्दोलनको माग भनेको जनसंख्याको आधारमा बहुल समानुपातिक अर्थात राष्ट्रिय समानुपातिक प्रतिनिधित्व (नेपाल राष्ट्रको सामाजिक संरचना अनुरुपको मुहार झल्कने प्रतिनिधित्व) हो ।

पर्यवेक्षकको आँखाबाट वरिष्ठताका आधारमा (नमुनाका लागि मात्र) समानुपातिक उम्मेद्वार

उम्मेदवारहरुको तेर्सो सूची, ने का

जनजाति	बाहुन/क्षेत्री	मधेसी	दलित	अन्य
१ →व राई	२ →गि कोइराला	३ →रा यादव	४ →विश्वकर्मा	५ → .....
६ →कु गुरुङ	७ →सु कोइराला	८ →म ठाकुर	९ →परियार	१० → .....
११ →तामाङ	१२ →रा पौडेल	१३ →महतो	१४ →पासवान	
१५ →थारु	१६ →रा महत	१७ →	१८ →	
१९ →मगर	२० →			
२१ →लिम्बु	२२ →			
२३ →धिमाल	२४ →			
२५ →सेर्पा				
२६ →				
२७ →				

उम्मेदवारहरुको ठाडो सूची, एमाले

१ माधव नेपाल

२ खड्ग ओली

३ वामदेव गौतम

४ भरतमोहन अधिकारी

५ झलनाथ खनाल

६ अमृत बोहोरा

साना(ठूला सबै समुदाय र आस्थाका हकहित सुनिश्चित गर्न समावेशी आधारमा राज्यको अग्रगामी पुनर्संरचनाका लागि बहुल समानुपातिक अर्थात राष्ट्रिय समानुपातिक प्रतिनिधित्व (नेपाल राष्ट्रको सामाजिक संरचना अनुरुपको मुहार झल्कने प्रतिनिधित्व) नै सार्थक समानुपातिक प्रतिनिधित्व हो ।

पर्यवेक्षकको आँखाबाट वरिष्ठताका आधारमा (नमुनाका लागि मात्र) समानुपातिक उम्मेद्वार

उम्मेदवारहरुको तेर्सो सूची, ध्माले

जनजाति	बाहुन/क्षेत्री	मधेसी	दलित	अन्य
१ →सा प्रधान	२ →मा नेपाल	३ →यादव	४ →पासवान	५ → .....
६ →अ राई	७ →ख ओली	८ →महाशेठ	९ →बिश्वकर्मा	१० → .....
११ →धारु	१२ →बा गौतम	१३ →महतो	१४ →सदा	
१५ →गुरुङ	१६ →भ अधिकारी	१७ →	१८ →	
१९ →मगर	२० →झ खनाल			
२१ →लिम्बू	२२ →अ बोहोरा			
२३ →धिमाल	२४ →			
२५ →तामाङ				
२६ →				
२७ →				

प्रशिक्षकको नमुना प्रश्तुति- १०

निर्वाचन प्रणाली

निर्वाचन भनेको शासनको वैधता पुष्ट्याई गर्ने माध्यम हो, राजनीतिको लोकतान्त्रिक आधार हो । शासनको वैधता पुष्ट्याई गर्न प्रतिनिधि चयन गर्ने पद्धतीलाई निर्वाचन प्रणाली भनिन्छ । निर्वाचनको माध्यमबाट जनताको सार्वभौमशक्ति जनप्रतिनिधिमा हस्तान्तरण हुन्छ ।

निर्वाचन प्रणालीका किसिमहरु

- पहिलो हुने निर्वाचिन हुने (बढीमत/बहुमत) प्रणाली
- समानुपातिक प्रणाली
- मिश्रित प्रणाली

पहिलो हुने निर्वाचित हुने

पहिलो हुने निर्वाचिन हुने प्रणाली अन्तर्गत निर्वाचनमा खडा भएका उम्मेद्वारहरु मध्ये जो सर्वप्रथम हुन्छ त्यसैलाई विजयी घोषणा गर्ने प्रणाली हो ।

पहिलो हुने निर्वाचित हुने

दल	एकल सदस्यीय
दल क	८०
दल ख	६१
दल ग	३०
दल घ	२५
दल ङ	९
दल च	०
जम्मा	२०५

समानुपातिक प्रणाली

समानुपातिक प्रतिनिधित्व प्रणाली भनेको जुन पार्टी वा समूहले जति प्रतिशत मत पाउँछन् सोही अनुपातमा प्रतिनिधी पठाउने प्रणाली हो । यस प्रणालीमा व्यक्ति चुनावमा खडा नभइ दललाई नै प्रस्तुत गरिन्छ । दलले जति प्रतिशत मत पाउँछ सोही अनुपातमा उसले प्रतिनिधि पठाउँछ ।

समानुपातिक निर्वाचन प्रणाली

दल	प्राप्त मत
दल क	३० प्र
दल ख	२५ प्र
दल ग	२० प्र
दल घ	१५ प्र
दल ङ	७ प्र
दल च	३ प्र
जम्मा	१०० प्र

मिश्रित निर्वाचन प्रणाली

मिश्रित निर्वाचन प्रणाली भनेको हरेक निर्वाचन क्षेत्रमा पहिलो हुने निर्वाचिन हुने प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणालीलाई मिश्रित गरेर अपनाइएको चुनाव प्रणाली हो ।

संविधानसभाको निर्वाचन प्रणाली

नेपालमा हुन गइरहेको संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अन्तर्गत पर्ने समानान्तर प्रणालीलाई अवलम्बन गरिने भएको छ ।

समानान्तर प्रणाली

समानान्तर प्रतिनिधित्व प्रणालीअन्तर्गत दलले आफ्नो उम्मेदवारको सूची पहिले नै प्रकाशित गर्नु पर्दछ । मत प्राप्त गरेको अनुपातमा दलले पहिले नै प्रकाशित सूचीबाट क्रमानुसार निर्वाचित घोषणा गरिन्छ ।

समानान्तर प्रणाली

दल	प्राप्त मत	समानुपातिक	एकल इर्म्मीय	नतिजा
दल क	३० प्र	६१	८०	१४१
दल ख	२५ प्र	५१	६१	११२
दल ग	२० प्र	४१	३०	७१
दल घ	१५ प्र	३१	२५	५६
दल ङ	७ प्र	१४	९	२३
दल च	३ प्र	६	०	६
जम्मा	१०० प्र	२०४	२०५	४०९

पाठ योजना

पाठ योजना- १०

प्रशिक्षण शीर्षक	जल्दावल्दा मुद्दाहरुको पहिचान तथा संबोधन
प्रशिक्षणको उद्देश्य	प्रशिक्षणपछि सहभागीहरुले – महिलाहरुका, दलितहरुका, आदिवासी जनजातिका, मधेसीहरुका, र धार्मिक तथा अन्य अल्पसंख्यक समुदायका जल्दावल्दा मुद्दाहरुको पहिचान गर्न सक्नेछन्, – अव बन्ने नया संविधानमा ती मुद्दाहरु कसरी समेट्ने भन्नेबारे सुझाव दिन सक्नेछन् ।
प्रशिक्षण सामग्री	मार्कर, न्युजप्रिण्ट, लेखन्बोर्ड, मेटाकार्ड, पोष्टर, अध्ययन-सामग्री ।
समय-बजेट	४ घण्टा

प्रशिक्षण विधि

१०.१. विभिन्न संघ संस्थाहरुद्वारा उठाइएका जल्दावल्दा **मुद्दाहरुका नमुना** अध्ययनार्थ प्रशिक्षार्थीहरुलाई वितरण गर्ने ।

१०.२. प्रशिक्षार्थीहरुले वर्तमानमा देखेका **जल्दावल्दा मुद्दाहरु** के हुन, ती मुद्दाहरुको पहिचान के हो वा के कस्ता किसिमका हुन र संबोधन कसरी गरिनु पर्छ भन्नेबारे समूहगत अभ्यासका लागि प्रशिक्षार्थीहरुलाई उपसमूहमा विभाजन गर्ने । उपसमूहमा अभ्यासका लागि प्रशिक्षार्थीहरुलाई सोध्न सकिने प्रश्नहरु (जसको उत्तर उपसमूहगत अभ्यासबाट दिइनु पर्ने हुन्छ) :

(क) आजको विद्यमान समस्याग्रस्त राजनीतिक परिस्थिति र सामाजिक अवस्थाहरु के हून ?

(ख) ती राजनीतिक परिस्थिति र सामाजिक अवस्थाका कारक तत्व के हुन ?

(ग) राजनीतिक परिस्थिति र सामाजिक अवस्थाको रुपान्तरणका लागि कस्ता संवैधानिक तथा कानुनी प्रावधान हुनु पर्दछ वा अन्य के कस्ता व्यवस्था हुनु जरुरी छ ?

१०.३. प्रश्नहरुको उत्तर दिन प्रशिक्षार्थीहरु उपसमूहगत छलफल गर्छन । आ-आफ्नो पसमूहमा

छलफलको माध्यमबाट सहभागीहरुले वुंदागतरुपमा प्रश्नका उत्तर तयार गर्छन् र पूर्णसमूहमा प्रश्तुत गर्छन् । प्रत्येक उपसमूगत प्रश्तुतिलाई पूर्णसमूहले छलफल गरी परिमार्जन गर्ने । प्रशिक्षकले ती परिमार्जित वुंदाहरुको अभिलेखन राख्ने ।

कार्य योजना निर्माण

सामाजिक परिचालकहरू कार्ययोजना	कार्य योजना अभ्यासपछि सहभागीहरुले आ-आफ्नो कार्यक्षेत्रमा गएर योजनाबद्ध तरिकाले कार्यक्रम संचालन गर्न कार्य योजना बनाएर जातीय भेदभाद विरुद्ध राष्ट्रिय मञ्च (NCARD) मा पेश गर्ने ।
समय-बजेटः	२ घण्टा, ३० मिनेट

पाँचदिने प्रशिक्षण कार्यक्रमको मूल्याक्तन

पाँचदिने प्रशिक्षण कार्यक्रमको मूल्याङ्कन	प्रशिक्षकद्वारा सहभागीहरूलाई मूल्याङ्कन-सामग्री वितरण गर्ने । सहभागीहरूले मूल्याङ्कन लेख्ने ।
समय-बजेटः	३० मिनेट

शब्दावलीका अर्थ/परिभाषा

प्रशिक्षण सामग्री

नेतृत्व : नेतृत्व भनेको कुनै उद्देश्य प्राप्त गर्न अथवा लक्ष्यमा पुग्नका लागि सहकर्मी, व्यक्ति वा समुदायलाई प्रभावित र उत्प्रेरित गर्ने एक जटिल प्रक्रिया हो, सीप र कला हो ।

जनवकालत : जनवकालत भनेको नागरिक अधिकार प्राप्तिका लागि प्रयोग गरिने प्रभावकारी हतियार हो । जल्दावल्दा सवाल वा मुद्दाहरुको समर्थनमा निर्णयकर्ता, नीतिनिर्माता, नेता तथा सबै किसिमका सरोकारवालाहरुलाई प्रभावित पार्ने प्रक्रिया हो ।

गठबन्धन : साझा उद्देश्य प्राप्त गर्न समन्वयात्मक तरिकाले सहकार्य गर्ने व्यक्तिहरु वा संस्थाहरुको सामूहिक रुपलाई गठबन्धन भनिन्छ । गठबन्धनका धेरै फाईदाहरु छन् साथै कतिपय वेफाईदाहरु पनि हुन सक्दछन् । त्यसैले, गठबन्धन गर्दा राम्ररी ध्यान पुऱ्याउन जरुरी हुन्छ ।

संविधान : यो देशको मूल कानुन हो र यसमा राज्यको संरचना र कार्यप्रणाली उल्लेख गरिएको हुन्छ । राज्यको राजनीतिक प्रणाली, राज्यका अङ्गहरूको गठन, राज्यशक्तिको प्रयोग सम्बन्धी लिखतलाई नै संविधान भनिन्छ ।

संविधानसभा : संविधानसभा नयां संविधान निर्माण गर्ने उद्देश्यका लागि निर्वाचन वा अरु कुनै माध्यमबाट गठन गरिएको सभा हो । यो नयां संविधान वनाउने भेला हो, थलो हो, र प्रक्रिया हो । संविधानसभाको प्रक्रियामा जनताको बढी सहभागिता हुन्छ र समावेशी मान्यता अनुसारको प्रतिनिधित्व हुन्छ । संविधानसभाबाट निर्माण हुने संविधान प्रति जनताको बढी विस्वास र स्वामित्व हुन्छ ।

निर्वाचन प्रणाली : प्रतिनिधि चयन गर्ने पद्धतीलाई निर्वाचन प्रणाली भनिन्छ । निर्वाचन भनेको शासनको वैधता पुष्ट्याई गर्ने माध्यम हो, राजनितिको लोकतान्त्रीक आधार हो । निर्वाचनको माध्यमबाट जनताको सार्वभौमशक्ति जनप्रतिनिधिमा हस्तान्तरण हुन्छ । निर्वाचन प्रणालीका विभिन्न किसिमहरु हुन्छन् । जस्तै- बढीमत/बहुमत प्रणाली, समानुपातिक प्रणाली, मिश्रित प्रणाली, आदि ।

राज्य : राज्य त्यो इकाई वा अस्तित्व हो जस्को निश्चित भू-भाग हुन्छ, त्यस भू-भागमा बस्ने निश्चित जनसंख्या हुन्छ, जस्को आफ्नो सांगठनिक संरचना वा सरकार हुन्छ र आफ्नो राज्यभित्र सबै अधिकारहरु प्रयोग गर्न सक्ने सर्वोच्च शक्ति (सार्वभौमसत्ता) सम्पन्न हुन्छ ।

राज्यको पुनर्संरचना : शासनप्रणालीको वर्तमान केन्द्रीकृत स्वरुपको परिवर्तन वा हेरफेर गरी राज्यका सवै गतिविधिहरु आम नागरिकको पहुंच तथा नियन्त्रणमा ल्याउने प्रक्रियानै राज्यको पुनर्संरचना हो । राज्यको पुनर्संरचनागर्दा सवै जात, वर्ग, लिङ्ग, क्षेत्रका नागरिकले समानरुपमा मान्यता, अवसर र अधिकार पाउने किसिमको समावेशी राज्यको निर्माण गरिन्छ ।

समावेशीकरण : राज्य संचालन प्रक्रिया तथा सार्वजनिक जिम्मेवारीमा समावेश नगरिएका आदिवासी जनजाती, दलित, मधेसी, धार्मिक अल्पसंख्यक, महिलाहरुलाई विभिन्न प्रक्रिया, व्यवस्था

वा उपायद्वारा नीति निर्माण र कार्यान्वयनको तहमा सहभागी हुन सक्ने अवस्थाको सिर्जना गर्नु नै समावेशीकरण हो । राज्य संचालन प्रक्रियामा सबै वर्ग, जाति, क्षेत्र, लिङ्ग, धर्मका समुदायहरु लाई समेट्नका लागि स्वशासन, स्वायत्तता, आत्मनिर्णको अधिकार जस्ता कुराहरुलाई सुनिश्चित गर्ने संरचनाहरु निर्माण गर्नु पर्ने हुन्छ ।

सरकार : राज्यको सार्वभौम शक्तिको प्रयोग गर्ने तीनवटै अङ्गहरु विधायिका, कार्यपालिका र न्यायपालिका मिलेर बनेको राज्यको चाहना र भावना अभिव्यक्त गर्ने, कार्यान्वयन गर्ने वैधानिक शक्ति नै सरकार हो । व्यापक अर्थमा सरकार भन्नाले राज्यको प्रतिनिधि हो, राज्यको प्रतिक हो । सार्वभौमसत्तासम्पन्न जनताको समर्थनमा संविधानको उद्देश्य र भावनाअनुरुप शासन संचालन गर्ने राजकीय संयन्त्र हो सरकार ।

एकात्मक सरकार : राज्यसत्तामा अन्तरनिहीत सम्पूर्ण शक्ति र शासनको वागडोर एउटै इकाइ वा केन्द्रीय निकायमा मात्र निहित रहने सरकारको स्वरूपलाई एकात्मक सरकार भनिन्छ । यस प्रकारको शासन व्यवस्थामा सम्पूर्ण मुलुकमा एउटै कार्यपालिका, व्यवस्थापिका र न्यायपालिका रहेको हुन्छ । यसमा सरकारका अङ्गहरू केन्द्रीयस्तरमा क्रियाशील रहन्छन् । एकात्मक प्रणालीमा शक्तिको सबै स्रोत केन्दीयस्तरमै निहित रहन्छ ।

संघात्मक सरकार : संघीय व्यवस्थामा संविधानद्वारा केन्द्र र प्रदेश वा प्रान्तीय राज्यबीचको अधिकारक्षेत्र छुट्याइएको हुन्छ । संघीय र राज्य सरकार आ-आफ्नो क्षेत्रमा अधिकार सम्पन्न हुन्छन् र सामान्यतया एकले अर्कोको अधिकारक्षेत्रमा शासन र हस्तक्षेप गर्न पाउँदैन । देशको मूल कानुनद्वारानै संघीय र प्रान्तीय सरकारबीच काम, कर्तव्य र अधिकारको बाँडफाँड भएको हुन्छ र अलग अलग रही स्वतन्त्रतापूर्वक काम गर्दछन् । संघीय सरकार र प्रान्तीय सरकारबीच वा एक र अर्को प्रान्तीय सरकारबीच शासन प्रशासनको सिलसिलामा विवाद भएमा त्यसको निरूपण सर्वोच्च अदालतले गर्दछ ।

स्वशासन : स्वशासनको अर्थ आफ्नो शासनव्यवस्था आफैँ मिलाउन पाउने अधिकार हो । तर, स्वायात्तता र आत्मनिर्णको अधिकार बिनाको स्वशासनको कुनै अर्थ रहँदैन । राज्य संरचनाका अन्य प्रणालीहरूसँग स्वशासनलाई अलग राखेर बुझ्न खोज्यो भने त्यो अमूर्त वा बुझ्न नसकिने हुन्छ ।

स्वायत्तता : स्वायत्तता भनेको स्थानीय तहमा शासन गर्ने अधिकार हुनु हो, स्रोत-सम्पदामाथिको पहुँच र नियन्त्रण गर्ने हक स्थानीय तहमानै स्थापित हुनु हो । हाम्रो जस्तो बहुजातीय, बहुभाषिक, बहुसांस्कृतिक समुदायहरूले भरिएको राष्ट्रमा स्वायंत्तता र स्वशासन नभईकन जनताले लोकतन्त्रको अनुभूति गर्न सक्दैनन् । स्वायंत्ततारहित स्वशासन हुन सक्दैन । स्वायत्ततामा आत्मनिर्णको अधिकार पनि निहित रहेको हुन्छ ।

आत्मनिर्णको अधिकार : व्यक्तिहरू वा समुदायहरूले छुट्टै स्वायत्तता चाहेमा वा अरू समुद(ायहरूसँग मिलेर बस्न चाहेमा सोही मुताबिक निर्णय हुन सक्ने व्यवस्थालाई आत्मनिर्णको अधिकार भन्न सकिन्छ । आत्मनिर्णयको अधिकारलाई मुख्य आधार मानिँदा जनता नै सर्वेसर्वा हुन्छन् । सिद्धान्ततः आत्मनिर्णयको अधिकारले बिखण्डन गर्ने हक पनि सुरक्षित गर्दछ यद्यपि वाद्यात्मक परिस्थिति बेगर मानिसहरू त्यस्तो माग गर्दैनन् भन्ने आम धारणा पाइन्छ ।

उद्धृत सामग्री

अध्ययन सामग्री

संविधान भनेको के हो ?

संविधान भनेको राज्य संचालन सम्बन्धी आधारभूत कुराहरू र तिनको कार्यान्वयन वारे लिपिवद्ध गरिएको कानुनी दस्तावेज हो । यसले राज्य संचालनको प्रक्रिया र विधिलाई वैधानिकता प्रदान गर्दछ । लिखित संविधानका आधारमा राज्य संचालन गर्ने अहिले एउटा मान्यता नै बनेको छ । संक्षेपमा भन्दा संविधानले सामान्यतया निम्न कुराहरूलाई समेटेको हुन्छ ।

- यसले राज्य र नागरिकको सम्वन्धलाई परिभाषित गर्दछ ।
- यसमा राज्यको मूलभूत उद्देश्य र नागरिकका हक/अधिकार एवं कर्तव्यको उल्लेख गरिएको हुन्छ र त्यसको उल्लङ्घन भएमा उपचारको उपायको समेत व्यवस्था गरिएको हुन्छ ।
- यसले शासन संचालनका केन्द्रीय, क्षेत्रीय र स्थानीय निकायहरूका बीच शक्तिको बाँडफाँड गर्दछ ।
- यसमा सरकारका अंगहरू– व्यवस्थापिका, कार्यपालिका, न्यायपालिका साथै अन्य संवैधानिक अंगहरूको कार्यक्षेत्र र अधिकार उल्लेख गरिएको हुन्छ ।
- यसमा स्वतन्त्र संवैधानिक निकायहरू जस्तै निर्वाचन आयोग, लोकसेवा आयोग, अख्तियार दुरूपयोग निवारण आयोग, आदिको व्यवस्था गरी उत्तरदायी शासनको प्रत्याभूत गरिएको हुन्छ ।
- यसले आवधिक निर्वाचनका माद्यमबाट अभिव्यक्त जनादेशका आधारमा सरकारको परिवर्तन एवं शान्तिपूर्ण सत्ता हस्तान्तरणको प्रक्रिया निर्धारण गरेको हुन्छ ।
- संविधान राज्यको मूल कानुन हो तसर्थ यससँग बाझिएका/नमिलेका ऐन, नियम र कानुनहरू स्वतः अमान्य/खारेज हुन्छन् ।
- भावी पुस्ताको आवश्यकता र चाहनालाई सम्बोधन गर्न र गतिशील बनाउन संविधानमा आवश्यकता अनुसार संशोधनका प्रावधानहरू व्यवस्था गरिएका हुन्छन् ।

नेपालमा लोकतन्त्र र संविधानसभा – एक छलफल
नेपाल समसामयिक अध्ययन केन्द

अन्तरिम संविधान भनेको के हो ? यसको आवश्यकता किन ? र यसमा के प्रावधानहरू छन् ?

- जनआन्दोलन-२ ले नेपाल अधिराज्यको संविधान २०४७ लाई प्रयोजनहीन बनाएको छ । तर नयाँ संविधान बनाउन बाँकी नै छ । पुरानो संविधानको अवसान र नयाँ संविधान निर्माणबीचको समयको लागि बनाइने संविधानलाई अन्तरिम संविधान भनिन्छ ।
- जन आन्दोलनबाट प्राप्त उपलब्धि र त्यसपछि राजनीतिक घोषणाबाट गरिएका परिवर्तनलाई वैधता दिन अर्थात् कानुनी संरचनामा व्यवस्थित गर्न अन्तरिम संविधानको आवश्यकता पर्दछ ।
- २ असारमा सरकार, सातदल र माओवादीका बीच भएको सहमतिले अन्तरिम संविधानको मस्यौदा तयार गर्ने निर्णय गरेको थियो । सो अनुसार अन्तरिम संविधानको मस्यौदा पनि तयार भयो ।
- २२ कार्तिकमा भएको सात दल र नेकपा (माओवादी) को शिखर वार्ताले प्रस्तुत मस्यौदालाई ५ मंसीरसम्ममा अन्तिम रूप दिने र १० गतेभित्र यसलाई जारी गर्ने निर्णय गरेको छ ।
- अन्तरिम संविधानको घोषणा भएपछि नेपाल अधिराज्यको संविधान २०४७ खारेज हुनेछ र संविधानसभाबाट अर्को संविधान बनाएर घोषणा नगरून्जेल नेपाली राज्यव्यवस्था संचालनका निकाय र प्रक्रियाहरू, जनताको हक/अधिकार लगायतका कुराहरू यसै संविधान अनुरूप हुनेछ ।
- यसले अन्तरिम व्यवस्थापिका र अन्तरिम मन्त्रिपरिषदको गठन र कार्यक्षेत्र तोकिदिएको छ । यसमा न्यायपालिकाको कार्यक्षेत्र पनि निर्धारण गरिएको छ ।
- यसले राजा र उनका उत्तराधिकारीलाई राज्यसंचालनका सबै क्षेत्रमा भूमिका विहीन बनाएको छ ।
- यसले नेपाली सेनालाई मन्त्रिपरिषदको अधिनमा राखेको छ ।
- यो संविधानको घोषणाबाट २०४७ सालको संविधानमा टेकेको 'पुरानो सत्ता' र माओवादीले संचालन गदै आएको 'जनसरकार' खारेज गरी जनआन्दोलन-२०६३ को भावना अनुसार माओवादी समेतको सहभागितामा नयाँ राज्यसत्ता स्थापित हुनेछ ।

नेपालमा लोकतन्त्र र संविधानसभा – एक छलफल
नेपाल समसामयिक अध्ययन केन्द्र

नेपालमा संविधानसभाको सवाल

संवैधानिक प्रक्रियाको शुरूवात सन् १९४७ (२००४ साल) पछि मात्र भएको छ । त्यस अगाडि शाह वंशीय राजा र राणा प्रधानमन्त्रीहरूको हुकुम प्रमांगीका आधारमा राज्य प्रणाली संचालन हुदै आएको थियो । राणा प्रधानमन्त्री पद्म शम्सेरको हुकुम बमोजिम विशेषज्ञहरूको मस्यौदाबाट **नेपाल सरकारको वैधानिक कानुन** घोषणा गरिएको थियो । तर, १९५० (२००७ साल) को क्रान्तिको हाराहारीमा यस संविधानले कार्यान्वयन हुने अवसर पाएन । २००७ सालको राजनीतिक परिर्वतन पश्चात नेपाली काँग्रेस र राणा शाहीको सम्झौता र सहमतिमा **अन्तरिम शासन विधान** जारी गरियो । राजनीतिक अस्थिरता र दलहरूबीचका आपसी खिचातानीको तात्कालिक राजनीतिक वातावरणमा संसदीय निवाचनको सहमति पश्चात **नेपालको संविधान-२०१५** राजाबाट घोषणा भएको थियो । २०१७ साल १ पुषमा राजा महेन्द्रले दलहरू विघटन गदै सत्ता हत्याएपछि निर्दलीय पञ्चायती व्यवस्थाको परिकल्पना गरिएको **नेपाल अधिराज्यको संविधान-२०१८** राजाबाटै लागू गरियो । सन् १९९० (२०४६ साल) को जनआन्दोलनबीच राजा, काँग्रेस र संयुक्त बाममोर्चाको साझा सहमतिमा राजाबाट गठित आयोगको मस्यौदाका आधारमा **नेपाल अधिराज्यको संविधान २०४७** राजाबाटै घोषणा भएको थियो ।

..... नेपालमा राणा जहानियाँ शासनको अन्त्यका लागि शुरू भएको १९५० को क्रन्तिको क्रममा तत्कालीन राणा प्रधानमन्त्री मोहन शम्सेरद्वारा १९५१ जनवरी ८ (२००७ पुष २४ गते जारी घोषणामा संविधान सभाको निर्वाचन गर्ने प्रतिवद्धता व्यक्त गरिएको थियो । त्यस्तै सोही वर्ष फेब्रुअरी १८ (फागुण ७) का दिन राजा त्रिभुवनले जारी घोषणामा **हाम्रा प्रजाको शासन अब उप्रान्त निजहरूले निर्वाचन गरेको एक वैधानिक सभाले तर्जुमा गरेको गणतन्त्रात्मक विधान अनुसार होओस्**..... भनेर कबूल गरेका थिए ।

मल्ल के. सुन्दर
संविधानसभा प्रकृया
आदिवासी जनजाति दृष्टिकोण
नेपाल आदिवासी जनजाति महासंघ
२००६ अगष्ट ४

संविधानसभाबारे विश्वका अनुभवहरू

आधुनिक विश्वमा लिखित संविधान अमेरिकाबाट शुरु भएको थियो । सन् १७७५ मा ब्रिटिश उपनिवेशबाट अमेरिका मुक्त हुदा अमेरिकामा तेह्रवटा राज्य ब्रिटिशको उपनिवेशका रुपमा थिए । संयुक्त राज्य अमेरिकाको संविधान बनाउनु भन्दा पहिला उनीहरुले १३ वटा राज्यको छुट्टाछुट्टै संविधान बनाएका थिए । त्यसपछि संयुक्त राज्य अमेरिकाको संविधान बनाउन हरेक राज्यले आ-आफ्ना प्रतिनिधिहरु पठाए । ती ५५ जना प्रतिनिधिहरुको मे १७८७ मा फिलाडेल्फियामा सम्मेलन भयो । त्यसै सम्मेलनले अमेरिकाको संविधानको मस्यौदा गऱ्यो । त्यस मस्यौदामा अलेक्जेण्डर हृयामिल्टन, जेम्स मेडिसन र जेफरसन गरी तीनजना प्रमुख संविधान निर्माताहरुका बीचमा चिट्ठीको माध्यमबाट, अमेरिकाको संविधान कस्तो हुने, संघीयता कस्तो हुने, राष्ट्रपतिको स्थान कस्तो हुने, कांग्रेसको स्थान कस्तो हुने आदि कुरामा लामो छलफल र विवाद भएको थियो । त्यसपछि मात्र अमेरिकाको संविधान बन्यो ।

भारतमा पनि सन् १९४६ मा ब्रिटेनले भारत छाडेर जाने र भारतको राज्य सत्ता भारतीय जनताको हातमा नै सुम्पने भन्ने कुरा आएपछि संविधान सभाको चुनाव भएको थियो । त्यस पछि भारत र पाकिस्तानको विभाजन भयो । तर भारतको अर्को संविधानसभाको चुनाव गराएन । सन् १९४६ सालमा भएको चुनावबाट निर्माण भएको संविधानसभालाई नै उपयोग गरेर भारतले संविधानको निर्माण गऱ्यो । .....

सन् १९७० मा श्रीलंकामा संसद्को चुनाव भयो । त्यस चुनावमा श्रीलंकाको फ्रिडम पार्टीले नेतृत्व गरेको संयुक्त मोर्चाले झण्डै दुई तिहाई बहुमत ल्यायो । यो पार्टीले आफूलाई सोशलिष्ट पार्टी भन्ने गर्थ्यो । र, श्रीलंकामा ब्रिटिशहरुको प्रभुत्व हट्नुपऱ्यो, श्रीलंका पूर्ण गणतन्त्र हुनुपऱ्यो भन्ने उनीहरुको पहिलोदेखिको माग थियो । यस चुनावले त्यहांको संविधान परिवर्तन गर्ने एउटा उपयुक्त अवसर दियो । यस चुनावबाट बनेको प्रतिनिधिसभालाई नै उनीहरुले संविधानसभामा परिवर्तन गरे । त्यसपछि सन् १९७० देखि १९७२ सम्म त्यहां नयां संविधान बनाउने प्रक्रिया चल्यो । सन् १९७२ मा गणतान्त्रिक श्रीलंकाको संविधान बन्यो । यसरी एउटा संविधान हुंदाहुंदै अर्को संविधान बनाउन सकिन्छ भन्ने एउटा उदाहरण श्रीलंका हो । .....

सबभन्दा ताजा उदाहरण दक्षिण अफ्रिकाको हो । त्यहां जब गोराहरुको रंगभेदी शासन अन्त्य गर्ने र जनताको वास्तविक बहुमतको प्रतिनिधित्व हुने प्रणाली बनाउने भन्ने कुरामा नेल्सन मण्डेला र डे क्लार्क बीचमा सम्झौता भयो, त्यसपछि त्यहां अन्तरिम संविधान बन्यो । यही संविधानमा बसेर अप्रिल १९९४ मा संविधानसभाको चुनाव भयो । र, त्यही संविधानसभाले दक्षिण अफ्रिकाको संविधान बनायो । पछि त्यही संविधानसभा संसद्मा बदलियो ।

प्रा. कृष्ण खनाल

संविधानसभाबारे थप मूर्त प्रष्टता के केमा जरुरी छ ?

मूल्याङ्कन, श्रावण २०६१

संविधानसभा भनेको के हो र यस विधि अनुसार जनताले कसरी संविधान बनाउँछन् ?

- लोकतन्त्रमा संविधान बनाउने जनताको सार्वभौम अधिकार मानिन्छ । यसको अर्थ यो होइन कि सारा जनता आफैले संविधानको धारा/उपधारा लेख्दछन् ।
- यसका लागि जनताले आना प्रतिनिधिहरूको निर्वाचन गर्दछन् । यसरी निर्वाचित प्रतिनिधिहरू रहने सभालाई नै संविधानसभा भनिन्छ । निर्वाचित जनप्रतिनिधिबाट बनाइने संविधानलाई नै जनताले बनाएको संविधान भनिन्छ ।
- संविधान बनाउने काम जननिर्वाचित सभा, जसलाई संविधानसभा भनिन्छ, त्यसका सदस्यहरूले गर्दछन् ।

संविधान बनाउने काममा जनताको प्रत्यक्ष सहभागिता र संलग्नता निम्नानुसार हुनसक्छ ।

- ⊙ पहिलो चरणमा राष्ट्रव्यापी रूपमा हुने छलफलमा सहभागि भई नयाँ संविधानको मूलभूत सिद्धान्त र उद्देश्यहरूको पहिचान एवं निर्क्यौल गरेर ।
- ⊙ दोस्रो चरणमा संविधानसभाको चुनावमा आ-आना प्रतिनिधिहरूको निर्वाचन गरेर ।
- ⊙ तेस्रो चरणमा जनप्रतिनिधिहरूबाट संविधानको मस्यौदा तयार गर्दा त्यस सम्वन्धी बिषयहरू (Contents) माथि हुने सार्वजनिक छलफलहरूमा भाग लिएर ।
- ❍ संविधान निर्माणमा जनताले यस प्रकारको सहभागिताले आम जनतामा संविधान र यसले तयार गरेका राजनीतिक/संवैधानिक प्रक्रियामा उनीहरूको स्वामित्व अर्थात् अपनत्व स्थापित गर्दछ ।
- ❍ संविधानमाथि जनताले स्वामित्व वोध गर्न सकेमा मात्र संवैधानिक प्रक्रिया र राजनीतिक पद्धतिले स्थायित्व र गतिशीलता पाउँछ ।
- ■ निर्वाचन अघि र पछि जनसहभागिता परिचालन गर्ने काम राजनीतिक दल, नागरिक समाज र अन्य सरोकारवाला संघ/संस्थाहरूको हो ।

नेपालमा लोकतन्त्र र संविधानसभा -एक छलफल
नेपाल समसामयिक अध्ययन केन्द्र

उद्धरत सामग्री

संविधानसभाबाट बनाउने नेपालको भावी संविधानको मूलभूत सिद्धान्त र उद्देश्यहरू के के हुनु पर्दछ ?

यो अत्यन्तै महत्वपूर्ण विषय हो । हाम्रो सन्दर्भमा संविधानसभालाई निःशर्त भनिएको छ । संविधानसभाबाट संविधान बनाउने भनेको जनताले सार्वभौम अधिकार अभ्यास गर्ने कुरा हो । निःशर्त भनेको त्यसै अर्थमा हो । तर यसको मतलब यो होइन कि भावी संविधानको सिद्धान्त, उदेश्य र यसले सबोधन गर्नुपर्ने प्रमुख मुद्दाहरूमा आन्दोलनका सहयात्री राजनीतिक दलहरू, नागरिक समाज, सरोकार समूह, संबन्धित विषयका विज्ञहरूका बीच छलफल र त्यसका आधारमा सैद्धान्तिक सहमति नै बनाउन हुँदैन भन्ने होइन । लोकतन्त्रका आधारभूत मूल्यहरू जस्तै जनताको सार्वभौमता, नागरिकका हक/अधिकार, आवधिक निर्वाचन र निर्वाचन पद्धति, बहुदलीय प्रतिस्पर्धा, उत्तरदायी शासन, कानुनी राज्य, राज्यको पुनर्संरचना जस्ता विषयहरूमा न्यूनतम् राष्ट्रिय सहमतिको निर्माणलाई पूर्वशर्तका रूपमा हेरिन हुन्न । वास्तवमा यस्ता सहमतिहरूले जनतालाई भावी संविधानको अन्तरवस्तुका बारेमा सुसूचित हुन मद्दत पुऱ्याउँछ र साथै संविधान निर्माणको प्रक्रियालाई समेत सहज बनाउँछ ।

दक्षिण अफ्रिकामा भावी संविधानका ३४ वटा सिद्धान्तहरूमा सहमति भएको थियो । र ती सिद्धान्तहरू संविधानमा पालना भए नभएको हेर्नका लागि संवैधानिक अदालतको समेत व्यवस्था गरिएको थियो । तर हामीकहाँ निःशर्त भन्नु पर्ने अवस्था राजाका कारणले उत्पन्न भएको हो । राजा राख्ने कि नराख्ने विषयमा जनताले स्वतन्त्ररूपमा निर्णय गर्न पाउनु पर्छ । देशी/विदेशी विभिन्न स्वार्थका कारण राजसंस्था जनतामाथि थोपरिएला भन्ने आशंकाले गर्दा निःशर्त संविधानसभाको चुनाव भनिएको हो ।

हालै सम्पन्न जन आन्दोलनको पृष्ठभूमिमा सात दल र नेकपा (माओवादी) बीच सम्पन्न १२ सूत्रीय समझदारी, आन्दोलन पछि २०६३ जेठ ४ गते पूर्नस्थापित प्रतिनिधिसभाको घोषणा, असार २ गते तथा कार्तिक २२ गते सातदल र नेकपा (माओवादी) बीच भएका ८ बूँदे एवं ६ बूँदे सहमति र निर्णयहरूले भावी संविधानको सिद्धान्त र उद्देश्यहरूलाई प्रष्ट पारेका पनि छन् । कतिपय मुद्दाहरूमा सहमति पनि बनेको छ, ती हुन् :-

- राज्यशक्ति, राजकीयसत्ता र सार्वभौमसत्ताको स्रोत नेपाली जनता
- निरंकुशतन्त्रको अन्त्य र लोकतान्त्रिक शासन व्यवस्था
- प्रतिस्पर्धात्मक वहुदलीय शासनप्रणाली
- नागरिकको मौलिक हक र मानव अधिकारको ग्यारेन्टी
- विधिको शासन र स्वतन्त्र न्यायपालिका
- प्रेस स्वतन्त्रता
- जातीय, क्षेत्रीय, लिङ्गीय आधारमा समावेशीकरण सहित राज्यको अग्रगामी पुनर्संरचना
- धर्मनिरपेक्षता
- सामाजिक न्याय/सुरक्षा

नेपालमा लोकतन्त्र र संविधानसभा – एक छलफल
नेपाल समसामयिक अध्ययन केन्द्र

नेपालमा संविधानसभाको गठन

राजनीतिक दलहरुको हस्ताक्षर र सहमति पछि नेपालको अन्तरिम संविधान २०६३ जारी भयो । त्यस पछि नेपालमा संविधानसभाको गठन कसरी हुन्छ भन्ने अन्योल समाप्त भएको छ । नेपालको अन्तरिम संविधान २०६३ को भाग ८ धारा ६३ मा संविधानसभाको गठन प्रक्रियाबारे यस प्रकार उल्लेख गरिएको छ –

नेपाली जनता आफैले नयां संविधानको निर्माण गर्न यस संविधान २०६३ को अधिनमा रहि एक संविधानसभा गठन हुने, संविधानसभामा कानुनमा व्यवस्था भए बमोजिम मिश्रित निर्वाचन प्रणालीका आधारमा निर्वाचित ४०९ जना र मनोनित १६ जना गरि देहायबमोजिमका ४२५ जना सदस्यहरु रहने व्यवस्था गरिएको छ । जस अनुसार –

(क) यो संविधान प्रारम्भ हुनुअगाडी प्रचलित कानुन बमोजिम कायम रहेको प्रत्येक निर्वाचन क्षेत्रबाट एकजनाका दरले पहिलो हुने निर्वाचित हुने निर्वाचन प्रणाली अनुसार निर्वाचित २०५ सदस्य,

(ख) सम्पूर्ण देशलाई एक क्षेत्र मानी राजनैतिक दललाई मत दिने समानुपातिक निर्वाचन प्रणालीअनुसार निर्वाचित हुने २०४ सदस्य,

(ग) राष्ट्रिय जीवनका महत्वपूर्ण व्यक्तिहरुमध्येबाट सहमतिका आधारमा अन्तरिम मन्त्रीपरिषदबाट मनोनित हुने १६ जना सदस्य रहने व्यवस्था गरिएको छ ।

उल्लेखित संवैधानि व्यवस्थाले नेपालको इतिहासमा पहिलोचोटि संविधानसभाको उम्मेद्वारीलाई जातजाति, क्षेत्र र वर्गको हिसावले समावेशी बनाउनै पर्ने प्रावधानलाई सुनिश्चित गरेको छ । मिश्रित खालको चुनाव प्रणाली अपनाउने क्रममा समानुपातिक चुनाव प्रणालीको आधारमा सिङ्गो मुलुकलाई एउटा चुनाव क्षेत्र मानेर २०४ सदस्यको राष्ट्रिय समानुपातिक सूची बनाउंदा महिला, जनजाति, दलित, मधेसी र उपेक्षित क्षेत्र र वर्गलाई आरक्षण दिनु पर्ने प्रावधान राखिएको छ । समानुपातिक सिटका लागि दलहरुले जनसंख्याको अनुपातको आधारमा पहिला, जनजाति, दलित, मधेसी र अन्य उपेक्षित क्षेत्र र वर्गलाई निश्चित सिट छुट्याएर उम्मेद्वारको सूची चुनाव अगावै तय गर्नुपर्ने छ ।

विगतको संसदीय निर्वाचनमा झै बढी मत पाउनेले जित्ने गरी प्रत्यक्ष निर्वाचनबाट २०५ क्षेत्रमा चुनिने गरी उम्मेद्वारी दिंदा पनि महिला, आदिवासी जनजाति, दलित, मधेसी र अन्य उपेक्षित क्षेत्र र वर्गको समानुपातिक प्रतिनिधित्व गराउनुपर्ने व्यवस्था यो अन्तरिम संविधानले गरेको छ । ४२५ सदस्यीय संविधानसभाका सभासदहरुमा २०५ जना प्रत्यक्ष र २०४ जना समानुपातिक प्रणालीबाट आउनेछन् भने १६ जना सदस्यलाई भने प्रधानमन्त्रीले सहमतिको आधारमा मनोनयन गर्नेछन् । ..... मतदाता नियमावली २०६३ ले संविधानसभा चुनावका लागि दुईवटा मतपत्रको प्रावधान राखी त्यस सम्बन्धी दलहरुबीच रहेको विवाद समेत अन्त्य गरेको छ । विधेयकमा ४२५ सदस्यीय संविधानसभाका प्रत्यक्ष २०५ र समानुपातिक २०४ सिटका लागि दुईवटा छुट्टाछुट्टै मतपत्र राख्ने व्यवस्था गरिएको छ ।

संविधानसभा

वकालत/प्रशिक्षण पुस्तिका २०६३

फोरीड र आर.एस.डि.सी.

संविधानसभाबाट जनप्रतिनिधिले कसरी संविधान बनाउँछन् ?

संविधानसभाको निर्वाचनको लगत्तैपछि बस्ने बैठकहरूले सर्वप्रथम राजसंस्थाको भविष्यका साथै भावी संविधानको सिद्धान्त, उद्देश्य, नागरिकका मौलिक हक, राज्यको आधारभूत संरचना, शासन प्रणाली जस्ता विषयहरू नीतिगत निर्णय गर्नेछ । त्यसपछि संविधान मस्यौदाको प्रक्रिया प्रारम्भ हुन्छ । त्यो प्रक्रिया समान्यतया निम्नानुसार हुन्छ ।

- संविधानसभाका सदस्यहरूमध्यबाट संविधान मस्यौदा गर्ने एक मूल समिति बनाइन्छ । संविधानसभाको बैठकले निर्णय गरेको मूल नीति र प्रस्तावभित्र रहेर संविधानको मस्यौदा तयार गर्नु यस समितिको मुख्य काम हुन्छ ।
- यसका लागि मूल मस्यौदा समितिले सभा सदस्यहरूमध्यबाटै विषयगत उपसमितिहरू गठन गर्दछ । मूल समिति र उपसमितिहरू संविधानसभामा उपस्थित सबै दलहरूको समानुपातिक प्रतिनिधित्व हुने गरी गठन गरिन्छ ।
- मूल समिति र उपसमितिहरू संविधासभामा उपस्थित सबै दलहरूको समानुपातिक प्रतिनिधित्व हुने गरी गठन गरिन्छ ।
- विषयगत उप-समितिहरूमा सभाका सदस्यभन्दा बाहिरको विज्ञ व्यक्तिहरूको समेत परमर्श लिन सकिन्छ ।
- विषयगत उपसमितिहरूले आ-आफ्नो विषयमा संविधानको धारा-उपधारा खेस्रा गर्ने काममा जनमत बुझ्ने काम गर्दछ ।
- विषयगत उपसमितिहरूको काम पछि मूल समितिले संविधानको मस्यौदा तयार गरेर सभामा पेश गर्दछ ।
- मूल समितिद्धारा तयार पारिएको संविधानको धारा-उपधाराहरूमा सभा सदस्यहरूले व्यापक छलफल र वहस गर्दछन् ।
- मूल समितिद्धारा तयार पारिएको संविधानको मस्यौदामा संविधानसभाभन्दा बाहिर पनि राष्ट्रिय बहस र छलफल हुने हुन्छ र यस क्रियाकलापमा सर्वसाधारण जनताले पनि सहभागी हुन पाउँछन् ।
- संविधानसभाले संविधानको मस्यौदा गर्दा मूल समिति र विषयगत उपसमितिहरूले प्रथमिकता अनुसार निम्न प्रक्रिया अपनाएर निर्णयमा पुग्न सक्छन् :
  (क) सहमतिबाट (ख) सहमति हुन नसकेमा दुई-तिहाई बहुमतबाट
  (ग) माथि उल्लेखित दुबै उपायबाट पनि निर्णय हुन नसकेमा सामान्य बहुमतबाट
  (घ) गंभीर महत्वको विषयमा संविधानसभाले निर्णय गरेर जनमतसंग्रहको पनि उपयोग गर्न सकिन्छ ।
- यसरी मूल समितिद्धारा तयार गरेको संविधानको मस्यौदामा संविधानसभा भित्र र वाहिर व्यापक बहस र छलफल गरेपछि आवश्यक परिमार्जन गरी नयाँ संविधानको अन्तिम मस्यौदा तयार हुन्छ ।

नेपालमा लोकतन्त्र र संविधानसभा – एक छलफल
नेपाल समसामयिक अध्ययन केन्द्र

केन्याः यसरी गरियो संविधानसभा

जनसहभागिताका स्वरूपहरू

संविधान निर्माणमा मानिसहरूको सहभागिता विभिन्न तरिकाले हुनसक्छ । एउटा तरिका आनो विचार आयोग समक्ष बुझाउने हुनसक्छ । संविधान आयोग बनाएर होस् वा संविधानसभा होस्, यसमा आम मानिसहरूलाई आनो विचार बुझाउन उत्प्रेरित गरिनुपर्दछ । आयोगमा मानिसहरू आऊन् र आनो कुरा राखुन् भन्ने कुराको सुनिश्चित गरिनुपर्दछ । यो पनि एक प्रकारको सहभागिता नै हो । तर सहभागिता यो भन्दा टाढा पनि जानसक्दछ । सहभागिता निर्णय प्रक्रियामा नै पनि हुनुपर्दछ । हामीले यो संविधानसभामार्फत् गर्ने प्रयास गऱ्यौं । जनमत संग्रहबाट पनि सहभागिता बढाउन सकिन्छ र यसमा जनताहरूले नै आनो अभिमतबाट निर्णय गर्छन् । वास्तवमा यो एकदमै सजीव र महत्वपूर्ण तरिका हो निर्णय प्रक्रियामा सहभागी हुने, यद्यपि यसमा प्रायः गरी मानिसहरूले हुन्छ वा हुन्न भन्ने हिसाबले नै मत हाल्दछन् । म चाहिँ जनमत संग्रह र केन्यामा हामीले रोजेको प्रक्रियाबीच छान्नुपऱ्यो भने, पछिल्लो नै छान्दछु । हामीले जनतालाई शुरूदेखिनै सक्रिय रूपले सहभागि गरायौं र उनीहरूका विचारहरू प्रतिविम्बित गर्न कुनै संयन्त्र तयार गऱ्यौं भने जनमत संग्रहको कुरै गर्नुपर्दैन । वास्तवमा बहुजातीय तथा बहुभाषिक समाजहरूमा कहिलेकाहिँ जनमत संग्रहले खाली जातीय जनसंख्या मात्रै बताउन पनि सक्छ, किन भने बाहुनहरूलाई मन पर्ने सवालमा बाहुनहरूले मत हाल्लान्, दलितहरूको सवालमा दलितहरूले मात्र मत हाल्लान् वा जनजातिका सवालमा जनजातिले मात्रै मत हाल्लान् । अनि मत गणना गर्दाचाहिँ कति बाहुनले, कति दलितले र कति जनजातिले मत हाले भनेर देखिन सक्छ । तर यदि शुरूदेखि नै सक्रिय रूपले सहभागी गराउने हो भने चाहिँ यसको आवश्यकता नै नपर्न सक्छ ।

वार्ताको प्रक्रियाबाट टुंगोमा पुगेर जुन संविधान बनाइन्छ त्यो संविधान यसैपनि एउटा सबैबीचको संझौता कै दस्तावेज त हुन्छ नै । त्यसैले संझौताबाट जुन कुरामा टुंगो लाग्छ, त्यसपछि किन जनमत संग्रहमा जाने । त्यहिँ रोकिए भएन र ?

हामीले केन्यामा जनताहरूलाई आना विचारहरू बुझाउन आग्रह गऱ्यौं । दक्षिण अफ्रिकामा जति धेरै त हामीकहाँ सुझावहरू दिएनन्, तर कुल ३८,००० जति सुझावहरू संकलन गरिएको थियो । ती लिखित रूपमा आएका सुझावहरू थिए भने कतिपय सुझावहरू मौखिक रूपमा रेकर्ड गरिएको थियो । कतिपय सुझावहरू त भिडियोमा पनि रेकर्ड गरिएको थियो । हामीले यी सबै विश्लेषण गर्ने काम गऱ्यौ । यी यावत् प्रक्रियाको आधारमा अब त जनताले आनो कुरा राखे भनेर हामीले संविधानको मस्यौदा तयार गऱ्यौ । तर कुरा त्यहीँ टुंगिएन । त्यो मस्यौदालाई फेरि जनता(कहाँ छलफलको लागि लग्यौं विभिन्न प्रक्रियाबाट । यो मस्यौदामाथि छलफल गर्न भनेर धेरै भेलाहरूको आयोजना गरियो र जनताले भनेका कुराहरू साँच्चि नै यसमा प्रतिविम्बित भएको छ कि छैन भनेर जाँच्ने काम गरियो । जनताले भनेका र बुझाएका सुझावहरूलाई उतारेर सबै एउटा वेबसाइटमा पनि राखिदियौं । त्यसैगरी आयोगका मानिसहरू देशभर छलफल गर्दै हिँडे । मानिसहरूले दिएका सुझावहरूको विश्लेषण गर्नका लागि हामीले छुट्टै कम्प्युटर प्रोग्राम पनि

तयार गर्‍यौं र यी सुझावहरूको विश्लेषण छ महिना लगाएर गर्‍यौं । यो सबैलाई पनि हामीले इन्टरनेटमा राखिदियौं । यिनीहरूलाई छापेर जताततै वितरण गर्ने काम पनि गर्‍यौं । यो सबै गरिसकेपछि मानिसहरूले भने- उनीहरूको कुरो संविधानमा परेको छ भनेर । यसले गर्दा यो मस्यौदामाथि व्यापक जनसमर्थन रहेको छ र यसको वैधानिकताको एउटा स्रोत यो पनि हो ।

सरकार र राष्ट्रपति दुवैलाई यो मस्यौदाका केही पक्षहरू राम्रो लागेको थिएन । यसको रक्षा गर्ने जिम्मा त जनताले नै लिएका छन्, अहिले संविधानसभाले यसलाई अन्तिम रूप दिएपछि । मलाई लाग्छ यो प्रक्रियाको एउटा सफलता भनेको के हो भने अब हामीजस्ता मानिसले यसको पक्षमा बोलिरहनु पर्दैन । जनताहरू नै यो संविधान लागु गराउन सरकारलाई दवाब दिन भनेर देशव्यापी रूपमा हिँड्छन् । हामीले जनताले भनेको कुरालाई संविधानमा प्रतिविम्बित गर्न सकेकाले नै त जनताको यो स्तरको समर्थन रहेको हो यस संविधानप्रति ।

जनताहरूलाई सहभागि हुन कसरी उत्प्रेरित गर्ने त भन्ने प्रश्न उठ्छ । हाम्रो एउटा समस्या थियो । पच्चीस बर्ष लामो निरंकुश शासनको अनुभवले गर्दा मानिसहरूले हत्तपत्त आनो कुरा राख्न सकेका थिएनन् शुरू शुरूमा । हामीले साँच्चिकै उनीहरूको कुरा सुन्न चाहेका हौं, तथा आनो विचार राख्दैमा जेल जान पर्दैन वा कुनै प्रकारको कारवाही हुँदैन भन्ने कुरा हामीले उनीहरूलाई भन्यौं । यो कुरा मैले बारम्बार भनिरहें । यसरी केहि समयपछिमात्रै जनता हाम्रो प्रक्रियामा आए । त्यसैगरी हामीले छ महिना आम जागरण अभियानमा बितायौं । संविधान निर्माण प्रक्रियाको बारेमा, संवैधानिक सुधारहरूको बारेमा, यस प्रक्रियामा उनीहरूको भूमिकाको बारेमा, संवैधानिक इतिहासको बारेमा, भएको संविधानका गलत कुराहरूको बारेमा हामीले जनतामाझ छ महिनासम्म छलफल गर्‍यौं । यस छलफलपछि हामीले उनीहरूलाई छ महिनासम्म त्यत्तिकै छाडिदियौं । हाम्रो कर्मचारीहरूले गाउँ तथा शहर बजारमा गएर मानिसहरूलाई छलफलमा भाग लिनका लागि उत्प्रेरित गरे ।

यसको छ महिनपछि हामी फेरि उनीहरूकहाँ गयौं र आनो विचार दिनुहोस् भनेर आग्रह गर्‍यौं । यसपछि मात्रै हामीले सबै सुझावहरू लियौं र ती सबै सुझावहरू बडो सोच विचार गरी दिइएका थिए । हामीले उनीहरूसँग सुझाव माग्दा शक्ति पृथकीकरण वा नियम कानूनका प्राविधिक कुराहरूका बारेमा सुझाव मागेनौं । हामीले त उनीहरूका जीवन-अनुभवहरू बताउन आग्रह गर्‍यौं । उनीहरूलाई आना घरायसी समस्याहरूको बारेमा भन्न आग्रह गर्‍यौं । उनीहरूको स्थानीय राजनैतिक नेतृत्वसँगको सम्बन्धको बारेमा बोल्न भन्यौं । उनीहरूको स्थानीय निकायहरूसँगको सम्बन्धको बारेमा आना कुरा राख्न भन्यौं । उनीहरूका आना अनुभवका कथाहरू सुनेपछि हाम्रो जिम्मेवारी भनेको यी कथाहरूका विषयलाई संवैधानिक भाषामा उतार्नु थियो । निकोलस हेम्सले भन्नुभएजस्तै सबै कथाका संवैधानिक पक्षहरू हुन्छन् नै । हाम्रो काम भनेकै त्यो कुरा निकाल्नु थियो । संविधान निर्माण प्रक्रियामा जनतालाई सामेल गर्दा मानिसहरूलाई आना हिसाबले आना समस्या नै बोल्नको लागि उत्प्रेरित गर्नुपर्दछ, आनै जीवन कथाहरू बताउन प्रेरित गर्नुपर्दछ ।

यश घई

केन्या : यसरी गरियो संविधानसभा

मूल्याङ्कन, भदौ २०६१

अनुवादः अनिल भट्टराई

सम्मतीय प्रजातन्त्र

नेपालमा प्रजातन्त्रको पुर्नस्थापनापश्चात् पनि असमावेश निरन्तर रूपमा रहनुको एउटा मुख्य कारण नेपालले अपनाएको वेष्टमिनिस्टर ढाँचाको प्रजातान्त्रिक प्रणाली हो । प्रजातन्त्र आफैले गर्दा यस्तो भएको होइन । वेष्टमिनिष्टर प्रणाली एकल जातीय समाजमा (जस्तै बेलायत, ज्यूजिल्याण्ड आदि) सफल भएको पाइएको छ, जहाँ वर्गीय बिभेद मात्रै समाजमा रहेको मुख्य फाटो हो । भाषा, धर्म, जाति, संस्कृतिका हिसाबले बहुसांस्कृतिक देशहरूमा चाहिँ वेष्टमिनिस्टर प्रणालीले समाजमा विद्यमान वर्गीय भेदलाई सम्बोधन गर्न सक्ने भएता पनि सांस्कृतिक विविधतालाई समेट्न नसक्ने भएकोले गर्दा बहुसांस्कृतिक देशहरूमा त्यो विफल भएको हो ।

लामो समयसम्म टिकेका बहुसांस्कृतिक प्रजातान्त्रिक देशहरूमा नेपालमा अपनाइएको भन्दा फरक किसिमको राज्य संरचनाहरू पाइन्छन् । ती राज्य संरचनाहरूले विभिन्न जातीय, भाषिक, धार्मिक समुदायहरूबीच सत्ता-साझेदारी गरेर प्रजातन्त्र सुदृढ गरेका छन् । त्यस किसिमका संरचना भएका प्रजातान्त्रिक प्रणालीलाई सम्मतीय प्रजातन्त्र भनेर भनिन्छ । वेल्जियम, स्वीट्जरल्याण्ड, नेदरल्याण्ड, पापुवा न्यूगिनी, अष्ट्रिया, भारत, जर्मजी आदि देशहरूमा सम्मतीय राज्य संरचनाले प्रजातन्त्रलाई नै सुदृढ गरेको छ ।

वेष्टमीनिस्टर प्रजातान्त्रिक प्रणालीलाई अक्सर गरेर बहुमतीय पद्धति पनि भनिन्छ । यस प्रणालीमा झिनो बहुमत ल्याउने पार्टीले देशको कार्यकारिणीको नियन्त्रण गर्दछ । र झण्डै झण्डै एकतर्फी रूपले राज्य सञ्चालन गर्दछ । यसको विपरीत सम्मतीय प्रजातान्त्रिक प्रणालीमा बहुमतलाई फराकिलो बनाएर सकेसम्म धेरै नागरिकहरूलाई राज्य संचालनमा सहभागी बनाइन्छ । सम्मतीय प्रणालीले चुनावमा झिनो बहुमतको सट्टा ५१ प्रतिशत मत आवश्यक पारेर वा समानुपातिक प्रतिनिधित्व चुनाव प्रणालीमार्फत् त्रिशंकु संसद खडा गरी बढी पार्टीहरूलाई कार्यकारिणीमा समावेश गरेर, वा केन्द्र र क्षेत्रहरूबीच शक्ति विभाजन गरेर, र अन्य तरिकाले विभिन्न पार्टी र समुदायहरूबीच शक्ति साझेदारी गर्दछ ।

सम्मतीय प्रणालीको थप विशेषता के हो भने यसले सामाजिक फाटोको साथै वर्गीय फाटोलाई पनि सम्बोधन गर्दछ । सम्मतीय प्रजातन्त्र भएका देशहरूले प्रशस्त आर्थिक उन्नति गरेका छन् । कतिपय ती देशहरूमा धनी गरीबबीच फाटो पनि कम भएकोले गर्दा यी संरचनाहरूले वर्गीय सवालहरूलाई पनि सम्बोधन गर्दछन् भनेर पुष्टि गर्दछ ।

नेपालका आनै विगतको अनुभव र वेस्टमिनिस्टर राज्य संरचना अपनाएर बिफल भएका अन्य बहुसांस्कृतिक देशहरूको अनुभवहले के जनाउँदछन् भने यदि नेपाली प्रजातन्त्र सुदृढ गर्ने हो भने नेपालले पनि अब संविधानसभाबाट बन्ने नयाँ संविधानमा सम्मतीय प्रजातान्त्रिक राज्य संरचना अपनाउनु पर्दछ ।

डा. महेन्द्र लावती

राज्यको पुनः संरचनाको सवाल र समावेशी प्रजातन्त्र

मूल्याङ्कन, असोज २०६१

समावेशीकरण

शमावेशी नीति किन ?

१ समानता तथा न्यायका लागि

प्रजातान्त्रिक सिद्धान्तअनुसार कुनै पनि निर्णय पक्रियामा प्रभावित समूहको प्रतिनिधित्व हुनु जरूरी हुन्छ । त्यसो भएन भने त्यस निर्णयबाट प्रभावित समूहको चाहना, आवश्यकता र आकाङ्क्षाहरूले समानरूपमा महत्व पाउदैन । यस्तो अवस्थाले अन्याय र असमानता सिर्जना गर्दछ । उदाहरणका लागि २०४७ सालको संविधान सुधार सुझाव आयोगमा अल्पसंख्यक समूहको प्रतिनिधित्व नभएकोले संविधानका कतिपय धाराहरू उनीहरूप्रति भेदभावपूर्ण व्यवहार गर्ने खालका छन् ।

२ प्रजातन्त्रको जगलाई बलियो बनाउन

समाजको ठूलो समूहलाई प्रजातन्त्रका अवसरहरूबाट वन्चित गरिएमा प्रजातन्त्र मजबुत हुन सक्दैन । प्रजातन्त्र प्रति उनीहरूको वैमनस्यता बढ्छ । सामाजिक र सांस्कृतिक रूपमा उत्पीडित ठूलो समुदाय माओवादी विद्रोहमा लाग्नुको यो एउटा प्रमुख कारण हो ।

३ हिंसात्मक जातीय द्वन्द्व रोक्न

लगातारको तिरस्कारले हिंसात्मक द्वन्द्व भड्काउन सक्छ विषेश गरी बहुसांस्कृतिक खुला समाजमा जहाँ आना गुनासाहरू स्पष्टसँग व्यक्त गर्न सकिन्छ । स्रोत र साधनको उपयोगमा कुनै व्यक्ति वा समुदायको प्रभुत्व रहँदा विद्रोह हिंसात्मक हुनसक्छ । नेपाली समाजमा यो संभाबना प्रबल छ । सामाजिक तथा सांस्कृतिक रूपमा उत्पीडित समुदायहरू आदिवासी जनजाति, मधेसी, दलित तथा मुसलमानहरू साधन र स्रोत सम्मको पहुंचको आधारमा धेरै पछाडि छन् । २०४६ सालपछि भएका छिटपुट हिंसात्मक जातीय विद्रोहको कारण राजनीतिक तिरस्कार नै हो । यसरी सामाजिक तथ सांस्कृतिक रूपमा उत्पीडित समुदायहरूले माओवादी विद्रोहले आना समस्या समाधान गर्छ भन्ने आसा गरेका छन् र विद्रोहप्रति झुकाव पनि राखेकाछन् । माओवादी विद्रोह संझौतामा टुङ्गिए पनि उनीहरूको समस्यालाई ध्यान नदिने हो भने सो समूह पुनः हिंसात्मक विद्रोहमा उत्रिने संभावना छ । नेपालमा हिंसाको संस्कार सुरू भइसकेको हुनाले असन्तुष्ट समुदायलाई हिंसामा उत्रिन त्यति गाह्रो हुंदैन ।

४ देशको खण्डीकरण रोक्न

देशलाई एकताबद्ध राख्न विभिन्न समुदायहरूलाई समेट्न जरूरी हुन्छ । बन्द समाजमा उत्पीडन भए पनि वाक स्वतन्त्रता तथा जागरूक क्रियाशीलतामा प्रतिवन्ध लगाइनाले देशको एकतामा आँच नआउन सक्छ । तर, खुला समाजमा यस्तो संभावनालाई नकार्न सकिंदैन । यस्ता उत्पीडित समुदायका समस्याहरूलाई राज्यले लामो समयसम्म पनि समाधान गर्न चासो नदेखाएमा उनीहरूले सोही राज्यमा एकिकृत रहेर बस्नुको कुनै अर्थ नदेख्न सक्छन् । यस्तो अवस्थामा देश टुक्रिन सक्छ । तसर्थ देशलाई टुक्रिन नदिन उत्पीडित र तिरस्कृत समुदायको चरम असन्तुष्टिलाई समाधान गर्ने प्रयास गर्नु अति नै जरूरी छ ।

डा. महेन्द्र लावती
समावेशी प्रजातन्त्रका लागि राजनैतिक संस्थाहरू
समावेशी संविधानसभा र राज्यका पुनर्संरचना

राज्यको पुनःसंरचना

देशको राज्य संयन्त्र अहिले पनि एक जाति, धर्म र संस्कृतिको प्रभुत्वमा रहेको छ । एउटै क्षेत्र काठमाडौं, एउटै भाषा खस र एउटै जाति क्षेत्री बाहुनको प्रभुत्वले गर्दा अन्य क्षेत्र, भाषा र जातिले तिनको शोषण शासन खपी रहनुपरेकोछ । मन्त्रीपरिषद्, सर्बोच्च अदालत, प्रहरी, सेना र निजामति सेवा सर्वत्र यही एक जातिको प्रभुत्व रहेको अवस्था छ । विकास निर्माणका लागि हुने ठूलो रकम या त काठमाडौं, होइन भने अधिराज्यका प्रमुख सहरी इलाका मै खर्चन्छन् । यस अवस्थाको अन्त्य गरेर स्रोत साधनको विकेन्द्रीकरण गरौं, नीति निर्माणको तहमा देशको जातीय बनोट अनुरूपको सहभागिता गराउँ र राज्यको पुर्नगठनद्वारा हालको प्रशासनिक स्वरूपलाई पनि बदलौं भन्ने सीमान्तकृत जाति, जनजाति, दलित, मधेसी र महिलाहरूको भावनासँग जोडिएको माग नै राज्यपुर्नसंरचनाको प्रश्न हो ।

राजनीतिक प्रशासनिक सुगमता, विकास कार्यक्रममा जनताको अधिकतम सहभागिता, भाषिक सांस्कृतिक संरचना, खास क्षेत्रको सम्पदाको उपभोग, राष्ट्र निर्माण र सम्वृद्धि, नागरिक सहभागिता, राज्य संयन्त्रमा सम्पूर्ण जातजातिको समानुपातिक प्रवेशको अवसर र अधिराज्यमा एकीकृत विकासको पहुँच एवं सहभागिताको लागि राज्य पुर्नसंरचना आवश्यक छ ।

हालको केन्द्रीकृत र एकात्मक चरित्रको असमावेशी तथा एकै वर्ग, धर्म, क्षेत्रको प्रभुत्वको राज्य संरचनालाई तोडेर समावेशी चरित्रमा प्रवेश गराउन ढिला गर्नुहुन्न । त्यहाँ पुग्ने बाटो भनेको भौगोलिक पुर्नगठनद्वारा नीतिगत आत्मनिर्णयको सैद्धान्तिक मान्यतामा स्वशासन र स्वायत्ततामा दिनु हो । तर त्यसको तात्पर्य मुलुकको टुक्रीकरण वा इतिहासको धारालाई वाइसे-चौबीसे राज्यतर्फ फर्काउनु हो भनेर कसैले बुझ्छ भने त्यो केवल उसको असमझदारी मात्र हो ।

नेपालको अन्तरिम संविधान, २०६३ को भाग १७ धारा १३८ मा राज्यको अग्रगामी पुनःसंरचनाको बारेमा उल्लेख गरिएको छ । जसअनुसार वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको केन्द्रिक्रित र एकात्मक ढाँचाको अन्त्य राज्यको समावेशी लोकतान्त्रिक र अग्रगामी पुनःसंरचना गरिने भन्ने व्यवस्था गरिएको छ । त्यस्तो आयोगको गठन, काम, कर्तव्य, अधिकार र सेवाका शर्त नेपाल सकारले निर्धारण गरेबोजिम हुनेछ भन्ने र राज्यको पुनःसंरचनासम्बन्धी अन्तिम टुङ्गो संविधानसभाले निर्धारण गरेबमोजिम हुनेछ भन्ने व्यवस्था गरिएको छ ।

त्यसैगरी, सातदल-माओवादी ऐतिहासिक सहमति दस्तावेजको १० औं बुँदामा राज्यको ढाँचाबारे भनिएको छ –

(क) वर्गीय, जातीय, भाषिक, लैङ्गिक, सांस्कृतिक, धार्मिक र क्षेत्रीय भेदभावको अन्त्य गर्न राज्यको वर्तमान केन्द्रीकृत र एकात्मक ढाँचको अन्त्य गरी राज्यको समावेशी, लोकतान्त्रिक र अग्रगामी पुनर्संरचना गर्ने

(ख) राज्यको पुनःसंरचनाको लागि सुझाव दिन एक उच्च स्तरीय आयोगको गठन गर्ने,

(ग) राज्यको पुनःसंरचनाको अन्तिम टुङ्गो संविधानसभाले लगाउने, भन्ने उल्लेख गर्ने ।

संविधानसभा

वकालत/प्रशिक्षण पुस्तिका २०६३

फोरीड र आर.एस.डि.सी.

समावेशीय संवैधानिक संरचना : अन्तर्राष्ट्रिय अनुभवहरू

बेल्जियम

बेल्जियमको संविधानबाट नेपालको राज्य पुर्नसंरचनाको लागि सिक्न सक्ने केही पक्षहरु छन् । सबैभन्दा चाख लाग्दो पक्ष भनेको बेल्जियममा राजतन्त्र हुनुका साथै संघात्मक व्यवस्था हो । संघीय राज्य व्यवस्थाले बेल्जियमलाई गणतन्त्रात्मक राजनीतिक पद्धतिको अभ्यास गराउंछ । संवैधानिक राजसंस्था पनि कायम राखेर दुई विरोधाषपूर्ण संस्थाहरुबीचमा एक अर्काको पूरकको रुपमा समन्वय गरिएको छ । बेल्जियमको संघात्मक पद्धति समुदाय (Communities) र क्षेत्र (Region) को आधारमा बनेको छ । समुदायका आधारमा फ्रेन्च, फ्लेमिस र जर्मनका लागि वालोन क्षेत्र र ब्रशोलन क्षेत्रमा वांडिएको छ । साथै बेल्जियमलाई चार वटा भाषिक प्रदेशमा पनि विभाजन गरिएको छ –फ्रेन्च बोल्ने, डच बोल्ने, द्वैभाषी ब्रुशेल्स र जर्मन बोल्ने प्रान्तहरु । प्रतिनिधि सभामा १५० सदस्यहरु समानुपातिक प्रतिनिधित्वको आधारमा जनताद्वारा सिधै निर्वाचित भएर आउने गर्दछ । त्यसै गरी ७१ सदस्यीय सेनेटमा २५ जना डच निर्वाचन क्षेत्रबाट, १५ जना फ्रेन्च निर्वाचन क्षेत्रबाट, १० जना फ्लेमिस समुदायिक परिषदबाट , १० जना फ्रेन्च समुदायिक परिषदबाट, १ जना जर्मन बोल्ने समुदायबाट तथा ६ जना र ४ जना अन्य प्रतिनिधित्वबाट आउंदछन् ।

– मल्ल के. सुन्दर
– डा. केशवमान शाक्य
– अर्जुन लिम्बु
राज्यको पुनर्संरचना: आदिवासी जनजाति दृष्टिकोण
राष्ट्रिय सम्मेलन २८ र २९ अगष्ट २००५

वेस्टमिनस्टर मोडेलको संसदीय शासन प्रणालीमाथि पुनर्विचार

नेपालमा लोकतन्त्र भन्ने वित्तिकै बेलायती ढाँचाको संसदीय शासनप्रणालीभित्र मात्र सीमित भएर बुझ्ने गरिन्छ । यस प्रणालीमा सत्तापक्ष र विपक्षको सनातनी विभाजन हुन्छ । जित्नेले सबै लिने परिपाटी रहेको हुन्छ । विपक्षी दललाई बैकल्पिक अर्थात् प्रतीक्षाको सरकार भने पनि त्यो समय निर्वाचन जितेपछि मात्र आउँछ । प्रतीक्षाको यो घडी सोचेभन्दा धेरै लामो पनि हुन सक्छ । लोकतन्त्रका केही विश्वजनीय मान्यताहरू जस्तै सार्वभौम अधिकारसम्पन्न जनता, आधारभूत मानवअधिकार तथा स्वतन्त्रता, आवधिक निर्वाचन र निर्वाचित जनउत्तरदायी सरकार, निर्वाचित विधायिका, कानुनको शासन, स्वतन्त्र न्यायपालिका आदि कुराहरू सबै ठाउँका लागि समान छन् । तर हरेक देशको ऐतिहासिक, सामाजिक तथा राजनीतिक परिवेश फरक हुन्छ । त्यसकारण शासनप्रणालीको ढाँचा भनेको सम्बन्धित देशको आवश्यकताले निर्धारण गर्दछ ।

बेलायतकोभन्दा भिन्न र लोकतान्त्रिक शासनप्रणालीको अभ्यास भएका अरू उदाहरणहरू पनि छन् । स्वीटजरल्याण्डमा सहमतिपूर्ण शासन प्रणाली छ । स्वेडेन, डेनमार्क, नर्वे, नेदरल्याण्ड लगायतका कतिपय मुलुकहरूमा सत्तासाझेदारीमा आधारित प्रणाली छ ।

२०४६ सालपछिको हाम्रो अनुभवले पनि पुष्टि गरेको छ की नेपालमा विपक्षमा बस्ने राजनीतिक संस्कृतिको विकास हुन सकेन । संसदीय नेतृत्व र स्थायित्व कायम हुन सकेन । त्यसकारण शासन संरचनामाथि पनि पुनर्विचार गर्नु जरूरी भएको छ । यदि समानुपातिक प्रतिनिधित्वको निर्वाचन प्रणाली अपनाउने हो भने संसदमा एकै दलको बहुमत हुने संभावना कम हुन्छ । त्यस्तो अवस्थामा छिटोछिटो बदलिन सक्ने राजनीतिक समिकरणबाट सरकारको स्थायित्वलाई जोगाउनु जरूरी हुन्छ । संसदीय निरन्तरता र सरकारको स्थायित्वका लागि कार्यपालिका प्रमुखको प्रत्यक्ष निर्वाचन तथा संसदको विघटन नहुने व्यवस्था गर्न सकिन्छ । साथै सत्ता साझेदारी एवं गठबन्धन संस्कृतिको विकास गर्न सकिन्छ ।

सहमति वा सत्तासाझेदारीको प्रणालीमा विपक्ष नरहने वा कमजोर हुने भएकाले उत्तरदायी सरकारको मान्यता पनि कमजोर हुने हो कि भन्ने आशंका स्वभाविकरूपमा आउन सक्छ । यसका लागि संसदलाई पार्टीको ह्वीप र नियन्त्रणबाट मुक्त रहेर निगरानी गर्न सक्छ । साथै निर्वाचित कार्यपालिका प्रमुखका विरूद्ध महाभियोग तथा सरकारका अन्य सदस्यहरूमाथि अविश्वासको मत प्रयोग गर्ने अधिकार संसदमा सुरक्षित हुने भएकाले सरकार अनुत्तरदायी बन्ने संभावना पनि कम हुन्छ । वास्तवमा पार्टी ह्वीपको प्रयोग सरकारका मन्त्रीहरू नजोगिने भएकाले उनीहरू बढी उत्तरदायी र जिम्मेवाररूपमा प्रस्तुत हुने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा लोकतन्त्र र संविधानसभा – एक छलफल
नेपाल समसामयिक अध्ययन केन्द्र

एकात्मक शासन प्रणाली

एकात्मक राज्य प्रणाली अँगाल्ने मुलुकहरू सबैभन्दा बढी भन्डै १ सय ४० छन्, नेपाल, बंगलादेश, फ्रान्स, बेलायत, जापान लगायत । एकात्मक शासन प्रणालीमा पनि केन्द्रले स्थानीय तहमा अधिकार प्रदान गर्ने विकेन्द्रीकरणको माध्यमबाट चल्ने शासन प्रणाली र अधिकार पूर्ण रूपमा प्रत्यायोजित गर्ने गरी दुई खालका छन् । यसलाई डिभोल्युसन प्रणाली भन्ने गरिन्छ, जुन प्रणाली अँगाल्ने मुलुकहरूमा स्पेन, जहाँ १७ ओटा स्वयत्तता प्राप्त भएका (अटोनोमस) समुदायहरू छन् र बेलायत जहाँ स्कटल्यान्ड, नर्थन आयरल्यान्ड, वेल्समा केन्द्रित सरकारको नियन्त्रण रहेका तर स्वायत्तता प्राप्त भएका राज्यहरू छन् । त्यस्तै क्षेत्रीय एकात्मक राज्य भएका मुलुकहरू पनि छन् । यसमा केन्द्रीय सरकारले क्षेत्रीय सरकारलाई शक्ति प्रत्यायोजन गर्दछ । त्यस्ता मुलुकहरूलाई क्षेत्रीय सरकारको मुलुक पनि भन्ने गरिन्छ ।

नेपालले हालसम्म एकात्मक राज्यको नीति अपनायो । विकेन्द्रीकरणको माध्यमबाट स्थानीय स्रोत र साधनलाई स्थानीय जनशक्ति सीप र साधनलाइ उचित ढंगसँगै उपयोग गर्न सकेन । नेपालको भौगोलिक अवस्था, सामन्ती सोचाइ, वर्गीय चिन्तनले सामाजिक, आर्थिक, राजनीतिक र क्षेत्रीय विभेद हट्न सकेन । शक्ति, स्रोत र साधनमा न्यायिक विभाजन हुन सकेन । यसै कारणले गर्दा माओवादीको १० वर्षे जनयुद्ध, २०६३ को दोस्रो जनआन्दोलन र हाल तराईको जारी आन्दोलनबाट अब मुलुक एकात्मक शासन प्रणालीबाट संघात्मक शासन प्रणालीमा पदार्पण गर्ने पूर्वसन्ध्यामा पुगेको छ । अन्तरिम संविधानमा संघात्मक शासन प्रणाली अपनाउने गरी संशोधन भएमा संघात्मक शासन प्रणालीमा मुलुकले अभ्यास गर्नेछ ।

चन्द्रकान्त ज्ञवाली
कस्तो संघीय शासन प्रणाली ?
समय, फागुन ११–१७, २०६३

संघात्मक शासन प्रणाली

संघात्मक शासन प्रणालीमा केन्द्रीय सरकारसँग शक्तिको बाँडफाँड हुन्छ । शक्तिको बाँडफाँडबाट धेरै राज्यसहित अर्ध स्वतन्त्र क्षेत्रीय सरकार बन्छन् । प्रान्तीय सरकार र भौगोलिक सरकारको निर्माण हुन्छ । केन्द्रीय सरकारले नै क्षेत्रीय सरकारको सिर्जना गर्छ । केन्द्रीय सरकारमा देशको मुद्रा, सेना, सुरक्षा, युद्धको घोषणा, सुपुर्दगी, विदेश नीति आदि रहने र अन्य सबै अधिकार केन्द्रीय सरकार सरहका क्षेत्रीय, प्रान्तीय र भौगोलिक सरकारलाई प्राप्त हुन्छ । त्यस्तो प्रणालीलाई संघात्मक शासन प्रणाली भन्ने गरिन्छ । विश्वमा यस किसिमको शासन प्रणाली २५ राष्ट्रले अपनाएका छन् । यी मुलुकहरूमा समेत कुनैमा प्रान्त मात्र, कुनैमा राज्य र भौगोलिक एवं स्वायत्तता प्रदान गरे पनि सबै मुलुकले एकै खाले संघात्मक शासन प्रणाली अपनाएको पाइँदैन ।

संघात्मक शासन प्रणाली वास्तवमा जनतालाई क्षेत्रीय तथा जिल्लास्तरमै स्रोत, साधन र शक्तिमा सहभागी गराउने प्रक्रिया हो । यस्तो किसिमको अधिकारलाई जनताको आत्मनिर्णयको अधिकार पनि भन्ने गरिन्छ । जनता स्थानीयस्तरको सरकारमा भाग लिई देशको राजनीतिक, आर्थिक मूल प्रवाहमा सहभागी भई सामाजिक र आर्थिक, राजनीतिक विभेदको अन्त्य गर्ने प्रयास गरिन्छ । स्थानीयस्तरको स्रोत साधनको बढी मात्रामा उपयोग गराई स्थानीय स्रोत साधनको उपयोग र उपभोग गर्न स्थानीय तहमा जनतालाई आत्मनिर्णय गर्ने अधिकार प्रदान गरिन्छ । भौगोलिक वनावट, सामाजिक तथा सांस्कृतिक ढाँचा, क्षेत्रीय, जातीय, जनजातीय दलित मधेसी, महिला अल्पसंख्यकको इच्छा, आकांक्षा परिपूर्ति गर्न संघीय शासन प्रणाली बढी उपयुक्त देखिन्छ ।

यो प्रणालीमा राज्य सरकारलाई केन्द्र सरकारले विशेष रूपमा प्राप्त गर्ने विदेश नीति, मुद्रा, सुपुदर्गी, सुरक्षा आदि बाहेक स्थानीय राज्यका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाको संविधानले नै प्रत्याभूत गरिदिई शक्ति शन्तुलन र शक्ति पृथकीकरण गरिदिने हुँदा स्थायी सरकार केन्द्र र स्थानीयमा रहने गर्छन् । बजेट बनाउने, राजस्व उठाउने खर्च गर्ने, विकास निर्माण गर्दा केन्द्रको मुख ताक्नु पर्दैन । स्वतन्त्र क्षेत्राधिकार, सार्वभौमसत्ता, अखण्डतामा स्थानीय सरकारको समेत सामूहिक स्वार्थ रहन्छ । संधात्मक सरकार र केन्द्र सरकार दुवै संवैधानिक सीमाभित्र रहेर काम गर्ने हुँदा कुनै विवाद उठे पनि अदालतले विवादको समाधान गर्छ । न्यायिक पुनरावलोकनको अधिकार समेत रहने हुँदा संवैधानिक सर्वोच्चता समेत रहन्छ । स्वतन्त्र निर्वाचन, समावेशी प्रजातन्त्र, प्रतिनिधिमूलक संस्था नै संघात्मक शासन प्रणालीको मुख्य मेरूदण्ड नै हुन् । यिनै कुरालाई नेपालमा पनि आधार मान्न सकिन्छ । यसको अलावा महासंघीय शासन प्रणाली र फेडरेसीको शासन प्रणाली पनि विश्वमा चलेका शासन प्रणाली हुन् ।

चन्द्रकान्त ज्ञवाली
कस्तो संघीय शासन प्रणाली ?
समय, फागुन ११–१७, २०६३

संघीयता

संघीयता संसारमा देखा परेको स्वायत्तता दिने सबैभन्दा सशक्त माध्यम हो । बहुसांस्कृतिक देशहरूमा विभिन्न क्षेत्रमा सघन रूपमा एकत्रित रहेका समुदायहरूलाई भू-क्षेत्रीय र सांस्कृतिक संघीय प्रणालीले स्वायत्तता दिन्छ । विख्यात राजनीतिशास्त्री अल्फ्रेड स्टेपानका अनुसार भौगोलिक रूपमा एकत्रित बहुभाषिक र बहुजातीय प्रत्येक सफल प्रजातान्त्रिक देशमा संघीय राज्यव्यवस्था छ । संघीयताले राजनीतिक सत्तालाई जनतानजिक पुऱ्याउँछ । संघीय प्रणालीमा संविधानले नै केन्द्र र प्रदेशहरूबीच शक्ति विभाजन गर्दछ । केन्द्रले न्यूनतम रूपमा मौद्रिक नीति, परराष्ट्र र सुरक्षा हेर्दछ । अन्य सबै बाँकी पक्षहरू प्रदेशहरूलाई हेर्न दिन सकिन्छ । नेपालको विभिन्न भूभागमा सघन रूपले एकत्रित समुदायहरूलाई (लिम्बू, खम्बू, मगर, गुरूङ्ग, तामाङ्ग,अवधि, मैथिली, थारू आदिलाई) यस प्रणालीले स्वायत्तता प्रदान गर्न सक्दछ । .....

..... संघीयता विभिन्न समुदायहरूलाई स्वायत्तता दिन मात्र होइन, देशलाई जातीय दंगाबाट जोगाउन पनि आवश्यक छ । सयभन्दा बढी देशहरूको अध्ययन गर्ने प्राज्ञहरूले ध्वंसात्मक विद्रोहहरू एकात्मक प्रणाली भएको देशहरूमा बढी र संघीय राज्यहरूमा कम पाए । एक पछि अर्को अध्ययनहरूले यसलाई पुष्टि गरेका छन् । यी अनुसन्धानका निश्कर्षहरूले के औल्याउँछन् भने यदि नेपालले फेरि पनि एकात्मक संरचना नै कायम राख्ने हो भने हिंसात्मक विद्रोहको सम्भावना भविष्यमा पनि रहिरहन्छ ।

डा. महेन्द्र लावती

राज्यको पुनः संरचनाको सवाल र समावेशी प्रजातन्त्र

मूल्याङ्कन, असोज २०६१

स्विट्जरल्याण्डको संघीय प्रणालीमा 'जादुगरी फर्मुला'

स्विट्जरल्याण्डमा संघीय प्रणाली छ । २६ वटा क्यान्टन मिलेर त्यहाँको संघ बनेको छ । क्यान्टन भनेको त्यहाँको राज्य हो, नेपालको जिल्लाजस्तो । कम्युनचाहिँ नेपालको नगरपालिका वा गाविसजस्तो हो । त्यहाँ सबै तहमा चुनिएको सरकार छ ..... ।

भाषागत आनुपातिक प्रतिनिधित्वको निम्ति स्विट्जरल्याण्डमा राजनीतिक कोटाको व्यवस्था गरिएको छ । प्रसिद्ध स्विस संविधानविज्ञ उल्फ लिण्डरका अनुसार, कानूनले तोकेर होइन, राजनीतिक सम्झौताद्धारा वा परस्पराका आधारमा यो राजनीतिक कोटा तय गरिन्छ । एउटा अलिखित नियम के छ भने संघीय मन्त्रिपरिषदको कुल ७ जनामा ४ जना जर्मनभाषी हुन्छन् र २ जना फ्रेञ्चभाषी र एकजना इटालीयन भाषी । र, अहिलेसम्म को नियम प्रायस: पालना गरिएको छ ।

खालि अहिलेमात्र होइन, 'सन् १८४८ देखि सन् २००४ सम्मका सबै संघीय मन्त्रिपरिषदलाई नियाल्नुभयो भने त्यहाँ लगभग ७० प्रतिशत जर्मन भाषा बोल्नेहरू, २० प्रतिशत फ्रेञ्च भाषा बोल्नेहरू र ३ प्रतिशतभन्दा ज्यादा इटालीयन भाषा बोल्नेहरूको अनुपातिक प्रतिनिधित्व संघीय परिषदमा भएको पाउनुहुनेछ', लिण्डरको भनाइ छ ।

अर्का स्विस संविधानविज्ञ वाल्टर कालीनका अनुसार स्विस संघीय परिषद्मा भाषामात्र होइन, धर्मको पनि आनुपातिक प्रतिनिधि हुने गरेको छ । सातजनाको संघीय परिषद्मा बढीमा दुईजना क्याथोलिक धर्मावलम्बी हुनेगरेका छन् भने बढीमा ५ जना प्रोटेस्टेण्ट धर्मावलम्बीहरू । लिंगको प्रतिनिधित्व जनसंख्याको अनुपातमा ठ्याक्कै नभएपनि हरेक संघीय मन्त्रिपरिषदमा १ देखि २ जना महिला परेकै हुन्छन् ।

त्यहाँ आनुपातिक प्रतिनिधित्वको अनौठो प्रणाली के छ भने बहुमत आउने ठूलो राजनीतिक दलमात्र सरकारमा सामेल हुँदैन, अल्पमत ल्याएका साना दलहरूसमेत सबै नै सरकारमा सामेल हुन्छन् । त्यहाँ प्रतिपक्षी दलहरू भन्ने नै हुँदैनन् । सम्पूर्ण जनतालाई मात्र त्यहाँ प्रतिपक्षका रूपमा राखिन्छ । अल्पसंख्यकहरूको सामेलीको मामिलामा राजनीतिक मतको हिसाबले हुने अल्पसंख्यकहरूको पनि राज्यमा सामेली गराइनु त्यहाँको अचम्मको विशेषता हो । देशको ८०-८५ प्रतिशत जनमतको प्रतिनिधित्व गर्ने सबै ठूलासाना चारवटा दलहरू आफूले पाएको मतको साइजको आधारमा आपसी सहमतिबाट सरकारमा सामेल हुन्छन् । यसलाई उनीहरू 'जादुगरी फर्मुला' भन्छन् । एउटा अलिखित कानूनका आधारमा सन् १९५९ यता ४ वटा दलहरू एउटा निश्चित अनुपातमा संघीय परिषद्मा सामेल हुँदै आइरहेका छन् । संघीय परिषद्मा लिबरल डेमोक्र्याटबाट २ जना, सोसल डेमोक्र्याटबाट २ जना, क्रिश्चियन डेमोक्र्याटबाट २ जना र स्विस पिपुल्स पार्टीबाट १ जना सामेल रहने गरेका छन् ।

श्याम श्रेष्ठ
स्वीस ढाँचाको लोकतन्त्र
मूल्याङ्कन, चैत्र २०६१

अधिकतम स्वयत्तताः संघीयतामार्फत्

स्विस लोकतन्त्रको विशेषता के हो भने उनीहरूले भाषिक र धार्मिक अलपसंख्यकहरूलाई संरक्षित गर्ने थलो क्यान्टनलाई बनाए । स्विस संस्कृतिमा जुन विविधता छ, त्यसलाई आफूखुसी अभ्यास गर्ने र जोगाउने थलो क्यान्टनलाई बनाए । हरेक क्यान्टनले विद्यालय, अड्डा-अदालत, संसद सबैतिर आनो भाषालाई प्रयोगमा ल्याउन पाउँछ, आनो रूचि र संस्कृतिअनुकूल रहन पाउँछ । त्यसैले क्यान्टनसित प्रत्येक भाषा र संस्कृतिका मान्छेहरूको आनो पहिचान र अपनत्व गाँसिएको छ । स्विस नागरिकहरू सबभन्दा पहिले आफूलाई आनो क्यान्टनको सदस्य मान्दछन्, अनिमात्र स्विट्जरल्याण्डको नागरिक । संघीयताको एउटा मुख्य फाइदा के हो भने यसले राज्यलाई जनताको निकै नजिक ल्याउँछ । जनतालाई जहाँनेर आवश्यकता पर्दछ, त्यहाँ यसले राज्यलाई उपलब्ध गराउँछ । त्यहाँ क्यान्टन र कम्युनले त्यही काम गरेको छ । त्यहाँका २६ वटा क्यान्टनहरूमध्ये १७ वटा जर्मनभाषी छन्, ५ वटा फ्रेञ्चभाषी, १ वटा इटालीयन भाषी र बाँकी मिस्कट छन् । ऱ्हेतो रोमन्शभाषीको छुट्टै क्यान्टन छैन, ग्रीगोन्स क्यान्टनभित्र बोलिने तीनवटा भाषामध्ये एउटा ऱ्हेतो रोमन्श छ । त्यहाँ उनीहरू संरक्षित छन् ।

स्विस लोकतन्त्रको राजनीतिक ढाँचामा क्यान्टनभन्दा मुनि झन्डै तीन हजारवटा कम्युनहरू छन् । स्विस संविधानमा 'कम्युन' शब्द उल्लेख भएको भेटिँदैन, त्यहाँ 'नगरपालिका' शब्द उल्लेख भएको पाइन्छ । परन्तु, स्विस जनजीवनमा कम्युनको ठूलो महत्व देखिन्छ । दुवै पर्याय हुन । कम्युन स्विट्रल्याण्डको सबभन्दा सानो र तल्लो राजनीतिक निकाय हो ।

झण्डै पाँचमा एक कम्युनको आनै निर्वाचित संसद छ । बाँकी चारमा स्थानीय कम्युन वा नगरपालिकाका पदाधिकारीहरूलाई स्थानीय नागरिक सभाले सीधै चुन्छन् । नागरिक सभामा स्थानीय नागरिकहरू स्वयं उपस्थित भएर आनो पदाधिकारी, आनो जीवन र स्थानीय विकाससम्बन्धी कैयौं निर्णयहरू लिन्छन् । यो त्यो तह हो, जहाँ स्विस लोकतन्त्र सबैभन्दा प्रत्यक्ष छ । कम्युनहरूको साइजचाहिँ फरक फरक छ : झण्डै एउटा सानो क्यान्टनको साइजका कम्युनहरू पनि छन्, जहाँ निर्वाचित संसद हुनेगर्छ, केवल १००/२०० जनसंख्या भएका कम्युनहरू पनि छन्, जहाँ नागरिक सभाले नै सबै कुरा निर्णय गर्छ ।

क्यान्टनसरह स्वायत्तता नभए पनि स्विस कम्युनहरूसित पनि काफी धेरै स्वायत्तता विद्यमान छ । जनसंख्याको साइजअनुसार उनीहरूको या त आनै संसद छ, या नागरिक सभा । उनीहरूको आनै निर्वाचित स्थानीय सरकार छ । हरेकको आनै निर्वाचित वा क्यान्टनद्धारा नियुक्त अदालत छ, आनो छुट्टै कम्युनव्यापी ऐन छ । हरेकलाई आनो योजना र बजेट बनाउने र कर लगाउने हक छ । कुल कर राजस्वको ३० प्रतिशत कम्युनले पनि सीधै लिन र खर्च गर्न पाउँछ । स्कुलहरूको निर्माण र शिक्षकहरूको चुनाव गर्ने हक पनि कम्युनलाई नै छ । ग्याँस, बिजुली, खानेपानीको आपूर्ति र फोहरमैला तह लगाउने जिम्मेवारी पनि । स्थानीय सडक, पुल निर्माण गर्ने र तिनीहरूको सर्वेक्षण गर्ने, शहरी क्षेत्रमा सार्वजनिक यातायात संचालन गर्ने जिम्मेवारी पनि तिनीहरूमाथि नै छ, साथै, स्थानीय बनहरू संचालन गर्ने, प्रहरी र दमकलहरू संचालन गर्ने तथा सार्वजनिक जनकल्याणका अभिभारा पनि ।

श्याम श्रेष्ठ

स्वीस ढाँचाको लोकतन्त्र , मूल्याङ्कन, चैत्र २०६१

हमेसा संवाद, हमेसा सहमतिको प्रणाली: शक्ति बाँडफाँडमार्फत्

स्विस लोकतन्त्रको अर्को ज्यादै महत्वपूर्ण विशेषता त्यहाँ विद्यमान सहमतीय प्रणाली हो । यो ढाँचा बेलायतको बहुमतीय प्रणालीभन्दा ठीक उल्टो छ । बहुमतीय प्रणालीमा सबैकुरा संसदमा बहुमत ल्याउनेले हात पार्छ, उसैको सरकार हुन्छ, उसैको कानून र निर्णयमात्र लागू हुन्छ । अल्पमत हुनेले आनो मत लागू गर्न अर्को चुनाव पर्खेर बस्नुपर्छ । त्यसअघि उसको हात लाग्यो शुन्य हुन्छ । तर स्विस प्रणालीमा त्यसको ठीक उल्टो छ ।

स्विस लोकतन्त्रमा संसदमा बहुमत ल्याउनेले सरकार बनाउने, बाँकी प्रतिपक्षमा बस्ने भन्ने प्रणाली नै विद्यामान छैन । त्यहाँ ५-१० प्रतिशतभन्दा ज्यादा मत ल्याउने सबै दलहरू सरकारमा रहन्छन् । प्रतिपक्ष भन्ने नै त्यहाँ कोही हुँदैन । स्विस संसदीय प्रणाली सहमतीय प्रणाली हो । सन् १९५९ देखि स्विट्जरल्याण्डमा ४ वटा पार्टीको 'जादूगरी फर्मूला' मा आधारित सहमतीय सरकार रहिआएको छ । यो संघीय तहमा मात्र होइन, क्यान्टन र कम्युन तहमा पनि छ ।

लोकतन्त्रको सहमतीय ढाँचा बहुसांस्कृतिक र बहुभाषिक मुलुकको निम्ति ज्यादा उपयुक्त हुन्छ । किनकि यो ढाँचामा जातीय, भाषिक, सांस्कृतिक अल्पसंख्यकहरूले पनि सरकारमा वा नीतिनिर्णय गर्ने हरेक ठाउँमा सामेल हुने अवसर पाउँछन् । बहुसंख्यक, अल्पसंख्यक सबैका लागि आनो शक्तिको वा भोटको अनुपातमा सत्ताको बाँडचुँड गर्ने अवसर यसमा प्राप्त हुन्छ । यसको निम्ति उनीहरूले हमेसा वार्ता वा संवाद गरिराख्नुपर्ने हुन्छ, हमेसा सहमति बनाइराख्नुपर्ने चाहिँ हुन्छ । त्यहाँ ठीक त्यस्तै प्रणाली छ । स्विस लोकतन्त्रको एउटा मुख्य विशेषता र चरित्र नै यही देखिन्छ कि त्यहाँ बहुसंख्यक/अल्पसंख्यकबीच, क्यान्टन र कम्युनहरूबीच हमेसा संवाद चलिरहेको हुन्छ, र हमेसा शक्ति बाँडफाँड गर्ने सहमतिद्वारा द्वन्द्वको हल खोजिने गरिन्छ । कसैको पनि हात रित्तो नहोस्, कोही पनि सत्ताबाट बाहिर नपरोस्, कोही नहारोस्, सबैले केही न केही प्राप्त गरोस्: सहमतीय लोकतन्त्रमा द्वन्द्व समाधानको गुदी कुरो नै यही हुनेगर्छ ।

संविधानविज्ञ उल्फ लिण्डरको भनाइ छ: शक्ति बाँडफाँडको राजनीतिक संस्कृति विकास गर्न स्विट्जरल्याण्डलाई लामो समय लाग्यो । तर यसले हाम्रो मुलुकमा सामाजिक एकता ल्यायो र सामाजिक समूहहरूका बीचमा आपसी सम्मान विकास गऱ्यो । शुरूमा त हामीकहाँ पनि क्याथोलिक र प्रोटेस्टेण्टका बीचमा, पूँजीपति र मजदूरहरूका बीचमा, बहुसंख्यकको भाषा र अल्पसंख्यकको भाषाबीचमा संघर्ष चर्केको हो । तर सघर्षकै क्रममा हामीले सिक्यौं कि लगातार वार्ता र सम्झौता नै द्वन्द्व र संघर्षलाई शान्तिपूर्ण समाधान गर्ने उपयुक्त बाटो हो । हामीले संस्थाहरू नै त्यस्तो बनायौं, जसले निरन्तर वार्ता र सम्झौतालाई द्वन्द्व समाधानको स्थायी उपायको रूपमा अपनाउँछन् ।

श्याम श्रेष्ठ

स्वीस ढाँचाको लोकतन्त्र, मूल्याङ्कन, चैत्र २०६१

स्थानीय स्वायत्तशासन

..... धार्मिक, सांस्कतिक, जातीय र भाषिक विभेदका समस्याहरू स्थानीय स्वायत्तशासनकै हिसाबबाट पनि सम्बोधन गर्न सकिन्छ । यदि कुनै ठाउँमा गुरूङहरू बहुसंख्यामा छन् भने त्यहाँ प्राथमिक तहमा गुरूङ भाषा सबैले पढ्नैपर्ने गरिनुपर्छ । त्यहाँका नेपाली भाषीहरूले पनि गुरूङ भाषा सिक्छन्, जस्तोः अरू ठाउँमा गुरूङहरूले नेपाली भाषा सिक्छन् । स्थानीय स्वायत्तशासनको महत्ता राजनीतिक र आर्थिक शक्तिको विकेन्द्रीकरणमा निहित हुन्छ । स्थानीय तहमै राजनीतिक, आर्थिक, सामाजिक, क्षेत्रमा शक्तिको विकेन्द्रीकरण गर्न सकियो भने स्थानीय तह सवल हुन्छ र विकास तलबाट शुरू हुन्छ । अहिले जुन पैसा केन्द्रले आफैले मात्र चलाइरहेको छ, त्यो पैसा स्वतः स्थानीय तहमा जानुपर्छ र जान्छ ।

अब बन्ने संविधानले स्थानीयतहमा राजनीतिक, प्रशासनिक तथा आर्थिक विकेन्द्रीकरणप्रतिको प्रतिबद्धता र माध्यमलाई स्पष्ट रूपमा स्थापित गर्नुपर्छ । २०४७ को संविधानले यो कुरा दिएन । मुख्य कुरा, अब स्थानीय निकायलाई राजस्वको निश्चित हिस्सा पाउने हक हुनुपर्‍यो । आनो क्षेत्रको स्रोत सम्पदामाथि हक हुनुपर्‍यो । कुनै क्षेत्रको स्रोत सम्पदा हिमाल र जडीबुटी होला, कुनैको पानी, जल विद्युत, कुनैको पर्यटन, कुनैको कृषि, कुनैको पशुपालन र दुग्ध व्यवसाय होला । त्यसबाट राज्यलाई आउने राजश्वको निश्चित हिस्सामाथि स्थानीय निकायको हक हुनुपर्‍यो । जस्तोः सगरमाथा चढ्न दिएर आउने राजश्वको निश्चित हिस्सामाथि सोलुखुम्बूको हक हुनुपर्‍यो । यार्चागुम्बा बेचेर आउने राजस्वको निश्चित अंशमाथि कर्णालीक्षेत्रको स्वतः अधिकार हुनुपर्‍यो । राजश्व कहाँ खर्च गर्ने ? कसरी खर्च गर्ने ? विकासको प्रथमिकता के ? अनुगमन कसरी गर्ने ? त्यो निर्णय गर्ने अधिकार पनि स्थानीय निकायलाई नै हुनुपर्‍यो । यथार्थमा स्वायत्तशासन भनेको यही हो । यसबाट स्थानीय निकायमा स्वगतिमा विकास प्रक्रिया शुरू हुनुका साथसाथै स्थानीय तह केन्द्रमा निर्भर हुने स्थिति समाप्त हुन्छ ।

डा. पीताम्बर शर्मा

वर्तमान राज्य -संरचनामा के कस्तो परिवर्तन आवश्यक छ ?

मूल्याङ्कन, माघ–फागुन, २०६०

जातीय स्वशासनको व्यवस्था

बहुजातीय र बहुभाषिक देशका जातीय समस्या सम्बोधन गर्ने अर्को तरिका जातीय स्वशासनको व्यवस्था हो । चीन, स्पेन, बेलायतजस्ता देशमा ऐतिहासिक कालदेखि सघन रूपमा जातिहरू बसोबास गरिरहेका र अहिले पनि त्यहीं बसिरहेका स्थानमा सम्बन्धित जातिलाई अग्राधिकार दिएर जातीय स्वशासनको नीति लागू गरिएको छ ।

चीनमा हान जाति अत्यधिक बहुसंख्या अर्थात ९६ प्रतिशतमा छन् र ४५ मान्यता प्राप्त जनजातिहरू ४ प्रतिशतको अल्पसंख्यामा छन् । त्यहां जनजातिहरूलाई आ-आनो जातीय स्वशासित प्रदेश, प्रीफेक्चर, काउण्टी वा सियाङ्गहरू (गाउँपालिका) बनाउने र प्रादेशिक कामकाजमा आनै भाषा प्रयोग गर्ने अधिकार दिइएको छ । चिनिया संविधानको धारा ५९ मा त्यहाँको राष्ट्रिय जन-कांग्रेसमा सबै जातिको प्रतिनिधित्वको व्यवस्था गरिएको छ । चिनिया संविधानको परिच्छेद ५ को धारा ९५ मा स्थानिय स्वशासित सरकार र परिच्छेद ६ को धारा ११२ र ११३ मा जातीय स्वायत्त क्षेत्रमा स्वशासित सरकारको व्यवस्था छ ।

स्थानीय स्वशासन भन्नाले एउटै जातिको प्रदेशभित्र गरिने उही जातिको प्रशासनिक राजनीतिक इकाइ हो । जातीय प्रशासन भन्नाले जातीय स्वशासित प्रदेश वा त्यसमातहत अर्को जाति सघन रूपमा बसिरहेका क्षेत्रमा तिनीहरूलाई स्वायत्त प्रदेशभित्र दिइने जातीय स्वायत्त प्रिफेक्चर, स्वायत्त काउन्टी वा स्वायत्त सियाङ्गहरू हुन् । यस्तो जातीय स्वायत्त निकायमा चिनिया संविधानको धारा ११४ ले प्रमुख र उपप्रमुख सम्बन्धित जातिकै हुने व्यवस्था गरेको छ ।

चीन एकात्मक राज्य-प्रणाली भएको मुलुक भएपनि उसले जातीय स्वशासनको संघीय विशेषता अपनाएको छ । उसको जातीय स्वायत्त शासनको संरचना र स्विट्जरल्याण्डको जस्तो सहमतीय शासन प्रणाली अपनाउनु नेपालका लागि उपयुक्त राज्य-व्यवस्था हुनसक्तछ ।

परशुराम तामाङ
संघीय गणतन्त्र बनाउने उपाय
मूल्याङ्कन, माघ २०६३

आत्मनिर्णयको अधिकार

आत्मनिर्णयको अधिकारलाई धेरैले एउटा सिद्धान्तको रूपमा लिने गरे पनि नेपालको सम्बन्धमा एउटा प्रक्रियाको रूपमा लिनु उपयुक्त हुन्छजस्तो लाग्छ । नेकपा माओवादीले आदिवासी जनजा(ातिहरूलाई आत्मनिर्णयको अधिकार दिँदा छुट्टिने अधिकारसमेत दिने कुरा बताउँदै आएका छन् । तर कृष्ण खनालले उल्लेख गर्नुभएजस्तै नेपालका कुनै पनि समूह वा व्यक्तिले विखण्डन वा छुट्टै पूर्ण रूपमा स्वतन्त्र राज्यको माग आजसम्म राखेको पाइँदैन । व्यक्तिगत तहमा व्यक्तिको आत्मनिर्णयको अधिकार, महिलाको आत्मनिर्णयको अधिकार र विरामीको आत्मनिर्णयको अधिकारको कुरा हुन्छ भने सामूहिक तहमा राष्ट्र (नेशन) को आत्मनिर्णयको अधिकार र जनताहरूको आत्मनिर्णयको कुरा हुन्छ । आत्मनिर्णयको अधिकार राज्य, प्रतिनिधिमूलक सरकार, उपनिवेशमा रहेका जनताहरू, आदिवासीहरू हुन सक्दछ । आत्मनिर्णयको अधिकार प्राप्त गर्ने आधारहरू चारवटा छन् : (१) असहिष्णुता (२) ऐतिहासिक अधिकार (३) जनसंख्याको जातीय बनोट र (४) जनताहरूको इच्छाको अभिव्यक्ति । यो अधिकारको प्रयोग पराधिन क्षेत्र वा राज्यले स्वतन्त्र हुन, भइरहेको राज्यबाट बिखण्डन भई स्वतन्त्र राज्य बनाउन, राज्यभित्र सम्मिलित हुन, राज्य संग सम्वद्धता कायम राख्न प्रयोग हुने गरेको छ । नेपालको सम्बन्धमा यो अधिकार विखण्डनका लागि नभएर, संघीय सरकार अन्तर्गत बस्न, विभिन्न समुदायहरूको संयुक्त स्वायत्तता लिन, आनो मात्र स्वायत्तता लिन, स्वायत्तताभित्र उपस्वायत्तता लिन प्रयोग गर्न दिनपर्ने हुन्छ । यस्तो अधिकारको निर्णय कानुनी रूपमा एकपटक मात्र गर्न पाउने प्रचलन विश्वका कैयन भागमा भएपनि नेपालमा प्रत्येक १०/१० वर्षको अन्तरालमा पुनरावलोकन गरेर अर्कै विकल्प रोज्न दिन सकिन्छ ।

डा.कृष्णबहादुर भट्टचन
जनजातिको दृष्टिकोणबाट राज्यको पुनर्संरचनाका सवालहरू
मूल्याङ्कन, पुष २०६१

आत्मनिर्णयको अधिकार र राजनीतिक हैसियतको निर्धारण

प्रजातान्त्रिक प्रणालीअन्तर्गत राजनीतिक दलका क्रियाकलापहरूमा सहभागिता जनाउने सम्बन्धमा प्रत्येक व्यक्तिले आनो लागि आफैं निर्णय गर्न पाउने अधिकारलाई प्रत्याभूत गरिएको हुन्छ । कुन राजनीतिक दल वा कुन राजनीतिक विचारधारामा आवद्ध हुने भन्ने निर्णय गर्न पाउनु नै आत्मनिर्णयको अधिकार हो । चुन्ने र चुनिने अधिकारको उपभोग गर्दै आनो राजनीतिक सहभागिताको कसरी निर्धारण गर्ने भन्ने सवालमा प्रत्येक व्यक्तिलाई आत्मनिर्णय गर्ने अधिकार हुन्छ । प्रत्येक व्यक्तिलाई राज्यको राजनीतिक प्रणालीमा सहमति वा असहमति प्रकट गर्ने अधिकार छ । राज्यका प्रमुख निर्णय प्रक्रियामा सहभागि हुने, राज्यको अर्थराजनीतिक र प्राकृतिक स्रोतको बाँडफाँडको निर्णयमाथि स्वमित्व स्थापित गर्ने प्रक्रियाको मापदण्ड राजनीतिक स्तरको निर्धारण र आत्मनिर्णयको अधिकारद्वारा निर्देशित हुन्छ । यसले प्रत्येक स्थानीय जनतालाई तिनले आना राजनीतिक अधिस्थान स्वतन्त्रतापूर्वक निर्धारण गर्ने र आनो आर्थिक, सामाजिक तथा सांस्कृतिक विकासको अधिकारलाई प्राप्त गर्न सघाउ पुऱ्याउँदछ ।

आत्मनिर्णय अधिकारअन्तर्गत जनताको आनो लागि राजनीतिक संगठनको चयन गर्ने अधिकार तथा अन्य समूहहरूसँगको आनो राजनीतिक हैसियत स्वतन्त्ररूपले निर्धारण गर्दछन् । आनो आर्थिक, सामाजिक र सांस्कृतिक विकासको अवलम्बन गर्दछन् । आत्मनिर्णयको विचारधारालाई नागरिक तथा राजनीतिक अधिकार र आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकारसम्बन्धी अन्तराष्ट्रिय प्रतिज्ञापत्रहरूमा देहायको व्यवस्था गरिएको छ :

- सम्पूर्ण जनतालाई आत्मनिर्णयको अधिकार छ । त्यस अधिकारको कारणबाट नै उनीहरू स्वतन्त्रतापूर्वक आनो राजनीतिक हैसियत निर्धारण गर्दछन् तथा स्वतन्त्रतापूर्वक आनो आनो आर्थिक, सामाजिक र सांस्कृतिक विकासमा लाग्छन् ।
- सबै जवनताहरूले आपसी फाइदाको सिद्धान्त तथा अन्तर्राष्ट्रिय कानुनमा आधारित अन्तर्राष्ट्रिय सहयोगबाट उत्पन्न कुनै दायित्वप्रति कुनै दुराग्रह नराखी आनो लक्षका लागि आना प्राकृतिक धन तथा स्रोतहरू स्वतन्त्रतापूर्वक उपभोग गर्ने सक्नेछन् । कुनै अवस्थामा पनि जनतालाई आनो जीवन धान्ने उपायबाट बञ्चित गरिनेछैन ।
- यस अनुबन्धका राज्यपक्ष एवं स्वशासनीय तथा सुम्पिएका भूभागका प्रशासनिक दायित्व भएका पक्षसमेतले स्वनिर्णयको अधिकारको प्राप्तिको प्रबर्द्धन गर्नेछन् तथा संयुक्त राष्ट्रसंघको वडापत्रको व्यवस्थाअनुरूप सो अधिकारको सम्मान गर्नेछन् ।

संविधानसभा

वकालत/प्रशिक्षण पुस्तिका २०६३

फोरीड र आर.एस.डि.सी.

संघीयताको स्वरूप र आत्मनिर्णयको अधिकार

नेपालमा अब अपनाइने संघीयतामा केन्द्रको शक्ति घटाएर विभिन्न क्षेत्रहरूलाई सशक्त बनाइने प्रयास हुनुपर्छ । यसका दुईवटा असरहरू हुनेछन् । एक यसले विभिन्न प्रदेशहरूलाई सँगै सँगेटेर राख्छ । यस प्रकारको संघीयतालाई 'सँगेटेर राख्ने संघीयता' (holding together federalism) भनिन्छ । अर्को किसिमको संघीयतामा विभिन्न क्षेत्रहरू मिलेर एउटा देश बन्छ, जसलाई सँगै रहन आउने संघीयता (coming together federalism) भनिन्छ । दुई, केन्द्रबाट शक्ति विभाजन गरिने भएकोले केन्द्रले सकेसम्म बढी शक्ति आफैँमा राखिरहन खोज्छ । स्वयत्तता, विकेन्द्रीकरण र जनताको सार्वभौमसत्तामा साँच्चिकै विश्वास राख्नेहरूले केन्द्रबाट शक्ति सकेसम्म प्रदेशहरूलाई दिलाउन लागिपर्नु पर्दछ ।

विभिन्न संघीयताको लागि प्रदेशहरू विभाजन गर्दा आत्मनिर्णयको अधिकारलाई मुख्य आधार मानिनु पर्दछ । अर्थात् समुदायहरूले छुट्टै स्वायत्तता चाहेमा वा अरू समुदायहरूसँग मिलेर बस्न चाहेमा, उनीहरूकै निर्णय मुताविक संघीयताको स्वरूप बनाइनुपर्दछ । आत्मनिर्णयको अधिकारलाई मुख्य आधार मानिँदा जनता नै सर्वेसर्वा हुन्छन् । नेपालका विभिन्न समुदायहरू हाल परिचालित भइनसकेको, तर भविष्यमा नयाँ समुदायहरू पनि संगठित हुने संभावनालाई समेत मध्यनजर राखी यदि कुनै समुदायले छुट्टै नयाँ स्वायत्त क्षेत्र वा प्रदेश चाहेमा त्यो दिन सकिने व्यवस्था गरिनु पर्दछ । भारत, स्वीट्जरल्याण्ड आदि देशमा उक्त व्यवस्था छ । विभिन्न समुदायहरूको माग हुँदाहुँदै भारतले ठूलो धनजनको क्षतिपश्चात् मात्र नयाँ प्रदेशहरू गठन गऱ्यो । छुट्टै प्रदेश बनाउन पाउने प्रावधानले अल्पसंख्यकहरूको अधिकारको सुरक्षा गर्न पनि मद्दत गर्दछ । बहुमत समुदायले हैकम चलाएमा ससाना समुदायहरूले छुट्टै प्रदेश बनाउन पाउन सक्ने भएकोले गर्दा ती समुदायहरू छुट्टिन्छन् कि भनेर बहुमत समुदायले उनीहरूको आवाज र चाहनालाई सुन्न कर लाग्दछ । साथै यस व्यवस्थाअनुसार भविष्यमा कुनै दुई वा दुईभन्दा बढी प्रदेशहरू एकत्रित पनि हुन सक्छन् । यसले भविष्यको आवश्यकतालाई जनताको चाहना र मतअनुसार सुल्झाउन स्थान छोड्छ ।

आत्मनिर्णयको अधिकार भयो भने यदि कुनै प्रदेशका जनताहरू मिलीजुली प्रशासनिक संघीयता अन्तर्गत बस्न चाहन्छन् भने उनीहरूसँग त्यो अधिकार रहनेछ ।

व्यावहारिकताको कारणले शुरूमा चौध, पन्ध्रवटा प्रदेशहरू निर्माण गरी पछि समुदायहरूको माग र आवश्यकताअनुसार प्रदेशहरू बढाउन वा घटाउन सकिने बनाइनुपर्छ ।

डा. महेन्द्र लावती

राज्यको पुनः संरचनाको सवाल र समावेशी प्रजातन्त्र

मूल्याङ्कन, असोज २०६१

निर्वाचन क्षेत्र

जनप्रतिनिधि छान्ने प्रक्रियामा कानुनद्वारा तोकिएको तरिकाले राज्यमा विभिन्न क्षेत्रहरू निर्धारित गरिन्छन्, जहाँबाट त्यहांका जनताले आना प्रतिनिधि छानी पठाउँछन् । यस्तो क्षेत्रलाई निर्वाचन क्षेत्र भन्दछन् ।

संविधानसभामा प्रतिनिधित्व गराउने सम्बन्धमा समेत विभिन्न प्रक्रियाहरू देखिन्छन् । कुनै मुलुकले जनसंख्याको आधारमा प्रतिनिधित्व गराएको देखिन्छ भने कुनै राज्यले राज्य र संघसरकारको तर्फबाट प्रतिनिधित्व गराएको देखिएको छ । यसैगरी जनसंख्या, क्षेत्र, सम्प्रदायको न्यायोचित प्रतिनिधित्व भएमा नै संविधानसभा बढी समावेशी हुन्छ भन्ने आधारबाट प्रतिनिधित्वलाई बढी संवेदनशीलतापूर्वक हेर्नुपर्ने हुन्छ । संविधानप्रति आमजनतामा विश्वास सिर्जना गर्न र स्वामित्व ग्रहण गराउन समावेशी संविधानसभा गठन हुनुपर्दछ भन्ने आधुनिक मान्यता रहेको छ । यसको निम्ति एकल निर्वाचन क्षेत्र वा बहुसदस्यीय निवाचन क्षेत्र कुन किसिमको निर्वाचनक्षेत्र निर्धारण गरी कस्तो किसिमको निर्वाचन पद्धति अपाउनु न्यायोचित हुन्छ भन्ने सम्बन्धमा नयाँ नयाँ किसिमको प्रयोग हुँदै आएको देखिन्छ । समावेशी मान्यताअनुरूप संविधानसभाको गठनका निम्ति समानुपातिक सूची प्रणाली उपयुक्त हुन्छ भन्ने मान्यताहरू बढीरहेको देखिन्छ ।

निर्वाचन क्षेत्र निर्धारण गर्ने विधिलाई दुई हिसाबले विभाजन गर्न सकिन्छ । पहिलो एकल सदस्यीय निर्वाचन क्षेत्र र दोस्रो बहुसदस्यीय निर्वाचन क्षेत्र । पहिलो विधिअन्तर्गत राज्यलाई क्षेत्र, जनसंख्या, वर्ग, समुदाय आदिका आधारमा विभिन्न निर्वाचन क्षेत्रहरूमा विभाजन गरिन्छ । र प्रत्येक निर्वाचन क्षेत्रबाट एकजना प्रतिनिधि छानिन्छ । ०४६ सालको संविधानअन्तर्गतको प्रतिनिधिसभा सदस्यहरूको निर्वाचन यही विधि अन्तर्गत हुने गर्दथ्यो । बहुमत प्रतिनिधित्व पद्धतिले राम्रोसँग काम गर्नसक्ने निर्वाचन क्षेत्र, निर्धारण क्षेत्र, निर्धारण विधि पनि यही हो । दोस्रो विधिअनुसार सिंगो राष्ट्रलाई एउटा निर्वाचन क्षेत्र मानिन्छ र मतदाताहरूले विभिन्न राजनीतिक दल, वर्ग, समुदाय आदिको सूचीमा मत हाल्दछन् । यस विधिअन्तर्गत एकजना मतदाताले एकभन्दा बढी मत दिन पाउँछ । यस विधिमा बहुसंख्यक, अल्पसंख्यक सबैको अनुपातिक रूपमा प्रतिनिधित्व हुनसक्छ भन्ने मान्यता राखिन्छ । समानुपातिक प्रतिनिधित्व पद्धतिका लागि उपयुक्त विधि पनि यसैलाई मानिन्छ । ०४७ सालको संविधान अन्तर्गतको राष्ट्रियसभा सदस्यहरूको निर्वाचन यही विधिअन्तर्गत हुने गर्दथ्यो । नेपालमा हुन गइरहेको आगामी संविधानसभाको चुनावमा ४२५ सदस्यीय संविधानसभाका सभासदहरूमा २०५ जना प्रत्यक्ष र २०४ जना समानुपातिक प्रणालीबाट आउनेछन् भने १६ जना सदस्यलाई भने प्रधानमन्त्रीले सहमतिका आधारमा मनोनयन गर्नेछन् ।

संविधानसभा
वकालत/प्रशिक्षण पुस्तिका २०६३
फोरीड र आर.एस.डि.सी.

निर्वाचन प्रणाली

नेपालमा हुन गइरहेको संविधानसभाको निर्वाचनमा मिश्रित निर्वाचन प्रणाली अवलम्बन गरिने भएको छ। यो मिश्रित निर्वाचन प्रणाली बहुमतवादी प्रणालीअन्तर्गतको पहिलो हुनेले जित्ने प्रणाली (First Past the Post System) र समानुपातिक प्रतिनिधित्व प्रणाली अन्तर्गतको सूचिमा आधारित समानुमातिक प्रतिनिधित्व प्रणालीको मिश्रित रूप हो ।

पहिलो हुनेले जित्ने

पहिलो हुनेले जित्ने प्रणाली अन्तर्गत निर्वाचनमा खडा भएका उम्मेदवारहरू मध्ये जो सर्वप्रथम हुन्छ त्यसैलाई विजयी घोषणा गर्ने प्रणाली हो । विगतमा नेपालमा भएको निर्वाचनलग(ायत भारत, ब्रिटेन गरी विश्वका २११ राष्ट्रहरूमध्ये ६८ राष्ट्रले यो प्रणाली अपनाएका छन् । बहुवादी प्रणाली र पहिलो हुनेले जित्ने प्रणालीबीचमा रहेको भिन्नता भनेको बहुमत प्रणालीमा खसेको मतमध्ये ५० प्रतिशत भन्दा बढी मत पाउनै पर्ने व्यवस्था हुन्छ, तर पहिलो हुने प्रणालीमा प्रतिस्पर्धीहरूमा प्रथमस्थान हासिल गरे पुग्छ ।

बहुमत पद्धति अन्तर्गतको पहिलो हुनेले जित्ने प्रणालीमा सरदर खसेको मत मध्ये बढी मत ल्याउने उम्मेदवार, दल/निर्वाचन इकाइहरू विजयी हुन्छन् । यसमा पूर्ण बहुमत ल्याउनै पर्छ भन्ने छैन । सापेक्ष बहुमत पाउने विजयी हुन्छ । बहुमति प्रणाली धेरैजसो एक सदस्यीय निर्वाचन क्षेत्रमा प्रयोग गरिन्छ । यस पद्धतिमा निर्वाचन क्षेत्रमा सबै भन्दा धेरै मत ल्याउने उम्मेदवार विजेता भएपनि उसले प्राप्त गरेको कूल मतको प्रष्ट बहुमत हुनुपर्छ भन्ने हुँदैन । सबैभन्दा बढी मत पाउने उम्मेदवारले त्यहाँको सिटमा विजेता प्राप्त गर्दछ । विगतमा भएको प्रतिनिधिसभा सदस्यको निर्वाचनमा यही निर्वाचन पद्धति अपनाइएको हो ।

समानुपातिक प्रतिनिधित्व प्रणाली

समानुपातिक प्रतिनिधित्व प्रणाली भनेको जुन पार्टी वा समूहले जति प्रतिशत मत पाउँछन् सोही अनुपातमा प्रतिनिधि पठाउने प्रणाली हो । यस प्रणालीमा व्यक्ति चुनावमा खडा नभइ दललाई नै प्रस्तुत गरिन्छ । र दलले जति प्रतिशत मत पाउँछ सोही अनुपातमा उसले प्रतिनिधि पठाउँछ । यो विश्वको दोस्रो लोकप्रिय प्रणाली मानिन्छ । विश्वका २११ राष्ट्रमध्ये ६६ राष्ट्रले यो समानुपातिक प्रणाली अपनाएका छन् ।

सूचीमा आधारित समानुपातिक प्रतिनिधित्व प्रणालीमा प्रत्येक दल वा समूहले बहुसदस्यीय निर्वाचन क्षेत्रका लागि उम्मेदवारको सूची प्रस्तुत गर्दछन् । मतदाताहरूले दल वा समूहलाई मतदान गर्दछन् र तिनीहरूले प्राप्त गरेका सम्पूर्ण मतहरूको आ-आनो हिस्साअनुसार स्थान प्राप्त गर्दछन् । मूलतः सदर मतको हिस्सा र सोही बराबरको अनुपातमा विधायिकी स्थानमा हुने रूपान्तरण हो । समानुमातिकता, दलहरूको प्राप्त मत साथै सामाजिक सांस्कृतिक सन्दर्भमा समेत हेर्ने गरिन्छ । विविधतापूर्ण समाजमा सबैको प्रतिनिधित्व गराउन यसको प्रयोग गर्ने गरिएको छ ।

संविधानसभा
वकालत/प्रशिक्षण पुस्तिका २०६३
फोरीड र आर.एस.डि.सी.

मिश्रित निर्वाचन प्रणाली

मिश्रित निर्वाचन प्रणाली भनेको हरेक निर्वाचन क्षेत्रमा पहिलो हुनेले जित्ने बढीमतीय वा बहुमतीय निर्वाचन प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणालीका राम्रो पक्षलाई मिश्रित गरेर अपनाइएको छ्यास्मिसे चुनाव प्रणाली हो । यो निर्वाचन प्रणालीमा भिन्नाभिन्नै तरिकाद्धारा हुने दई अलग-अलग निर्वाचन प्रणालीलाई मिसाएर एकसाथ प्रयोगमा ल्याइने भएको हुनाले यसलाई मिश्रित निर्वाचन प्रणाली भनिएको हो ।

यो प्रणालीमा उही मतदाताले एकैदिन एउटै मतदान केन्द्रमा एकसाथ उम्मेद्वारलाई पनि भोट हाल्छ, सँगसँगै मनपरेको पार्टीलाई पनि । एकै मतदाताले एकसाथ हालेको भोटले दुवै निर्वाचन प्रणाली अन्तर्गतका प्रतिनिधि छान्न सहयोग पुऱ्याइरहेको हुन्छ । उही मतदाताले हालेको मतले एकातिर निर्वाचन क्षेत्रमा उठेको उम्मेद्वार पनि जितिरहेको हुन्छ, अर्कोतिर समानुपातिक सूचीअन्तर्गत कुन दलले कति प्रतिशत मत पायो भन्ने पनि छर्लङ्ग भइरहेको हुन्छ । मतदाताले यसमा आनो जनप्रतिनिधि पनि चिन्न र छान्न पाइरहेको हुन्छ । अनि पार्टीले पाएको मत प्रतिशतको अनुपातअनुसार दुरूस्त हुनेगरि निर्वाचन भएको निकायमा प्रतिनिधि पुऱ्याउन पनि पाइरहेको हुन्छ ।

अहिले विश्वका तीसवटा मुलुकमा मिश्रित निर्वाचन प्रणाली अपनाइएको छ । निर्वाचनद्धारा प्रतिनिधि चुनिने विश्वमा कुल एकसय उनान्सय मुलुक छन् । त्यसमध्य १५ प्रतिशत मिश्रित निर्वाचन प्रणाली छ । विश्वमा प्रचलित मिश्रित निर्वाचन प्रणालीका किसिम मुख्यगरी दुइवटा छन् । एउटा, मिश्रित सदस्य समानुपातिक प्रणाली र अर्को समानान्तर प्रणाली ।

श्याम श्रेष्ठ
कस्तो चुनाव प्रणाली चुन्ने ?
मूल्याङ्कन, माघ २०६३

समानान्तर निर्वाचन प्रणाली

समानान्तार प्रणाली भनेको पहिलो हुने निर्वाचित हुने प्रणाली र समानुपातिक प्रतिनिधित्व प्रणाली जस्ता दुई भिन्नभिन्नै निर्वाचन प्रणाली एकसाथ समानान्तर रूपमा प्रयोग हुने तर पहिलोमा कुनै अनुपात नमिले पनि दुई चुनाव प्रणाली एक-आपसमा नजोडिने, एउटाले अर्कोलाई क्षतिपूर्ति पनि नगर्ने चुनाव प्रणाली हो । मिश्रित सदस्य समानुपातिक प्रणालीमा झैं यसमा सिट वितरणका लागि दुई अलग-अलग चुनाव प्रणाली एक-आपसमा अन्तर्निर्भर नभइकन दुई छुट्टाछुट्टै समानान्तर प्रणालीका रूपमा प्रयोग गरिने भएको हुनाले यसलाई समानान्तर प्रणाली भनिएको हो ।

यो प्रणालीमा मतदाताले एकैदिन एकसाथ एउटै मतदान केन्दमा पहिलो हुने निर्वाचित हुने प्रणालीअन्तर्गत एउटा मतपत्र आनो निर्वाचन क्षेत्रको उम्मेदवारलाई हाल्छ, अर्को मतपत्र समानुप(ातिक प्रतिनिधित्व प्रणालीको सूचीअन्तर्गत पार्टीलाई हाल्छ । अघिल्लो चुनाव प्रणालीअन्तर्गत कोही जितोस् वा नजितोस्, यसमा पछिल्लो चुनाव प्रणालीलाई कुनै मतलब हुँदैन । यसमा समानुप(ातिक प्रतिनिधित्व प्रणालीको सूचीबाट पहिलो हुने निर्वाचित हुने प्रणालीमा भएको नमिल्दो अनुपातलाई क्षतिपूर्ति दिइँदैन ।

जुन मुलुकले समानान्तर प्रणाली अपनाउँछ, उसले कति सिट पहिलो हुने निर्वाचित हुने प्रणालीबाट चुनिने र कति सिट समानुपातिक प्रतिनिधित्व प्रणालीबाट चुनिने भनेर पहिले नै छुट्याएको हुन्छ । त्यही छुट्याइएको सिटमुताबिक पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि विभिन्न भौगोलिक क्षेत्रबाट प्रत्यक्ष निर्वाचनका लागि आनो उम्मेदवार खडा गर्छ । साथै समानुप(ातिक प्रतिनिधित्व प्रणालीअन्तर्गत पार्टीलाई मत हाल्ने भएतापनि पार्टीले आनो उम्मेदवारको सूची भने पहिले नै प्रकाशित गरेको हुन्छ । त्यो सूचीमा जुन-जुन कुरामा अनुपात मिलाउनुपर्ने हुन्छ, (जस्तो हाम्रोमा दलित, महिला, मधेसी, जनजातिको अनुपात मिलाउनुपर्ने हुन्छ) त्यो बन्द सूचीका रूपमा माथिबाट तल जिताउनुपर्ने मानिसको प्राथमिकता क्रमअनुसार ठिक्क मिलाएर प्रकाशित गरिन्छ । वा खुला सूचीका रूपमा मतदाताले पार्टी पनि छान्न पाउने र उसले प्रकाशित गरेको उम्मेद्वार पनि रोज्न पाउने गरिन्छ । पार्टीले कति प्रतिशत मत पाउँछ, त्यति नै प्रतिशत उम्मेदवार पहिले नै प्रकाशित सूचीबाट क्रमानुसार निर्वाचित हुनुपर्ने निकायमा जान्छ ।

नेपालले संविधानसभाका लागि अपनाउन लागेको प्रणाली समातान्तर प्रणाली हो । यसमा २०५ सिट विभिन्न २०५ वटा भौगोलिक क्षेत्रबाट बढीमत ल्याउनेले जित्ने आधारमा पहिलो हुने निर्वाचित हुने प्रणालीका लागि छुट्याइएको छ । २०४ सिटचाहिँ सिङ्गो देशलाई मत दिने आधारमा समानुपातिक प्रतिनिधित्व प्रणालीका लागि भाग लगाइएको छ ।

यसको अर्थ हो, आगामी संविधानसभामा एउटै मतदान केन्द्रमा हरेक मतदाताले एकसाथ दुईवटा मतपत्र खसाल्ने छन् । एउटा, आनो निर्वाचन क्षेत्रको मनपरेको कुनै उम्मेदवारलाई, अर्को आफूलाई मनपरेको कुनै एउटा पार्टीलाई ।

श्याम श्रेष्ठ
कस्तो चुनाव प्रणाली चुन्ने ?
मूल्याङ्कन, माघ २०६३

जल्दाबल्दा मुद्दाहरू

लोकतान्त्रिक गणतन्त्रका लागि महिला मञ्च

श्री माननीय विधायक-सांसद ज्यू
व्यवस्थापिका-संसद
सिंहदरवार, काठमाडौँ

विषयः स्मृति पत्र पेश गरिएको बारे

नेपाली जनताको ऐतिहासिक जन-आन्दोलनको अभिमत नयाँ नेपाल निर्माण हो । त्यो नयाँ नेपाल केन्द्रीकृत, एकात्मक राज्यसत्ताको अन्त्य गरी उत्पीडित जाति, वर्ग, लिङ्ग, र क्षेत्रको राज्यमा प्रतिनिधित्व हुने समानुपातिक प्रतिनिधित्वको आधारमा निर्माण हुने संघिय लोकतान्त्रिक गणतन्त्र नै हो । यसका मुख्य आधारहरू - स्वतन्त्र सार्वभौम राष्ट्र, समावेशी संरचना, आर्थिक, सामाजिक एंव सांस्कृतिक न्याय, विकासको प्राथमिकताको छनौट, शिक्षा, स्वास्थ्य र रोजगारीको ग्यारेन्टी, आर्थिक, सामाजिक तथा सांस्कृतिकरूपले पछाडि परेका जनताका लागि विशेषाधिकार जस्ता कुराहरू रहेका छन् । नयाँ नेपाल निर्माण गर्ने सन्दर्भमा पार्टीहरू र सरकारले समेत प्रतिबद्धता जाहेर गरिसकेका छन् । तर कार्यान्वयनमा देखा परेका ढिला सुस्ती र कन्जुस्याई आन्दोलनको सहमती विपरीत भइरहेको छ । त्यसमा हामी माननीय विधायक सांसदज्यूहरूको ध्यान आकर्षित गर्न चाहन्छौ ।

जनआन्दोलनको माग बमोजिम संविधान सभाको निर्वाचनको लागि अन्तरिम संविधान जारी हुनु आवश्यक थियो । ढिलै भएपनि अन्तरिम संविधान जारी भएको छ । त्यसमा कतिपय त्रुटिहरू छन्, त्यो पनि हामी अस्वभाविक ठान्दैनौ । तर त्यसले अनिवार्य सम्बोधन गर्नुपर्ने कुरा गर्न सकेन वा चाहेन, त्यसैका कारण जनआन्दोलनका सहयात्री महिला, विभिन्न जाति, जनजाति, मधेशी, अपाङ्ग, दलित समुदायमा असन्तुष्टि व्यक्त भएको छ । हामीलाई थाहा छ, अन्तरिम संविधान आफैँमा पूर्ण होइन, तर आगामी दिनमा मुलुक कता लाने भन्ने दिशाबोध अवश्य पनि यसले गर्छ र गर्नुपर्छ । धेरै समस्याको सम्वोधनको आधार राज्यमा समानुपातिक प्रतिनिधित्व हो । तसर्थ अन्तरिम व्यवस्थापिका संसदमा अन्तरिम संविधान संशोधन प्रस्ताव प्रस्तुत गर्दा महिलाको जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्वको ग्यारेण्टी गर्ने व्यवस्था गरियोस् भन्ने हाम्रो माग रहेको छ । हामीलाई थाहा छ, यतिबेलाको तरल अवस्थामा प्रतिगामी तत्वहरू र सामाजिक अपराधीहरूले चलखेल गर्ने अवसर खोजी गरेका छन् । ती अपराधिहरूलाई त्यस प्रकारका अवसर नदिन पनि जनताका यी आधारभूत प्रश्नलाई संवोधन गर्न जरूरी छ । तसर्थ लोकतान्त्रिक गणतन्त्रसहितको नयाँ नेपालको निर्माणमा आठ दल र सरकारले दृढ प्रतिवद्धता जाहेर गरोस् भन्ने हाम्रो धारणा सहित माननीय विधायक सांसद समक्ष यो स्मृति पत्र पेश गरेका छौँ ।

अन्तरिम संविधानका संशोधनीय पक्षहरू–

१. अन्तरिम संविधानमा उल्लेख भएको भाग ८ को 'संविधान सभा' को धारा ६३ को 'सविधान सभाको गठन' को उपधारा ३ मा उल्लेखित 'मिश्रित निर्वाचन प्रणाली' को सट्टा 'समानुपातिक निर्वाचन प्रणाली' अवलम्बन गर्नुपर्ने ।

२. समानुपातिक निर्वाचन प्रणाली अनुसार पार्टीहरूले उम्मेदवारी दिदा महिला, जनजाति, दलित, मधेशी र पिछडिएको क्षेत्र र जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुने गरी बन्द सूची प्रणाली अवलम्बन गर्नुपर्ने ।

३. उम्मेदवार सूचीकृत गर्दा एक नम्वरमा महिला, दोस्रोमा पुरूष हुनेगरी क्रमशः राख्दै जाने ।

४. अन्तरिम मन्त्रीपरिषद्ले मनोनित गर्ने राष्ट्रिय जीवनको महत्वपूर्ण व्यक्तिहरू मध्येबाट आधा महिला हुनुपर्ने ।

५. 'अन्तरिम संविधान' भाग-२ को 'नागरिकता सम्बन्धी' धारा-८ को उपधारा ५ मा उल्लेखित 'सम्बत् २०४६.....' मा "व्यक्तिले" भन्ने शव्दको सट्टा "नेपाली नागरिकले" भन्ने शव्द राखिनु पर्छ ।

६. अन्तरिम संविधानको भाग-२३ को "विविध" सम्बन्धी धारा १५५ को संवैधानिक निकायमा पदाधिकारीहरूको सुनुवाई र नागरिकता सम्बन्धी व्यवस्था को उपधारा-२ मा उल्लेखित 'अङ्गीकृत नागरिकता प्राप्त गरी कम्तिमा १० वर्ष नेपालमा बसेको व्यक्तिमात्र संवैधानिक पदहरूमा नियुक्तिका लागि योग्य मानिनेछ' भन्ने वाक्याशं पूर्ण रूपमा हटाउनु पर्छ ।

७. अन्तरिम संविधानको भाग ३ "मौलिक हक अन्तर्गतको" धारा १३ 'समानताको हकमा' उपधारा ४ मा "समान कामका लागि ..... भेद्भाव गरिने छैन" मा यदि व्यवहारमा भेदभाव गरेमा कानुनद्वारा दण्डनीय हुनेछ भन्ने कुरा उल्लेख गर्नु पर्नेछ ।

८. अन्तरिम संविधानको भाग ३ "मौलिक हक अन्तर्गत" को धारा २० को 'महिलाको हक' सम्बन्धमा चारैवटा उपधाराको उल्लङ्घन गर्ने माथि कानुनतः दण्डनीय हुनेछ भन्ने कुरा उल्लेख गर्नु पर्नेछ ।

संविधानसभा र मुस्लिम महिलाहरूको समस्या र समाधानका उपायहरू

फतिमा फाउण्डेसन, नेपाल
महिला तथा बालबालिका, नेपालगंज, बांके

पृष्ठमूमि

नेपालमा विभिन्न जातजाति र भाषाभाषीको बसोबास रहेको छ । त्यस मध्य मुस्लिम समुद(ायको लामो इतिहास छ । वर्षौंदेखि विभिन्न क्षेत्रमा मुस्लिम समुदायको राष्ट्रप्रति सहयोग र साथको पनि प्रमाण रहेको देखिन्छ । प्रजातन्त्रको लागि आन्दोलन र क्रान्तिमा पनि मुस्लिम समुदायको सहभागिता रहेको छ । यस्तो सहभागिताले राष्ट्रप्रति उत्तरदायी भएको अर्थात् एउटा राष्ट्रियता देखाउने प्रमाणको रूपमा पनि लिन सकिन्छ । हालै देशमा सम्पन्न लोकतन्त्र प्राप्तिको लागि गरिएको जनआन्दोलनमा पनि मुस्लिम समुदाय र मुस्लिम महिलाहरूको सहभागिता व्यापक रहेको थियो । सहयोग र सहभागिता गर्दा पनि मुस्लिम समुदायलाई पछाडि पार्ने काम हुँदै आइरहेको छ । २०४७ को संविधानले मुस्लिम समुदायको अधिकारलाई विशेष रूपले समेट्न सकेको छैन ।

देशको बदलिदो परिस्थितिमा देशमा शान्ति र सुशासनको प्रत्येक नागरिकले आशा गरेको छ । त्यसैमध्ये मुस्लिम समुदायले पनि आनो अस्तित्वको पहिचान र अधिकार पाउनका लागि आनो क्षेत्रबाट प्रयासरत रहेको छ । हामी मुस्लिम महिलाहरूको प्रतिनिधित्व गर्ने उद्देश्यले नेपालगञ्जबाट पहिलो पटक सामूहिक र संगठनात्मक रूपले भाग लिन उपस्थित भएका छौं । त्यसका लागि आयोजकहरूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छौं ।

१४ वर्षको आनो राजनीतिक, सामाजिक र मानव अधिकारको क्षेत्रमा काम गर्दै आइरहेको अनुभवले हामी महिलाहरू कमजोर रूपमा रहेको पाउछौं, शहर बजारमा अथवा राजधानीमा बसोबास गर्ने महिलाहरूको अवस्था धेरै सुधार भएको छ तर गाउँघरको अवस्था धेरै दयनीय छ । त्यस मध्ये मुस्लिम महिलाहरूको सवाललाई कसैले पनि बुझ्ने प्रयास गरेको पाइदैंन । यसलाई यस्तो भन्न सकिन्छ कि जब मुस्लिम समुदाय कै अधिकारलाई ध्यान दिएको छैन भने मुस्लिम महिलाको प्रश्न उठ्ने त सवाल नै छैन । त्यसकारण आनो मुद्दा र अधिकारको आवाज उठाउनको लागि स्वयं आफै उठ्नुपर्छ भन्ने मान्यतामा विश्वास गर्दै २०६१ बाट फतिमा फाउण्डेशन नेपाल (महिला तथा बालबालिका) स्थापना गरेका छौं ।

मुस्लिम महिलाहरूलाई पनि अरू महिलाहरूको सरह विकासमा सहभागी गराउने उद्देश्यले समाज सुधारमा अग्रसर गराउन र पहुँच बढाउने उद्देश्य लिई प्रयासरत छौं । संस्थाको स्थापना कालदेखि नै धेरै बुद्धिजीवी संघ संस्थाहरूले हामीलाई हौसला प्रदान गरेका छन् । केही NGO र INGO ले पनि हामी माथि विश्वास गरी आर्थिक सहयोग गरी मुस्लिम महिलाहरूमा जनचेतना र सीपमूलक काम गर्ने अवसर प्रदान गरेको छ । जसमध्ये टेवा काठमाडौं, नेपाल परिवार नियोजन संघ बांके, Aciton Aid र The Asia Foundation को नाम लिन चाहन्छौं ।

समाजमा जब महिलाहरू कुनै सामाजिक क्षेत्र अथवा राजनीतिक क्षेत्रमा काम गर्न खोज्छन् भने धेरै चुनौतीको सामना गर्नुपर्छ ।

चुनौती कै कुरा गर्दा हामी मुस्लिम महिलाहरूको तर्फबाट भन्नु पर्दा धेरै नै चुनौतीपूर्ण काम गर्न हामी जमर्को गरेका छौँ ।

मुस्लिम महिलाहरूको समस्याहरू

हाम्रो मुस्लिम समुदायमा सामाजिक क्षेत्रमा निम्न समस्याहरू रहेका छन् ।

- सामाजिक रूढिवादी
- अशिक्षा
- वर्षौंदेखि चलि आएको सामाजिक मूल्य र मान्यता
- इस्लामिक कानुनको सही ज्ञान महिला र पुरूष दुवैमा नभएको
- दाइजो प्रथा
- बालविवाह
- घटनादर्ता (जन्मदर्ता, विवाहदर्ता)
- जग्गा विहीन भएको
- अवसर नपाएको (जागिर, शिक्षा र छात्रवृत्ति)

कारणहरू

- राष्ट्रले विकासको मूलधारमा ल्याउने कुनै पनि प्रयास गरेको छैन ।
- राजनीतिक पार्टीहरूले मुस्लिम समुदायहरूलाई भोटबैंकका लागि मात्र प्रयोग गरे र मुस्लिम समुदायको अधिकारलाई घोषणापत्रमा मात्र सीमित राखिएको छ ।
- मुस्लिम समुदायकै अगुवाहरू, धार्मिक गुरूहरूले इस्लामको सही ज्ञान महिलाहरूसम्म पुऱ्याएका छैनन् ।
- सामाजिक संरचना यथावत नै रहेको छ ।
- मुस्लिम समुदायको कुनै पनि महिलाहरूमा राजनीतिक, सामाजिक र आर्थिक निकायमा पहुँच नभएको
- सामाजिक विभेदपूर्ण संरचना
- राज्यको संरचनामा समावेशी नभएको

समुदायमा परेका असरहरू

- गरिबी
- घरेलु हिंसा
- नागरिकता नभएको
- जग्गाविहिन
- विवाह दर्ता र जन्मदर्ताबाट बंचित भएको
- बेरोजगारी
- शिक्षा, जागिरमा कुनै सहभागिता नभएको ।

अब बन्ने संविधानसभामा समावेश हुनुपर्ने कुराहरू

- संविधानसभामा मुस्लिम महिलाहरूको सहभागिता ।
- धार्मिक शिक्षाको लागि मदरसा वोर्ड गठन गर्ने ।
- मुस्लिम महिलाहरूको लागि कन्या क्याम्पस हुनुपर्ने ।
- धार्मिक अल्पसंख्यक आयोग गठन गर्नुपर्ने ।
- प्रथमिक तहदेखि नै नेपाली पाठ्यक्रममा इच्छाधीन उर्दू भाषालाई समावेश गर्ने ।
- दाइजो, बालविवाह, जन्मदर्ता र विवाहदर्ता सम्बन्धी अभियान संचालन गर्ने ।
- घरेलु हिंसा निर्मूल गर्नका लागि विशेष कानुन र पारिवारिक अदालतको व्यवस्था हुनुपर्ने ।
- जग्गा विहिन महिलाहरूलाई जग्गाको व्यवस्था र कृषिमा विशेष सुविधा प्रदान गर्ने ।
- नागरिकताको समस्या समाधान गर्ने ।
- मुस्लिमहरूको महान चाड ईद, बकराईद र मोहम्मद डे लाई राष्ट्रिय विदामा समावेश गर्ने ।

प्रश्तुतकर्ता

मोहम्मदी सिद्दिकी	अध्यक्ष
मैमुना सिद्दिकी	उपाध्यक्ष
शबनम परवीन	महासचिव
मोबीना अन्सारी	सचिव

दलित महिला संघको दोस्रो राष्ट्रिय महाधिवेशनको शुभअवसरमा संविधानसभा, राज्यको पुनर्संरचनाः दलित महिलाको सवाल राष्ट्रिय कार्यशाला गोष्ठी २०६३ पौष ३ र ४ गते बाट पारित

चितवन घोषणा-पत्र

प्रस्तावना

देशको बदलिदो सामाजिक तथा राजनीतिक परिस्थितिले राज्यको पुनर्संरचनाको कुरा उठिरहेको अवस्थामा दलित महिला संघले दलित महिलाहरूलाई राज्यसत्ता, नीतिनिर्माण तथा विकास प्रक्रियामा प्रतिनिधित्वको सुनिश्चितताको लागि संविधानसभा, राज्यको पुनर्संचनामा दलित महिलाको सवाल विषयक राष्ट्रिय परामर्श गोष्ठीमा भाग लिएका देशका ४० वटा जिल्लामा दलित महिलाहरूको सहभागितामा दलित महिलाहरूको मुद्दामा व्यापक छलफल गरी यस घोषणा पत्र जारी गरिएको छ ।

दलित महिलाको स्थिति

नेपालको कुल जनसंख्याको १३ प्रतिशत दलितको जनसंख्या रहेको छ, जसमध्ये आधा जनसंख्या दलित महिलाहरूको छ त्यसैगरी कूल महिला जनसंख्याको करिब २० प्रतिशत दलित महिला छन् । यति धेरै जनसंख्या ओगटेका दलित महिलाहरू सदियौँदेखि समाजिक रूपमा अपहेलित, आर्थिक रूपमा पहुँचविहिन, शिक्षाबाट बन्चित, राजनीतिक रूपमा शून्य प्रतिनिधित्व, राज्यको कुनै पनि तहमा पहुँच तथा प्रतिनिधित्व नभएका र सेवा सुविधाबाट बन्चित भएका छन् । यसरी लैङ्गिक, जातीय र वर्गीय शोषणमा पारिएका दलित महिलाहरूलाई राज्यले उनीहरूको उत्थानको लागि क्षतिपूर्ति सहित विशेष आरक्षणको व्यवस्था गनुपर्दछ ।

यतिखेर मुलुक नयाँ नेपाल बनाउने प्रक्रियामा लागिपरेको छ । संविधानसभा मार्फत राज्यको पूनर्संरचना र नयाँ नेपालको परिकल्पना गरिदैं छ । संविधानसभाबाट नै देशको मूलकानुन राज्यसञ्चालन गर्ने संविधानको निर्माण हुने भएकोले सबै जाति धर्म लिङ्ग र वर्गको संविधानसभामा समानुपातिक प्रतिनिधित्व कसरी बनाउने भन्ने प्रमुख मुद्दा भएको छ । संविधानसभामा दलित महिलाको प्रतिनिधि उपस्थित नभएर आनो समस्या राख्न पाइदैन भने भोलि बन्ने संविधानमा दलित महिलाको कस्तो किसिमको नियम, व्यवस्था हुनुपर्छ कसले भन्ने ? त्यसकारण जनसंख्याको अनुपातमा संविधानसभामा समान सहभागिता गराउनु अत्यन्तै आवश्यक छ । त्यस्तो संविधानसभाबाट बनेको राज्य सञ्चालन गर्ने समावेशी संविधानलाई आनोपनको महसुश र गौरव गर्ने छन् । अब कुनै पनि जाति, वर्ग, व्यक्ति, लिङ्ग मात्र राज्यसत्ताको मालिक हुन पाउदैनन् । सम्पूर्ण जनता मालिक हुन पाउनु पर्दछ । समावेशी संविधानबाट मात्रै दलित तथा दलित महिला मुक्ति सुनिश्चित हुन्छ भन्ने कुरामा हामी विश्वास गर्दछौँ र समयको माग पनि यही हो ।

सामन्ती सोच, पितृसत्तात्मक परम्पराबाट पीडित हाम्रो नेताहरूमा अझै पनि दलित महिलाको सवाल र प्रतिनिधित्व प्रति सजग हुन नसकेको यो ८ महिनाका तमाम

कामकार्यवाहीबाट जगजाहेर हुन आउँछ । राजनीतिक पार्टीका नेताहरूको यथास्थितिवादी चिन्तनमा आमूल परवर्तन र संरचनागत परिवर्तनका लागि राज्यका हरेक संरचनामा दलित महिलाको सम्मानजनक प्रतिनिधित्व हुनपर्छ भनी यही घोषण पत्रमार्फत हामी आठ राजनीतिक दल तथा सरकारको ध्यानाकर्षण गर्दछौँ ।

१. दलित महिलालाई दलित पुरूष र अन्य समुदायका मानिस समान पुऱ्याउनको लागि दलितभित्र दलित महिलाको लागि र महिलाभित्र पनि दलित महिलाको जनसंख्याको आधारमा छुट्टै आरक्षणको व्यवस्था गरिनुपर्दछ ।

२. महिलाका लागि व्यवस्था गरिएको ३३ प्रतिशत आरक्षणभित्र दलित महिलाको २० प्रतिशत सिट सुरक्षित सुनिश्चित हुनुपर्दछ ।

३. दलितहरूको आर्थिक, सामाजिक, राजनीतिक हैसियत बनाउनको लागि नयाँ बन्ने संविधानमा दलित र दलित महिलाको लागि राज्यको सम्पूर्ण तह र तप्कामा आरक्षणको व्यवस्था हुनुपर्छ ।

४. दलितहरूको भूमिमा स्वामित्वको लागि समान भूमि वितरणको व्यवस्था गर्नुपर्ने ।

५. राज्यसत्ताको सम्पूर्ण अङ्गहरूमा दलित महिलाको समानुपातिक सहभागिताको सुनिश्चितताको व्यवस्था गर्नुपर्ने ।

६. संविधानसभाको निर्वाचन र शान्ति प्रक्रियामा दलित तथा दलित महिलाको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितताको व्यवस्था गर्नुपर्ने ।

७. सबै जाति तथा वर्गका महिलाहरूको समानुपातिक प्रतिनिधित्वको सुनिश्चितता हुनेगरी निर्वाचन प्रणालीको व्यवस्था गर्नुपर्ने ।

८. दलित महिललालाई उच्च शिक्षा र प्राविधिक शिक्षामा निःशुल्क गरिनुका साथै अनिवार्य छात्रवृत्तिको व्यवस्था गरिनुपर्ने ।

९. पुनर्स्थापित प्रतिनिधिसभाले घोषण गरेका छुवाछूत मुक्त राष्ट्रको घोषणालाई सही रूपमा स्थापित गराउन ठोस नीति निर्माण गरी व्यवहारमा त्यससम्बन्धी कार्यक्रम कार्यान्वयन गर्नुपर्ने ।

१०. शताब्दियौंदेखि दलित महिलाले भोग्दै आएका छुवाछूत, छाउपडी प्रथा, दाइजो प्रथा, धन खाने प्रथा, बालिघरे प्रथा, बादी महिलाहरूमाथि गरिने शोषण, अन्तरजातीय विवाह गर्ने जोडीका लागि सुरक्षाको व्यवस्था आदि लगायत परम्परावादी कुसंस्कार र कुरीतिलाई अन्त्य गर्दै पीडित अपाङ्ग तथा दलित महिलालाई संरक्षण र सम्बर्दन गरी अमर्यादित जीवनलाई मर्यादित बनाई समाजमा स्थापित गर्नुपर्दछ ।

११. जातीय, लिङ्गीय र सबै प्रकारका विभेदहरूको उन्मूलन गर्ने महासन्धीहरूको राष्ट्रिय कानुन कडा रूपमा पालना हुनुपर्छ । त्यसका लागि एक कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन प्रणाली तथा आयोगको व्यवस्था गनुपर्छ ।

१२. द्वन्द्व, जातीय विभेद, पेशा, अन्तरजातीय विवाहका पीडित आन्तरिक विस्थापितहरूको उचित व्यवस्था हुनुपर्दछ ।

नेपाल सद्भावना पार्टी (आ)

केन्द्रीय कार्यालय

दिनाक्त : २०५३ पुष ३०

माननीय सांसद श्री नारायणप्रसाद साउदज्यू

सप्रेम नमस्कार

ऐतिहासिक जनआन्दोलन-२ को मर्म र भावना अनुसार नेपाली जनता संविधानसभाको माध्यमले पूर्ण लोकतान्त्रिक नयाँ नेपालको निर्माण गर्ने अवस्थामा रहेको यथार्थतामा सदियौँदेखि शोषित पीडित उपेक्षित तथा भेदभावको शिकार मधेशी जनताको राजनीतिक अधिकार लोकतान्त्रिक मूल्य र मान्यतामा नै प्राप्ति तथा सुरक्षित हुन सक्छ। समान जनसंख्याको आधारमा निर्वाचन क्षेत्र तथा भौगोलिक एवं सांस्कृतिक एकरूपताको आधारमा संघीय शासन विविधतालाई एकताबद्ध गर्ने लोकतान्त्रिक मुख्य आधार हो । राज्यको पुनर्संरचना र समानुपातिक प्रतिनिधित्व यस जनआन्दोलनको जनादेश रहेको छ, संविधानसभा जसको साधन हो र यसको सार्थकता निर्भर गर्दछः सार्थक निर्वाचन प्रणालीमा । यसै सन्दर्भमा संसदद्वारा पारित गराउन लागिएको अन्तरिम संविधान २०६३ मा २०५ पुरानै निर्वाचन क्षेत्रलाई यथावत राखिएको छ, जो अबैज्ञानिक मात्रै होइन कि विभेदकारी र अलोकतान्त्रिक पनि हो । जसबाट मधेश समानुपातिक प्रतिनिधित्वको अधिकारबाट बंचित हुन्छ नै ।

अतः मधेश र मधेशीको लोकतान्त्रिक राजनीतिक अधिकारको विरूद्धमा भइरहेको षडयन्त्रलाई विफल गर्न नेपालको अन्तरिम संविधान २०६३ मा निम्न अनुसारको संशोधन गराउन यहाँलाई विनम्रतापूर्वक आग्रह गर्दछु ।

नेपालको अन्तिरिम संविधान २०६३ मा निम्न अनुसारको संशोधन गरिनुपर्दछ ।

१. धारा ६३ को उपधारा (३) को देहाय क. मा समान जनसंख्या र भौगोलिक-सांस्कृतिक एकरूपताको आधारमा विद्यमान २०५ निर्वाचन क्षेत्रको पुनः निर्धारण गरिनुपर्दछ ।

२. धारा १३८ को उपधारा (ख) मा राज्यको पुनर्संरचना संघात्मक हुनुपर्दछ ।

३. धारा १९ को उपधारा (३) को सम्बन्धमा राज्यको पुनर्संरचना पश्चात संघात्मक राज्य व्यवस्थामा "भूमि" संघीय जननिर्वाचित संविधानसभाद्वारा निर्माण गरिने संविधानको विषयबस्तु भएकोले अन्तरिम संविधानमा राखिनु संघीय राज्य संरचनाको अधिकार क्षेत्रमाथि अतिक्रमण हो ।

धन्यवाद

.....

(राजेन्द्र महतो)

महासचिव तथा संसदीय दलको नेता

राष्ट्रिय दलित नेटवर्क, नेपाल

मिति : २०६३/११/६
सम्माननीय प्रधानमन्त्रीज्यू,
प्रधानमन्त्रीको कार्यालय, सिंहदरबार, काठमाडौँ, नेपाल
मार्फत
जिल्ला प्रशासन कार्यालय, कैलाली

विषयः ज्ञापन-पत्र

महोदय,

नेपालको विभेदकारी राज्य संरचनामा आधारित जातपात र छुवाछूत कुप्रथाको चरम उत्पीडन तथा अपमानका शिकार भइरहेका ५० लाखभन्दा बढी दलित समुदायको हरेक क्षेत्रमा गम्भीर मानव अधिकार हनन् भइरहेको सत्यतथ्यप्रति हाम्रो संगठनले पटकपटक राज्यसँग आग्रह गर्दै आएको पुनः स्मरण गराउन चाहन्छौँ ।

ऐतिहासिक जनआन्दोलन ०६२/०६३ को निर्देशनबाट पुनर्स्थापित संसदद्वारा छुवाछूत मुक्त राष्ट्र र धर्मनिरपेक्ष राष्ट्रको घोषणा हुँदा समेत प्रभावकारी कार्यान्वयनको अभावमा जातीय छुवाछूत र विभेदका दुर्व्यवहारपूर्ण घटनाहरू घट्ने क्रम थप तिब्र हुनु लज्जाजनक सवाल हो । यसको मूल कारण दलितहरूको राजनीतिक, आर्थिक र सामाजिक सहभागिताको शुन्यता नै हो भन्ने ठहरकासाथ २०६३ मंसिर २३ र २४ गते काठमाडौँमा "पूर्ण स्वतन्त्रता र लोकतान्त्रिक गणतन्त्रका पक्षमा दलित आन्दोलन । संवैधानिक आरक्षण र राज्यको पुनर्संरचनाका लागि नयाँ संविधान ।" भन्ने मूल नाराका साथ "दलितहरूको संसद" को आयोजना गरी संबैधानिक आरक्षणको व्यवस्था गर्न सम्मानीय सभामुख मार्फत सरकारलाई संविधानको ड्राप्ट पेश गरेका थियौँ तर अन्तरिम संविधानमा दलितहरूका लागि आरक्षणको कुनै व्यवस्था गरिएन जसले सिंगो दलित समुदायलाई निराश तुल्याएको छ ।

अन्तरिम संविधानमा भएका जस्तै कमजोरीका कारण हालै मधेशमा भएको आन्दोलनलाई संवोधन हुने गरी सम्माननीय प्रधानमन्त्रीज्यूको सम्बोधनपश्चात गठित वार्ताटोलीले दलित, महिला, जनजाति, आदीवासी, मधेशी समस्या समाधान गर्न सुझाव पेश गरी आन्तरिम संविधानमा संशोधन समेत गर्ने प्रतिवद्धता जाहेर भएकोले सो कदमको स्वागत गर्दै १० सूत्रीय मागसहित यो ज्ञापन पत्र पेश गरेका छौँ । आगामी २०६३ फागुन २० गतेभित्र प्रस्तुत माग पूरा नभए चरणबद्ध आन्दोलनमा उत्रने कुराको जानकारी यसै ज्ञापन पत्र मार्फत गर्न चाहन्छौँ ।

हाम्रा मागहरू

१. अन्तरिम संविधान संशोधन गरी जातीय छुवाछूत र विभेदको क्षतिपूर्ति वापत विशेष अधिकारको रूपमा संवैधानिक आरक्षणको व्यवस्था गरियोस् ।

२. दलितहरूको राजनीतिक, आर्थिक, सामाजिक, शैक्षित स्थिति र जनसंख्याको अवस्था यकीन गरी रोडम्याप तयार गर्न "विशेष दलित जनगणना आयोग"को गठन गरियोस् ।

३. आगामी संविधानसभाको निर्वाचनमा प्रस्तावित वहुमतीय निर्वाचनका २०५ सीटमा दलित बाहुल्य भएका कम्तीमा १० सीटमा सबै पार्टीबाट दलित उम्मेदवार मात्र बनाउन आरक्षित गरियोस् । साथै समानुपातिक निर्वाचनको २०४ सीटबाट दलित जनसंख्याका आधारमा हुन आउने सीटमा देशभरीमा दलितले मात्र चुन्ने र चुनिने व्यवस्था गरियोस् र बाँकी मनोनित हुने १६ सीटलाई ४१ बनाई कम्तीमा १० जना दलितहरू मनोनित गर्ने व्यवस्था गरियोस् ।

४. मुलुक संघीय राज्यको ढाँचामा जाने करीब निश्चित भएकोले दलितहरूको बाहुल्यता भएको विशेष क्षेत्र नभएको हुँदा देश भरिका दलितहरूको लागि आवश्यक नीति निर्माण गर्न सरकारी मान्यता प्राप्त शिक्षक यूनियन प्रकृतिको राष्ट्रिय दलित यूनियनको गठन गरियोस् ।

५. राष्ट्रिय दलित आयोग, राष्ट्रिय आदिवासी/जनजाति आयोग, राष्ट्रिय महिला आयोग, राष्ट्रिय मधेशी आयोग र राष्ट्रिय अपाङ्ग आयोगका अध्यक्षहरूलाई पदेन सदस्य रहने गरी राष्ट्रिय मानव अधिकार आयोगको पुनसंरचना गर्न संवैधानिक व्यवस्था गरियोस् ।

६. संविधानसभाको निर्वाचन पूर्व ६० हजारभन्दा बढीको संख्यामा रहेका अर्द्धदासको जीवन व्यथित गर्न वाध्य हलियाहरूको मुक्तिको घोषणा गरी ऋण खारेजी, बस्दै आएको जमीनको लालपूर्जा, जोत्दै आएको जमीनमा मोहियानी हक कायम गरी एक हलिया परिवार एक रोजगारको व्यवस्था हुने गरी पुनर्स्थापना गरियोस् ।

७. छुवाछूत मुक्त राष्ट्र नेपालको घोषणालाई व्यवहारमा लागू गर्न तत्काल "छुवाछूत अपराध निषेध ऐन" पारित गरियोस् । साथै सरकारी संचार माध्ययमबाट छुवाछूत विरोधी सचेतनामूलक कार्यक्रम संचालन गरियोस् ।

८. २०६३ कार्तिक २२ गते सम्पन्न ऐतिहासिक राजनीतिक सम्झौता मुताविक स्थानीय निकायको पुनर्गठनमा दलितहरूलाई २० प्रतिशत आरक्षण हुनेगरी अग्राधिकार प्रदान गरियोस् ।

९. मधेशी, नेवारी, कर्णाली, दलित, वादी र अति गरीब दलित समुदायलाई क्षतिपूर्ति स्वरूप हरेक क्षेत्रका सुविधामा कम्तीमा २० प्रतिशत छुट हुने गरी दलित अधिकार कार्डको व्यवस्था

गरियोस् ।

१०. आगामी ११ औं पंचवर्षीय योजनामा दलितहरूको लागि विशेष कार्यक्रम र विशेष बजेटको व्यवस्था गरियोस् ।

बोधार्थ

१. सम्माननीय सभामुखज्यू : अन्तरिम व्यवस्थापिका संसद, काठमाडौँ

२. श्रीमान् सभापतिज्यू : नेपाली कांग्रेस केन्द्रीय कार्यालय, काठमाडौँ

३. श्रीमान् महासचिवज्यू : नेकपा (एमाले) केन्द्रीय कार्यालय, काठमाडौँ

४. श्रीमान् अध्यक्षज्यू : नेकपा (माओवादी) केन्द्रीय कार्यालय, काठमाडौँ

५. श्रीमान् सभापतिज्यू : नेपाली कांग्रेस (प्र.) केन्द्रीय कार्यालय, काठमाडौँ

६. श्रीमान् अध्यक्षज्यू : जनमोर्चा नेपाल, केन्द्रीय कार्यालय, काठमाडौँ

७. श्रीमान् अध्यक्षज्यू : नेपाल मजदर किसान पार्टी, केन्द्रीय कार्यालय, काठमाडौँ

८. श्रीमान् अध्यक्षज्यू : संयुक्त बाममोर्चा नेपाल, केन्द्रीय कार्यालय, काठमाडौँ

९. श्रीमान् अध्यक्षज्यू : नेपाल सद्भावना पार्टी (आनन्ददेवी), केन्द्रीय कार्यालय, काठमाडौँ

प्रेम बि के
(अध्यक्ष)
राष्ट्रिय दलित नेटवर्क, नेपाल
जिल्ला शाखा, कैलाली

गणेश बि के
(अध्यक्ष्य)
राष्ट्रिय दलित नेटवर्क, नेपाल
केन्द्रीय कार्यालय, धनगढी, कैलाली

विश्व आदिवासी दिवस २००६ आदिवासी जनजाति काठमाडौँ घोषणापत्र–२००६

९ अगष्ट २००६ काठमाडौँ

नेपालमा संविधानसभाको माग सन् १९५१ सालदेखि उठे पनि त्यसको निर्वाचन हुन नसकिरहेको पृष्ठभूमिमा, सार्वभौमसत्ता सम्पन्न नेपाली जनताको ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलन २००६ ले संविधानसभाको मागलाई पुनः जोडदाररूपमा अगाडि ल्याएकोले,

सात राजनीतिक दल, सशस्त्र संघर्ष गरिरहेका नेकपा (माओवादी), आदिवासी जनजाति तथा विभिन्न पेशा वर्गका संघसंस्था, नागरिक समाज सबैले संविधानसभाको अनिवार्य आवश्यकतालाई आत्मासात गरेकाले, ऐतिहासिक लोकतान्त्रिक जनआन्दोलनले निरंकुश राजतन्त्रको अन्त्य गरी प्रारम्भिक सफलता पाएको र मुलुक संविधानसभाको निर्वाचन, त्यसद्वारा नयाँ संविधानको निर्माण र त्यो संविधानले राज्यको पुनःसंरचनाको मुलभूत सिद्धान्त र मान्यता तथा खाका कोर्ने विषयम अग्रसर विशिष्ट अवस्था सिर्जना भएकोले,

तर, राजतन्त्र समूलरूपले नष्ट भई नसकेको र पुनः उत्थानका प्रयत्नहरूका विरूद्ध नेपाली जनताले संघर्ष गदै गरेको हुँदा जनताको चाहना र आन्दोलनको जनादेश संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरी त्यसलाई संस्थागतरूप दिन नयाँ सविधान अपरिहार्य भएकोले,

विगत ११ वर्षदेखि शसस्त्र विद्रोहमा लागेका नेकपा (माओवादी) र सात दलबीच भएको बाह्र बुँदे समझदारी र आठ बुँदे सहमतिका आधारमा हतियार व्यवस्थापन गरी शान्तिपूर्ण ढंगले नेपाली समाजको सामाजिक, आर्थिक र सांस्कृतिक रूपान्तरणमा अघि बढ्ने राजनीतिक सैद्धान्तिक प्रतिवद्धता जनाएको सन्द्धर्भमा शसस्त्रद्वन्द्वको अन्त्य र दिगो शान्तिको स्थापना गर्न आवश्यक भएकोले,

२३८ वर्षदेखिको सामन्ति केन्द्रिकृत एकात्मक हिन्दू राजतन्त्रात्मक राज्यसत्तासँग नेपाली जनता र अझ खासगरी हिजो आनो राज्यसत्ताबाट विस्थापित गरिएका र जातीय, धार्मिक, भाषिक, सांस्कृतिक र मनोवैज्ञानिक रूपमासमेत अपमानित, शोषित, दमित र उत्पीडित बनाइएका आदिवासी जनजाति समुदायले संगठित र असंगठितरूपमा लामो समयदेखि गर्दै आएको संघर्षले यतिबेला आंशिक सफलता प्राप्त गरेकाले,

समावेशी र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना गरी राज्यको पुनःसंरचनाका लागि नयाँ संविधानको निर्माण संविधानसभाद्वारा गर्न आवश्यकता भएकोले,

संविधानसभा सार्वभौमसत्ता सम्पन्न जनताद्वारा नयाँ संविधान निर्माण गर्ने सबैभन्दा लोकप्रिय र लोकतान्त्रिक प्रक्रिया र माध्यम मात्र होइन, मुलुकको मूल कानुन निर्माण गर्ने जनताको नैसर्गिक अधिकार सुनिश्चित गर्ने माध्यम पनि भएको हुँदा जनसंख्याको हिसाबले अग्रस्थान ओगटेको हामी आदिवासी जनजातिहरूले राष्ट्रको नीति निर्माण, निर्णय अधिकार र कार्यान्वयनका सबै तह र प्रक्रियाहरूमा समानुपातिक प्रतिनिधित्वको दावी गर्दै आएको हुँदा संविधानसभाको सबै

प्रक्रियाहरूमा समावेशी, सहभागितात्मक र समानुपातिक प्रतिनिधित्वको सवाललाई समुचितरूपमा समायोजन र सम्बोधन गर्नु पर्ने आवश्यकता भएकोले,

विश्व आदिवासी दिवस-२००६ को उपलक्ष्यमा नेपाल आदिवासी जनजाति महासंघ र सात दलसँग सम्बद्ध आदिवासी जनजाति संयुक्त संघर्ष समितिद्वारा काठमाडौँमा आयोजित देशका विभिन्न भागबाट आएका ७०० भन्दा बढी आदिवासी जनजाति प्रतिनिधिहरू सहभागी भएको 'संविधानसभाको निर्वाचन र राज्यको पुनःसंरचना' मूल विषय रहेको दुई दिने यो राष्ट्रिय राजनीतिक सम्मेलन निम्न दावीहरूसहितको 'आदिवासी जनजाति काठमाडौँ घोषणापत्र-२००६' जारी गर्दछ ।

१. निरंकुश राजतन्त्रको विरूद्ध संघर्षरत सात राजनीतिक दलहरू, नेकपा (माओवादी), आदिवासी जनजाति, दलित, तराई समुदाय, महिला, अल्पसंख्यक तथा मजदुर, किसान र अन्य नागरिक समाजको विभिन्न तह र तप्काका प्रतिनिधिहरूसमेतको बहुपक्षीय राजनीतिक सम्मेलन अविलम्ब हुनुपर्दछ ।

२. बहुपक्षीय राजनीतिक सम्मेलनले अन्तरिम शासन विधान निमार्ण, अन्तरिम सरकारको गठन र सात दल, माओवादी, आदिवासी जनजाति, महिला, दलित, तराई समुदायसमेतको प्रतिनिधित्व हुने गरी अन्तरिम संसदको व्यवस्था गरी विद्यमान संसद विगठन गर्नुपर्दछ ।

३. राज्य र माओवादी सेना र हतियार व्यवस्थापन गरी भय त्रास मुक्त वातावरणमा संविधानसभामा जाने वातावरण सिर्जना गर्नुपर्दछ ।

४. समानुपातिक निर्वाचन प्रणालीका आधारमा प्रत्यक्ष निर्वाचनद्वारा संविधानसभाको गठन निम्न अनुसार गठन हुनुपर्दछ ।

   क. दलीय प्रतिनिधित्व ख. समुदायगत प्रतिनिधित्व

५. महिलाहरूको प्रतिनिधित्व राज्यको सबै तहमा ५० प्रतिशत हुनपर्दछ ।

६. समानुपातिक निर्वाचन प्रणालीको बन्द र तेर्सो बहुल सूची प्रणालीका साथै प्राप्त मत सीमा ०.५ प्रतिशतसम्मको पद्धतिलाई अवलम्बन गर्नुपर्दछ ।

७. नेपालको विशिष्टतालाई ध्यानमा राख्दा प्रत्यक्ष निर्वाचनद्वारा संविधानसभाको गठन गर्ने प्रक्रियाको अवलम्बन र समानुपातिक निर्वाचन प्रणालीलाई अपनाउँदा सिंगो देशलाई नै एउटै निर्वाचन क्षेत्र बनाउनुपर्छ ।

८. जनसंख्याको आधारमा १ लाख बराबरको १ सिट र समुदायगतरूपमा प्रत्येक समुदायको न्यूनतम् १ जना प्रतिनिधित्वको व्यवस्था हुनुपर्दछ ।

९. मतदाताको उमेर १६ वर्ष र उमेदवारको उमेर २१ वर्ष हुनुपर्दछ । विदेशमा काम गरी अस्थायी रूपमा बस्ने नेपाली नागरिकहरूलाई पनि मतदान अधिकारको व्यवस्था गर्नपर्दछ ।

१०. जनआन्दोलनको भावना र मर्मअनुसार संविधानसभाको निर्वाचन अविलम्ब घोषणा गरी १ वर्षभित्र निर्वाचन गर्नुपर्दछ ।

११. राजतन्त्र र गणतन्त्रको फैसला संविधानसभासँगै जनमतसंग्रहद्वारा हुनुपर्दछ ।

१२. संविधानसभाले जनताको सार्वभौमिकता र स्वतन्त्रता, लोकतान्त्रिक संघीय गणतान्त्रिक राज्य प्रणालीको प्रत्याभूत गर्नुपर्दछ ।

१३. संविधानसभा सम्बन्धी प्रचारप्रसार तथा प्रकाशन सबै भाषाहरूमा गर्ने गराउने उचित व्यवस्थापन हुनुपर्दछ ।

१४. संविधानको अनुमोदन सहमतीय वा दुई तिहाई बहुमतीय प्रणालीद्वारा गरिनुपर्दछ । विशेषतः आदिवासी जनजातिको सवालमा सहमतीय प्रणालीद्वारा नै गरिनुपर्दछ ।

१५. राज्यको नीति निर्माण, निर्णयाधिकार र कार्यान्वयनको सबै तह र प्रक्रियाहरूमा आदिवासी जनजातिहरूको सहभागिता र समानुपातिक प्रतिनिधित्व हुनुपर्दछ ।

१६. संविधानद्वारा निर्माण गरिने संविधानले आदिवासी जनजातिहरूको आत्मनिर्णयको अधिकारलाई आत्मसात गर्दै जातीय प्रादेसिक स्वशानको आधारमा राज्यको पुनःसंरचनालाई प्रत्याभूत गर्नुपर्दछ ।

१७. जनताद्वारा चुनिएका सबै तहका प्रतिनिधि तथा सरकार प्रमुख, मन्त्रीपरिषदका सदस्य आदिलाई प्रत्याह्वानको संवैधानिक व्यवस्था हुनुपर्दछ ।

१८. जनआन्दोलनद्वारा पुनस्थापित संसदले गरेको धर्मनिरपेक्ष राज्यको घोषणालाई संवैधानिक रूपमा संस्थागत गर्नुपर्दछ ।

१९. राज्यले बहुभाषिक नीति अवलम्बनको संवैधानिक व्यवस्था गर्नुपर्दछ ।

२०. माथिल्लो सदनलाई अधिकार सम्पन्न जातीय सभा र तल्लो सदनलाई जनप्रतिनिधि सभा बनाउनु पर्दछ ।

२१. विद्यमान केन्द्रीकृत राज्यव्यवस्थाको अन्त्य गरी रक्षा, परराष्ट्र र मुद्रा प्रणाली केन्द्रको मातहत र शिक्षा, स्वास्थ्य, प्रादेसिक तथा स्थानीय सुरक्षा, प्रशासन, विकास, भाषा, संस्कृति, प्राकृतिक स्रोतसाधनको संरक्षण, परचालन आदिमा जातीय प्रादेसिक स्वशासनको क्षेत्रधिकारमा रहने व्यवस्था हुनुपर्दछ ।

२२ अर्न्तराष्ट्रिय श्रमसंगठन महासन्धि नं. १६९ लाई राज्यले तत्काल पारित गर्नुपर्दछ ।

२३. सयुक्त राष्ट्रसंघको आदिवासी जनजाति अधिकार सम्बन्धी मस्यौदा घोषणापत्र राज्यले अविलम्ब अनुमोदान गर्नुपर्दछ ।

२४. राज्यले अविलम्ब अगष्ट ९ लाई राष्ट्रिय पर्व घोषणा गर्नुपर्दछ ।

.....	.....
डा. ओम गुरूङ	**ईन्द्रबहादुर गुरूङ**
महासचिव	**संयोजक**
नेपाल आदिवासी जनजाति महासंघ	**आदिवासी जनजाति संयुक्त संघर्ष समिति नेपाल**

सम्पूर्ण आदिवासी जनजातिहरू एक होऔँ । आनो हकअधिकार प्राप्तिको लागि संघर्ष गरौँ ।

आदरणीय सम्पूर्ण आदिवासी जनजाति एवं न्यायप्रेमी दाजुभाइ, दिदीबहिनीहरू

आदिवासी जनजातिहरूले प्रतिगमन, निरंकुश राजत्रन्त्रका साथै राजतन्त्रको समुल अन्त्यको लागि ऐतिहासिक जनआन्दोलनमा महत्वपूर्ण भूमिका निभाएको व्यहोरा यहाँहरू सबैलाई अवगत नै छ । तर जनआन्दोलद्वारा निर्मित सरकारले आदिवासी जनजातिहरूको योगदानप्रति आँखा चिम्लदै र अवमूल्यन गर्दै तथा आदिवासी जनजातिहरूको मागलाई पूरै उपेक्षा गरिरहेको छ । जनआन्दोलनद्वारा पुनः स्थापित प्रतिनिधिसभाद्वारा पारित तथा विधायक संसदद्वारा २०६३ माघ १ गते अनुमोदन र जारी गरेको नेपालको अन्तरिम संविधान २०६३ ले पनि आदिवासी जनजातिहरूले उठाउँदै आएको प्रमुख माग राज्यको नीति निर्माण, निर्णय अधिकार र कार्यान्वयनका सबै तहहरूमा सहभागिता र समानुपातिक प्रतिनिधित्व, आत्मनिर्णयको अधिकारको सिद्धान्त र जातीय क्षेत्रीय स्वशासनको आधारमा राज्यको पुनःसंरचना, संघात्मक स्वरूपको लोकतान्त्रिक गणतन्त्रको स्थापना र संविधानसभामा समानुपातिक निर्वाचन प्रणालीका आधारमा समुदायगत समानुपातिक प्रतिनिधित्व जस्ता मुलभूत पक्षहरूलाई संवोधन गर्न सकेन । हामी आदिवासी जनजातिहरूले आनो माग र आन्दोलनलाई सभ्य र संयमरूपमा अगाडि बढाइरहेको सन्द्धर्भमा तराइमा मधेसी समुदायहरूबाट आन्दोलनको ज्वारभाटा नै उठ्यो । त्यसलाई साम्य पार्ने उद्देश्यले प्रधानमन्त्री गिरजाप्रसाद कोइरालाद्वारा दुई पटकसम्म राष्ट्रको नाममा गरेको संबोधनले आदिवासी जनज(ातिहरूले उठाउँदै आएको मुलभूत मागहरूलाई संबोधन गर्न नसक्नु खेदको विषय हो । त्यसकारण हाम्रो जायज मागहरूलाई लिएर नेपाल आदिवासी जनजाति महासंघसँग आवद्ध भएका तथा नभएका जातीय संघ संगठनहरूले संयुक्तरूपमा निम्नअनुसारको संघर्षका कार्यक्रमहरू घोषणा गर्दछौँ । हाम्रो माग पूरा गर्न र न्यायपूर्ण आन्दोलनलाई सफलताको विन्दुमा पुऱ्याउन सम्पूर्ण आदिवासी जनजातिहरू एकजुट भई आन्दोलनमा होमिनुको विकल्प छैन । संघर्षका कार्यक्रमहरूलाई सफल पार्न हरतरहले सहयोग र समर्थनका लागि सम्पूर्ण आदिवासी जनजाति दाजुभाइ दिदीबहिनीहरू एवं न्यायप्रेमी जनसमुदायमा जोडदार अपिल गर्दछौँ ।

हाम्रो मागहरू

१. आत्मनिर्णयको अधिकार र जातीय क्षेत्रीय स्वशासनको आधारमा राज्यको पुनःसंरचना र संघीय लोकतान्त्रिक गणतन्त्रको स्थापना हुनुपर्ने ।

२. संविधानसभामा जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व सुनिश्चित गर्न समानुपातिक निर्वाचन प्रणाली लागू गर्नुपर्ने ।

३. संविधानसभामा एक जातिको न्युनतम् एक जना सहभागी हुने गरी समुदायगत

प्रतिनिधित्वको व्यवस्था गनुपर्ने ।

४. राज्य संरचनाको विभिन्न तहमा जातीय जनसंख्याको आधारमा समानुपातिक प्रतिनिधित्व हुनुपर्ने ।

५. जाति, भाषा तथा भौगोलिक क्षेत्रको आधारमा जातीय, क्षेत्रीय स्वशासन स्थापना गर्नुपर्ने ।

६. संविधानसभामा ३३ प्रतिशत महिला सहभागी हुने व्यवस्थाअन्तर्गत आदिवासी जनजाति महिलाहरूको समानुपातिक प्रतिनिधित्व हुनुपर्ने ।

७. दल दर्ता गर्न दश हजार मतदाताहरूको व्यवस्था अव्यावहारिक, अलोकतान्त्रिक र अवैज्ञानिक भएकोले सो सर्त तत्काल खारेज गर्नुपर्ने ।

८. आदिवासी जनजाति, अल्पसंख्यक, क्षेत्रआदिको हकअधिकार प्राप्तिको लागि राजनीतिक उद्देश्य बोकी स्थापना भएको पार्टीले मान्यता पाउनु पर्ने ।

९. आठ राजनीतिक दलको सर्वसत्तावादको अन्त्य गर्नुपर्ने ।

१०. अन्तरिम विधायिका संसद र अन्तरिम सरकारमा आदिवासी जनजातिहरूको समानुपातिक प्रतिनिधित्व र सहभागिता हुनुपर्ने ।

११. धर्मनिरपेक्ष राज्यको भावना र मर्म विपरीत गाईलाई राष्ट्रिय जनावर र सिम्रिक रंगलाई राष्ट्रिय रंगको रूपमा मान्यता दिएकोले सो खारेज गर्नुपर्ने ।

१२. संविधानले एकल नेपाली भाषालाई सरकारी कामकाजको भाषा बनाएको विशेषाधिकारलाई खारेज गरी सरकारी कामकाजमा बहुभाषा नीति लागू गर्नुपर्ने ।

१३. नेपालको अन्तरिम संविधान २०६३ मा आदिवासी जनजातिहरूको हकअधिकार विपरीतका सबै धारा उपधारहरू खारेज गर्न नेपाल आदिवासी जनजाति महासंघ र आदिवासी जनजाति संयुक्त संघर्ष समितिले यस अघि विभिन्न समयमा बुझाएको संशोधन सुझावहरू समावेश गरी नेपालको अन्तरिम संविधान २०६३ अविलम्ब संशोधन गरिनुपर्ने ।

१४. अन्तर्राष्ट्रिय श्रम संगठन महासन्धि नं. १६९ लाई अविलम्ब पारित गर्नुपर्ने ।

१५. आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको उपाध्यक्ष र सचिवको नियुक्ति तथा कार्यकारी समितिको गठन अविलम्ब गर्नुपर्ने ।

१६. आदिवासी जनजातिहरूको संघ संस्थाहरूको कुनै परामर्श र सहभागिता विना आदिवासी जनजाति उत्थान राष्ट्रिय प्रतिष्ठानको जिल्ला समन्वय परिषद् गठन गर्न मिति २०६३/४/३ मा स्थानीय विकास मन्त्रालयद्वारा बनाइएको निर्देशिकाको खारेज गरी नेपाल आदिवासी जनजाति महासंघको परामर्श र सहभागितामा नया निर्देशिका बनाइनु पर्ने ।

१७. नेपालको राष्ट्रिय जीवनमा विशिष्ट योगदान पुऱ्याएका स्वर्गीय डा.हर्क गुरूङ्गलाई राष्ट्रिय विभूति घोषणा गरिनु पर्ने ।

१८. गत असोज ७ गते ताप्लेजुङ्ग हेलिकप्टर दुर्घटनामा परी दिवंगत हुनुहुने डा. हर्क गुरूङ्ग लगायत सबै गैरसरकारी व्यक्ति व्यक्तित्वहरूलाई सरकारले घोषणा गरेको रू. १०००००० ।- को क्षतिपूर्ति अविलम्ब दिनुपर्ने ।

१९. तराईमा चलेको जनआन्दोलनमा सहादत प्राप्त गर्ने जनजाति योद्धा श्री निर्मल राजवंशी र तल्लु हेमरम लगायत सो आन्दोलनमा सहादत प्राप्त गर्ने अन्य सबै व्यक्तिहरूलाई सहिद घोषणा गर्नुपर्ने र उनीहरूको परिवारलाई क्षतिपूर्ति दिनुपर्ने तथा आन्दोलनका घाइतेहरूलाई निःशुल्क उपचार गर्नुपर्ने ।

२०. प्रदीपकुमार राई 'व्याकुल माइला' द्वारा रचित राष्ट्रिय गानलाई तुरून्त स्वीकृति गर्नुपर्ने ।

◆◆

सन्दर्भ सामग्री

- **संघीयतामा प्रवेश**, जर्ज एन्डरसन, सङ्घहरूको मञ्च, अनुवादः संयुक्त राष्ट्र सङ्घीय विकास कार्यक्रमको संवैधानिक सल्लाह परामर्श एकाइ
- **समावेशी लोकतन्त्रका लागि संविधानसभा**, मानव अधिकार संरक्षण मंच/मानव विकास तथा शान्ति अभियान/मानव अधिकार तथा मानवीय कानून अभियान
- **नेपालमा लोकतन्त्र र संविधानसभा**– एक छलफल, नेपाल समसामयिक अध्ययन केन्द्र
- **नयाा संविधानका लागि मार्गचित्र** ?, यस घई तथा जिल कोट्रेल
- **संविधानसभा– वकालत/प्रशिक्षण पुस्तिका**, फोरिड र आर्एस्डिसी
- **निर्वाचन प्रणालीको प्रारुप** : अन्तर्राष्ट्रिय आइडीइएको नयाँ हातेपुस्तकको सिंहावलोकन, २०६३ फागुण
- **निर्वाचन प्रणालीको प्रारुप** : अन्तर्राष्ट्रिय आइडीइएको नयाँ हातेपुस्तक, जनवरी २००६
- **नेपालको अन्तरिम संविधान २०६३**
- **संविधान सभाको निर्वाचन** : पिछडिएको समुदायको सहभागीताको प्रश्न- एक अध्ययन, राम प्रसाद श्रेष्ठ
- **संविधानसभा हातेपुस्तिका**, भीमार्जुन आचार्य
- **समावेशी संविधानसभा र राज्यको पुनर्संरचना**, डा.महेन्द्र लावती
- **संविधानसभा प्रक्रिया र आदिवासी जनजाति दृष्टिकोण**, मल्ल के. सुन्दर
- **प्रशिक्षक प्रशिक्षणको निर्देशिका आदिवासी जनजातिका सवालमा कानुनी सचेतना, नेतृत्व विकास र जनवकालत**, डा. कृष्णबहादुर भट्टचन
- **राज्यको पुनर्संरचनाः आदिवासी जनजाति दृष्टिकोण राष्ट्रिय सम्मेलन– २८ र २९ अगष्ट २००५**, मल्ल के. सुन्दर, डा. केशवमान शाक्य, अर्जुन लिम्बु
- **कस्तो संघीय शासन प्रणाली** ?, चन्द्रकान्त ज्ञवाली, समय फागुन ११–१७, २०६३
- **मिश्रित निर्वाचन प्रणालीको चिरफार**, परशुराम तामाङ, मूल्याङ्कन फागुन २०६३
- **कस्तो चुनाव प्रणाली चुन्ने** ?, श्याम श्रेष्ठ, मूल्याङ्कन माघ २०६३
- **संघीय गणतन्त्र बनाउने उपाय**, परशुराम तामाङ, मूल्याङ्कन माघ २०६३
- **संविधानसभा : दलित एजेण्डा**, जे.बी. विश्वकर्मा, मूल्याङ्कन कार्तिक-मङ्सिर २०६३
- **धर्मनिरपेक्षताले खोलेको सम्भावना**, भिक्षु आनन्द, मूल्याङ्कन असार–साउन २०६३
- **आरक्षण होइन विशेषाधिकार**, परशुराम रम्तेल, मूल्याङ्कन जेठ–असार, २०६३
- **मधेश स्वायत्त गणराज्य हुनुपर्छ**, उपेन्द्र यादव, मूल्याङ्कन जेठ–असार, २०६३
- **राज्यको पुनः संरचनाको सवाल र समावेशी प्रजातन्त्र**, डा. महेन्द्र लावती, मूल्याङ्कन असोज २०६१
- **जनजातिको दृष्टिकोणबाट राज्यको पुनर्संरचनाका सवालहरू**, डा. कृष्णबहादुर भट्टचन, मूल्याङ्कन पुष २०६१
- **राज्यको पुनर्संरचनाको सवाल महिलाको दृष्टिकोणबाट**, रक्षा बस्याल, मूल्याङ्कन मंसिर २०६१
- **दलितको कोणबाट राज्यको पुनर्संरचनाको सवाल**, पद्मलाल विश्वकर्मा, मूल्याङ्कन भदौ २०६१
- **मधेसीको कोणबाट राज्यको पुनर्संरचनाको सवाल**, जयप्रकाश आनन्द, मूल्याङ्कन श्रावण २०६१
- **मुक्तिको खोजीमा तराईका दलित**, असर्फी सदा, मूल्याङ्कन मंसिर २०६१
- **स्वीस ढांचाको लोकतन्त्र**, श्याम श्रेष्ठ, मूल्याङ्कन, असोज २०६१
- **केन्याः यसरी गरियो संविधानसभा**, यश घई, मूल्याङ्कन, भदौ २०६१, अनुवादः अनिल भट्टराई
- **संविधानसभाबारे थप मूर्त प्रष्टता के केमा जरुरी छ** ?, प्रा. कृष्ण खनाल, मूल्याङ्कन श्रावण २०६१
- **वर्तमान राज्य -संरचनामा के कस्तो परिवर्तन आवश्यक छ** ?, डा. पीताम्बर शर्मा, मूल्याङ्कन माघ–फागुन २०६०